मानिलदा

श्री ५ को सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

- राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

ABHILEKHA

वर्ष १७ २०५६ पूर्णाङ्क १७

सम्पादक-मण्डल

प्रधान सम्पादक
सुश्री सानुनानी कंसाकार

सम्पादक
विष्णुकान्त शर्मा
जगन्नाथ उपाध्याय

प्रकाशक
श्री ५ को सरकार
युवा, खेलकूद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशन मितिः- २०५६ साल आश्विण १७ गते

प्रकाशित प्रतिः- ५००

मूल्य रू. :- २५।-

मुद्रक :- संकटा प्रेस,
ख १-८३ टेवहाल, काठमाडौं-३
☎ २३४४५७९, २२८२०८ (फ्याक्स)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

२०२४ सालमा स्थापना भएको राष्ट्रिय अभिलेखालय आजदेखि ३२ औं वर्षमा पदार्पण गरिरहेछ । यही उपलक्ष्यमा राष्ट्रिय अभिलेखालयको संग्रहमा आएका प्रशासनिक, ऐतिहासिक, सांस्कृतिक आदि सामग्रीहरूको जानकारी दिने मूल अभिप्राय बोकी 'अभिलेख' को सत्रौं अङ्क पाठक वर्ग सामु राख्न पाएको छु । यस अङ्कमा पनि लालमोहर, ताडपत्र तमसूक, ऐतिहासिक र अनुसन्धानमुलक रचनाहरू समावेश गरिएको छ । आशा छ 'अभिलेख' सबैमा अलिकति भएपनि अभिलेखहरूको महत्त्ववोध गराउन सफल हुनेछ ।

अन्तमा यस अङ्कमा रचना दिनु भई सहयोग गर्नु हुने सबै विद्वान् महानुभाव-हरूमा धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि सबैबाट सहयोग र सुझावहरू पाई नै रहने आशा राख्दछु ।

सुश्री सानुनानी कंसाकार
प्रमुख
राष्ट्रिय अभिलेखालय

मितिः- २०५६ । ६ । १७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय–सूची

	विषय	लेखक	पृष्ठ संख्या
१)	अमृतानन्द र उनका अभिलेख ग्रन्थ कृतिहरू	– डा. जनकलाल वैद्य	१
२)	भूर्जपत्र (भोजपत्र)	– हरिराम जोशी	११
३)	छिन्नमस्ता भगवती: एक चर्चा	– विष्णुकान्त शर्मा	१४
४)	सजाँय कार्यान्वयन सम्बन्धी दस्तावेज	– डा. त्रिरत्न मानन्धर	२५
५)	राष्ट्रिय अभिलेखालयका ताडपत्र ग्रन्थहरूको लिपिका आधारमा बर्गीकरण	– जगन्नाथ उपाध्याय	२९
६)	टौमढीका भैरव	– तीर्थलाल न:घ:भनी	४०
७)	पाटन खाछेंस्थित नृत्यनाथ मन्दिर	– प्रकाश दर्नाल	५२
८)	भूमि सम्बन्धी ताडपत्रहरू	– सिद्धिरत्न शाक्यभिक्षु	५६
९)	कौषी तोषाखानाबाट प्राप्त लालमोहर		८३
१०)	Results of the Seventh Phase of the Nepal-German Manuscript Preservation Project (NGMPP): Actual Achievements and Future Prospects	–Dr. Klaus-Dieter Mathes	१४३
११)	वार्षिक गतिविधि–		१४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक–परिचय

नाम	ठेगाना
१) डा. जनकलाल वैद्य	– प्राध्यापक, त्रिचन्द्र क्याम्पस, काठमाडौं
२) डा. विरत्न मानन्धर	– डीन, मानविकी संकाय, त्रि. वि. वि.
३) हरिराम जोशी	– शोधकर्ता, ललितपुर
४) तीर्थलाल नघःभनो राजभण्डारी	– " काठमाडौं
५) विष्णुकान्त शर्मा	– अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय
६) जगन्नाथ उपाध्याय	– अनुसन्धान अधिकृत, " "
७) प्रकाश दर्नाल	– पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग
८) सिद्धिरत्न शाक्य भिक्षु	– लिपि सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



अमृतानन्द रचित छन्दोमृत लताका पत्रहरु (पृ. १-३ मा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



ललितपुर भिंछेवहालको भजन अभिलेख ग्रन्थको पत्रमा अमृतानन्दको रचना (पृ. ८ मा)



आशा सफूकुथिको हनुमान नाटक नेपाल भाषानुवाद कृति, अमृतानन्दको (पृ. ८-९)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमृतानन्द र उनका अभिलेख ग्रन्थ कृतिहरू

–डा. जनकलाल वैद्य

ललितपुर ओकु वहालका बौद्ध पण्डित अभयराजको (ने. सं. ६८५ / वि.सं. १६२२ तिरको) वंशज असृतानन्दका (जन्म–मृत्युका साल मिति कुनै स्रोतबाट अद्यापि जानकारीमा आएको छैन) अभिलेख कृति रचनाहरू ने. सं. ९२०–९६५ (तदनुसार वि. सं. १८५७–१९०२) समयभित्रका पाइएका छन् । उनी आफ्नो समयको नेपालको अन्तरराष्ट्रिय लब्धप्रतिष्ठ बौद्ध पण्डित कवि थिए । उनले संस्कृतमा छन्द शास्त्र **छन्दोमृतलता** नामको अभिलेख ग्रन्थ लेखेका थिए । (राष्ट्रिय अभिलेखालयमा, छवि चित्र संख्या ए. ३५५/१५) संस्कृतमा प्रख्यात महाकवि अश्वघोष (प्रथम शताब्दी पूर्वार्द्ध तिरको) विरचित संस्कृत महाकाव्य **बुद्धचरितका** विलुप्त १४–१७ सर्गहरू मूलकै शैलीसित मिल्ने गरी रचेर उनले उक्त महाकाव्य पुनरुद्धार गरी पूर्णत्वको स्थितिमा पुऱ्याए । उनको **धर्म कोश संग्रह** (ने. सं. ९२६/ वि. सं. १८६३) ग्रन्थ बौद्ध धर्म विषयको उपयोगी पारिभाषिक कोश मानिएको छ । उनी नेपालको बौद्ध धर्म्म–दर्शन र नेपालका इतिहासका ज्ञाता थिए । उनी ने. सं. ९३५/वि.सं. १८७२ तिर भारतका बुद्धगया, सारनाथ र वाराणसीमा तीर्थ गएका थिए । सीही तीर्थ यात्रा अवसरमा बुद्धगयामा स्थापित बुद्ध पादुकाका प्रतिमालाई त्यहाँका विद्वान्हरूले विष्णु पादुका भनी परिचय गराइरहेको देख्ता सुन्दा उनले तत्कालै उक्त पादुका प्रतिमा विष्णु–पादुकाका होइन बुद्ध–पादुकाका हुन् भनी अर्थ विनिश्चयको प्रमाण दर्शाई शास्त्रार्थ गरी सम्झाइ दिएका थिए । त्यस पादुकाको रंगीन पौभाः चित्र ललितपुरको प्रख्यात पण्डित लिपि विशेषज्ञ हेमराज शाक्यसंग सुरक्षित छ । उहाँले उक्त बुद्ध–पादुका प्रतिमाको रङ्गीन पौभाः विषयको सचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संक्षिप्त विवरण पुस्तिका **श्री चरण पादुका** ध्वया छपा **पौभा**: ने. सं. १११२/वि.सं. २०५५ मा प्रकाशित गर्नु भएको छ । भाग्यवश, सोही पौभा:मा अमृतानन्दको चित्र पनि भेटिएको छ । पं. हेमराज शाक्यको कथनानुसार अमृतानन्दले उपर्युक्त श्रीपादुका शास्त्र प्रमाणद्वारा बुद्धकै पादुका हुन् विष्णुका पादुका होइन भनी विद्वान्हरू समक्ष शास्त्रार्थ गरेको तथ्य जानकारीमा आएपछि अमृतानन्सलाई नेपाल लैनचौर अवस्थित बृटिश राजदूतको कार्यालयमा उनको विद्वत्ता योग्यता सुहाउँदो रोजगार प्राप्ति भएको थियो । ने. सं. ९४४-९५१ / वि. सं. १८८१-१८८८ तिर समय-समयमा नेपालका लागि तत्कालीन बृटिश सरकारको असिस्टेन्ट रेजिडेन्ट, पोष्ट माष्टर र रेजिडेन्ट नियुक्त र पदोन्नति क्रमश: भएर आइबसेका ब्रायन हफ्टन ह्ज्सनको अनुसन्धान सहायक भई अमृतानन्दले काम गर्न पाएका थिए । त्यतिखेर उनले ब्राइन हफ्टन ह्ज्सनलाई स्वयम्भू, चाबहिल, बौद्धनाथ आदि ठाउँमा स्थलगत अनुसन्धान अध्ययन भ्रमणमा साथै गई ती ती ठाउँका परिचय दिएका थिए । त्यस्तो अनुसन्धानात्मक पर्यटकीय गाइड गर्नेमा अमृतानन्द नै पहिलो नेपाली हुन् भनेर पण्डित हेमराज शाक्यले चिह्नाइदिनु भएको छ । (शिवदेव संस्कारित रुद्रवर्ण महाविहार, ने. सं. १११४ / वि. सं. २०५१, पृ. १४०-१४१) । उनै यूरोपेली अन्वेषक विद्वान्लाई नेपाल भाषा र पर्वतीया भाषा (वर्तमान नेपाली भाषा) शिकाउन उनले **नेपाल भाषा व्याकरण** ग्रन्थ पनि लेखि दिएका थिए (**अमृतानन्दज् ग्राम्र**, ए. डी. १८३१) । स्मरणीय कुरा यो पनि छ, उनले ने. सं. ९२० / वि. सं. १८५७ तिर नेपाल उपत्यकामा आई बसेका तत्कालीन पाल्पाका राजा पृथ्वीपाल सिंह (सेन) उपत्यकाका केही शहरका टोलमा घुम्न जाँदा आ-आफ्ना घर दैलोमा उभिरहेका नेवार सुन्दरी तरुनीहरूले मीठो र नरम स्वरमा 'भाय् मसिया, भाय् मसिया' बोलिरहेका सुनेर ती पाल्पाली राजाको मनमा नेपाल भाषा शिक्ने इच्छा उत्पत्ति भएथ्यो । सोही इच्छा पूर्ति गरिदिन ती राजाको (किर्तिमान सिंह काजि मार्फत) आज्ञानुसार उनले संस्कृत भाषाको **हनुमान्नाटक** ने. सं. ९२० / वि सं. १८५७ मा मूलकै लय ध्वनिमा नेपाल भाषामा अनुवाद गरिदिएका थिए । अनुवादक ग्रन्थकारकै हस्ताक्षरको सो नेपाल भाषा हनुमान्नाटक अनुवाद कृति अहिले काठमाडौं नरदेवी स्थित **आशा सफू कुथि** संग्रहालयमा (रनिङ नं. २५५३, धल: ल्या: ११५) सुरक्षित रहेको छ ।

अमृतानन्दले आफ्नो नाम (परिचय) आफ्ना कृतिहरू मध्ये कुनैमा 'देवपानन्द' (देवताहरूको पेय पदारथ अमृत+आनन्द), कुनैमा 'श्रीधीरामृतानन्द,' नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषामा रचिएका उनका गीतहरूका भणिता वाक्यहरू मध्ये कुनैमा 'अमृत अनारी', कुनैमा 'अभागी', कुनैमा 'आखल आनन्द' (अक्षर आनन्द), कुनैमा 'अमृत' कुनैमा 'अनारी' र कुनैमा 'आनन्द' मात्र उल्लेख गर्ने गर्थे । ललितपुरको रातो मत्स्येन्द्र नाथको भजन अभिलेख ग्रन्थको (पत्राङ्क २६५को) "ब्रह्मा विष्णु रुद्ररुप लोकनाथ" शीर्षकको भक्ति गीतमा मात्र उनले आफ्नो पुरा नाम 'अमृतानन्द' उल्लेख गरेको देखिन्छ । ने. सं. ९३६ / वि. सं. १८७३ सम्मका भक्ति गीत रचनाहरूमा दैन्य भक्तिभाव बोधक 'अनारी' र 'अभागी' भनी उल्लेख गरेर उनले आफूलाई परिचित गराइरहेको पाइएकोले त्यतिखेरसम्मै उनको आर्थिक स्थिति नाजुक हुँदो हो । श्रीचरण पादुकाको परिचायक शास्त्रार्थ व्याख्यामा, बुद्ध चरित महाकाव्यको विलुप्त १४–१७ सर्गका पद्य रचनामा, छन्दोमृतलता छन्दशास्त्र ग्रन्थमा र धर्म कोश संग्रह ग्रन्थमा उनका तद्तद् विषय-क्षेत्रको प्रकाण्ड पाण्डित्य झल्किन्छन् त नेपाल भाषामा उनले रचेका भक्ति रचनाहरूमा जीवनमा उनले भोगेका दुःख दारिद्रय पीडाका मर्म स्पर्शी यथार्थ स्थिति दृष्टिगोचर हुन आएका छन् । सिनाज्या राग लयबद्ध उनको एक रचनामा उनको रसिक प्रकृति देखिन्छ ।

प्रस्तुत लेखमा विशेषतः उनका भक्ति स्तुति रचना बारेमा चर्चा गरिन्छ । उनका त्यस्ता रचनाहरू अहिले सम्म देखापरेका यस प्रकारका छन् –

१) कल्याण पञ्चविंशतिका नेपाली देवता स्तुति (ने.सं. ९६५),
२) भिछे बहाल ललितपुरको दाफा भजन अभिलेख ग्रन्थमा,
३) ओकु बहाल ललितपुरको दाफा भजन अभिलेख ग्रन्थमा,
४) ललितपुरको रातो मत्स्येन्द्र नाथको दाफा भजन अभिलेख ग्रन्थमा,
५) टक्सार टोल तानसेनको र टक्सार टोल भोजपुरका दाफा भजन अभिलेख ग्रन्थहरूमा पनि उनका भक्ति रचना संग्रहित भएका देखिन्छन् ।

अहिलेसम्म यस पंक्ति लेखकले गर्न भ्याइएका खोज शोधद्वारा उनका १४ जति भक्ति रचनाहरू भेटिएका छन् । ती भक्ति रचनाहरू मध्ये 'देवं मनुष्यं अनि याक....' ('स्तुतमपि....' संस्कृत स्तोत्रको अनुवाद रचना र 'अष्टमी व्रत कथा' स्व. चित्तधर 'हृदय' द्वारा सम्पादित प्रकाशित **नेपाल भाषा साहित्यया जातः** (ने. सं. १०९१ / वि. सं. २०२८, पृ. १६०–१६१) पुस्तकमा तथा उनका केही अन्य रचनाहरू स्व. ठाकुरलाल मानन्धरद्वारा संकलित **पुलांगु मे** (ने.सं. १०८८/ वि.सं. २०२५ मा प्रकाशित, पृ. ११–१३), डानियल राइटको **हिस्टोरी अफ् नेपाल** (सन् १९५८, पृ. १९१–१९२) र सीग्फ्रेड लीन हार्डको **नेवारी गीति मञ्जरी** (सन १९७४, पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३८) मा पनि प्रकाशित भएका छन् । पुलांगु मे मुनामा (ने. सं. ११०१ / वि.सं. २०३८, पृ. १६७, २४५ र ३२७) पनि उनका रचना प्रकाशित छन् । उनका समग्र रचनाका विषय–भूमि भक्ति, प्रशस्ति र शृंगारिक देखिन्छन् ।

भक्ति स्तुति–

उनका अधिकांश रचनाहरू यसै विषय–भूमि भित्र पर्छन् । ललितपुर भिछे वहालको दाफा भजन अभिलेख ग्रन्थमा नेवाराक्षर लिपिबद्ध 'नमस्कारि ईस्वरि श्रोबालकुमारी' शीर्षकको परम्परागत स्तुति शैलीको गीतमा ललितपुरको पूर्वस्थ प्रख्यात शाक्त उपास्य देवी बालकुमारीको रुप गुण र शौर्य वर्णन गरी कविले दैन्य भक्ति–भाव पूर्वक आत्मनिवेदन गरी विद्या वरदान पाउनलाई प्रार्थना गरिराखेका छन् । स्मरण रहोस्, उक्त बालकुमारी देवीको मन्दिरको ठिक पूर्वतिर केही पर ने. सं. ४३४ / वि. सं. १३७१ को शिलालेख सहित सरस्वतीको मन्दिर अद्यापि रहेको छ । कविले ती दुवै उपास्य देवीहरूलाई संयुक्त रुपमा लक्ष्य गरी उक्त स्तुति गीत रचेको हुनु पर्छ ।

राग केदार ।।प्र।।

नमस्कारि ईश्वरि श्रीबारकुमारि ।।
मयुरया पपुलिस तस्य निपा ग्वालि (पालि ?) ।।
नृत्य यास्य त्रिभुवनस मदु छि श्रो जोरि ।।१।।
कोति सुरजया जोति मदु छि श्रो जोरि ।।
परवसा कोति मजु छि तिसाया जोलि ।।२।।
न्यस्य हिरामोति तिखाप जरिजवाप सालि (जरि जडावत सारी) ।।
षनाश्रो छि [मुन्द] लि वैरि अति तमकारि ।।३।।
कंकालि कालिका पात्र जुल छि ग्वाहालि ।।
जोनाश्रो प्रहार यास्य गति छिगुलि ।।४।।
कततत हततत ह्लिस्य ह्लिस्य मारि ।।
मल्यनयो दयित्य गण सहस्र परिवार ।।५।।
विस्य बिस्यं श्रोना नं मजिल दिशा चालि ।।
ल्हा थोयाश्रो जि जुल भोकपुल छेमा घारि ।।६।।
ग्रहधारि महामाइ दको दुख तारि ।।
मनोरथ याक पुरि छोक स्वर्ग पुरि ।।७।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुर्खस थकालि गुनिकस कोकालि ।।
स्यवालप्य निपा पालि विद्या गुहारि ।।८।।
ल्हाकह्म थ्व अनारि अमृत अभागी ।।
कृपान भगतयात बिओ बरदान ।।९।।
कुह्मा ख्वाल मि दुवाल वरष नेपाल (ने. सं· ९३६) ।।
लाया पौष लाहा कु तिथि दंदचारि ।।१०।।

—भिछे बहाल दाफा सफू, पत्राङ्क ५९

यसमा उपास्य देवी बालकुमारीका गुण र शौर्य परम्परागत शैलीमा वर्णित छन् । भणिता वाक्यमा कविले दैन्य भक्तिभाव सूचक अनारी अमृत अभागी प्रयोग-द्वारा आफ्नो दारिद्रय अवस्था संकेत गरेका छन् र विद्या वरदान याचना गरेका छन् । यसबाट ने· सं· ९३६ तिर सम्मै कविको आर्थिक स्थिति नाजुक रहेको ज्ञात हुन्छ ।

ललितपुरको ओकु बहालको दाफा भजन अभिलेख ग्रन्थमा समाविष्ट शाक्य-सिंह बुद्ध भगवानप्रति भक्तिभाव अभिव्यक्त भएका नेबाराक्षर लिपिबद्ध उनका दुई स्तुति गीत देवनागरी लिप्यन्तर गरिकन नेपाली भावार्थ पाठ सहित यहाँ प्रस्तुत गरिन्छ ।

राग कोला ।। चो ।।

धन्यधाय भगवान शाक्यसिंह नाम दन गुण ज्ञानया निधान ।। धु ।।
त्रिभुवनस मदु समान उपकार निमितिन । बिज्यात तुषितान कपिलवस्तु थ्यन ।। १ ।।
नरपति शुद्धोद्धन अति शुद्ध कुल खन । माया देवीयाके चोन दशमास गर्भबास ।। २।।
लोकया सोय हतास विज्यात लुम्बिनी बनस । अनेक सिसाफल स्वान होल ।। ३ ।।
ह्मसखा प्याखन हुल हेरामोति वृष्टि जुल । ब्रह्मा आदि देव वल
वृक्षराजया थास ।। ४ ।।
मायादेवीया बेकोन जनम काल सुखन । लोकया जुल हर्ष बयान ।। ५ ।।
लोकाचार यात अन बालक जुया केन । सुन्दर सुयनिता लक्षण लाक ।। ६ ।।
मायादेवी स्वर्ग वन विवाहादि याय घुन । देवलोकन वोना यन थमन
चूडा ध्यन ।। ७ ।।
दुष्कर यात ध्यान मार जुल कम्पमान रे । बोधि मण्डपस चोन मार गण
वल अन रे ।। ८ ।।
अनेक तरहन प्रहार याना सन । वाकाल तया केन त्रिभुवन दुने खन ।। ९ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मारगण बिस्युं वन महाबोधि ज्ञान लात रे । मारगण भंग यात आकाशन
स्वान वा गात रे ।।१०।।
संसारया सुख जूल धर्म उपदेश जुल । ब्रह्मा विष्णु महेश्वर भोकपुल बारंबार ।।११।।
धन्य महाबुद्ध घाल संसार आनन्दन ल्हात रे । दोन थास क्षमा माल मिखा
ङा गु वर्ष जुल ।।१२।।

–ओकुबहाल दाफा अभिलेख ग्रन्थ, मेपु १२१

(**भावार्थः–** ज्ञान-गुणका खानी भएका प्रख्यात शाक्यसिंह बद्ध भगवान धन्य हुन् । त्रिभुवनभर अद्वितीय उपकार भएका उनी तुषिता भुवनबाट अवतरित हुन कपिलवस्तुका राजा शुद्धोधनको कुल योग्य छानेर रानी मायादेवीको गर्भमा दश महिनासम्म रहे । लुम्बिनी बनमा मायादेवीको गर्भबाट उनको जन्म भयो । त्यस वेला त्यहाँका रूख लहरामा फूल फुले, फल फले । मयूरादि चराहरू नाचे, गाए । त्यहाँ ब्रह्मादि देवगण र मनुष्य भेला भए । उनले अद्भूत बाल-लीला देखाए । मायादेवी स्वर्ग गइन् । बत्तीस लक्षण भएका तौ बालकको लालन-पालन र शिक्षा दीक्षादिको बन्दोबस्त गरिए । विवाहादि संस्कार सम्पन्न भए । पछि, दैव इच्छानुसार उनले राजभवन त्यागे । बनमा उनी घोर तपस्या गरिरहँदा मारगणले आक्रमण गरे । उनले मुख बाएर त्यसभित्र विश्वरुप दर्शाए । मारगण उपर विजय हासील गरी उनी बुद्ध भए । ब्रह्मादि देवहरूले आकाशबाट पुष्प अभिषेक गरे । उनले संसारलाई सुख आनन्द हुने धर्म उपदेश गरे । सबैले उनलाई धन्य बुद्ध भन्न लागे । मिखा (=आँखा=२) ङा (=पाँच) गु (नौ) अर्थात् ने. सं. ९५२ सालमा अमृतानन्दले यो स्तुति रचे । यसमा कतै भूलचूक भएमा क्षमा पाउँ ।)

यस भक्ति रचनामा कविले ललितविस्तर धर्म-ग्रन्थको आधारमा चरित्र नायक उपास्य शाक्यसिंह बुद्ध भगवानको समस्त जीवन वृतान्त र कृत्य संक्षिप्त वर्णन गरेका छन् । यसमा वर्णित उनले मुख बाएर त्यसभित्र विश्वरुप दर्शाउने प्रसङ्ग महाभारतको श्रीमद्भगवद् गीता अध्याय ११ मा श्रीकृष्णबाट अर्जुनलाई दर्शाइएको विश्वरुप दर्शन संस्मरण गराउँछ ।

राग जयश्री ।। ध्रु ।।

महाबुद्ध भगवान याहुने उद्धार ।।ध्रु।।
मध्यस श्रीशाक्यसिंह आनन्दन बिज्याक । बोधिसत्वपनि उयकाओ चोक ।।१।।
नितस मध्यस श्रीअमिताभ बुद्ध । बोधिसत्व गणसहितन महाशुद्ध ।।२।।
स्वतस श्रीचैत्यराज अति शोभामान । पञ्चबुद्ध बिज्यानाव अति देदिप्यमान ।।३।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्यतस श्रीवागीश्वर मण्डल सुन्दर । न्यातस श्रीधर्मधातु मण्डल सुन्दर ।।४।।
वज्रधातु मण्डल खुतस बिज्याक । चैत्याकार चूडामणि न्ह्यतस लाक ।।५।।
वज्रसत्व प्रमुखन ध्यानि बुद्ध लाव । नरबुद्ध दीपंकर प्रमुखन स्वव ।।६।।
समन्त सुभद्र वज्रपाणि रत्नपाणि । पद्मपाणि विश्वपाणि बोधिसत्वपनि ।।७।।
मैत्रेय बोधिसत्वपनिसेन सेवा याक । आनन्द आदि भिक्षुगण पूजापाठ याक ।।८।।
पृथ्वीमाता वसुन्धरा सरस्वती लक्ष्मी । सहितन देवीगण नास याक अलक्ष्मी ।।९।।
गणेश श्रीमहांकाल हनुमान वीर । हारति अजिमा परिवार थीर ।।१०।।
नागराजा वरुणादि यात कुंदस वास । लुकुंबहारस भैरव क्षत्रपाल हास ।।११।।
जमान्तक दशक्रोध इन्द्र लोकपाल । हाय हाय महाबुद्ध बुद्धगया साल ।।१२।।
अभयराज बुद्धजु श्रीजीवराज कीर्ति । ल्हाकह्म अमृतयागु विमति थिति ।।१३।।

--ओकुबहाल दाफा सफू, पत्राङ्क

र

टक्सार टोल तानसेन दाफा सफू, पत्राङ्क ८

(भावार्थः– महाबुद्ध भगवानले उद्धार गरुन् । ललितपुरको प्रख्यात महाबुद्ध मन्दिरको मध्य तलामा बोधिसत्व गणद्वारा परिवारित श्रीशाक्यसिंह बुद्ध भगवान आनन्दपूर्वक यिराजमान हुनुहुन्छ । दोश्रो तलाको बीचमा बोधिसत्व गण सहित श्रीअमिताभ बुद्धरहनु भएको छ । तेश्रो तलामा पञ्चबुद्ध सहित श्रीचैत्य शोभायमान छ । चौथो तलामा सुन्दर वागीश्वर मण्डल छ त पाँचौं तलामा सुन्दर धर्मधातु मण्डल छ । छैथौं तलामा वज्रधातु मण्डल, सातौं तलामा चैत्य आकारको चूडामणि छ । वज्रसत्व सहित ध्यानी बुद्ध गण र दीपंकर आदि नर बुद्ध गणको दर्शन गर्नुस् । साथै, समन्तभद्र, वज्रपाणि, रत्नपाणि, पद्मपाणि, विश्वपाणि, मैत्रेय आदि बोधिसत्वद्वारा सेवा गरिएका आनन्द भिक्षुगणद्वारा पूजापाठ गरी रिझाइएका तौ महाबुद्ध साँच्ची नै धन्य हुन् । त्यस मन्दिरको सेरोफेरो अलक्ष्मी नाश गराउने पृथ्वीमाता, वसुन्धरा, सरस्वती, लक्ष्मी, गणेश, महांकाल, वीर हनुमान, हारती मातृगण, र नागराजा छन् । लुकुँबहारमा भैरव क्षत्रपाल यमान्तक दशक्रोध, इन्द्र लोकपाल पनि छन् । यो महाबुद्ध चैत्य मन्दिर मेरा पूर्वज अभयराज र जीवराजका अमर कीर्ति हुन् । अमृतानन्दले विधिपूर्वक यो स्तुति निवेदन गर्छ ।)

यस रचनामा पूर्वजहरूले निर्माण गराएको ललितपुरको प्रख्यात महाबुद्ध चैत्य मन्दिरको वास्तुकलात्मक दिव्य स्वरुप वर्णन कविले गरेका छन् । उनको यो रचना संस्कृत-निष्ठ, विषयपरक, सरल, सुबोध हुनुका साथै प्रसाद गुणयुक्त छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस रचनाले उपास्यप्रति भक्तिभाव जगाउन सक्छ । (यस मन्दिरको पूर्ण जानकारीका लागि श्री पं. हेमराज शाक्य लिखित महाबुद्ध मन्दिर संक्षिप्त इतिहास, ने. सं. ११०८ हेर्नु भए हुन्छ।)

कविले आफ्नो दुःखमय जीवनको मार्मिक एवं कवितात्मक अनुभूति अभिव्यक्ति भिछे बहाल ललितपुरको दाफा भजन अभिलेख ग्रन्थमा संग्रहित नेवाराक्षर लिपिबद्ध आत्मपरक एक गीत रचनामा यस्तो पाइएको छः–

राग आशावरी ॥ज॥

न्यहुन्ये न्यहुने श्रीभगवान जिगुलि विनति ॥
गुबलेत घन दत महाधीर इष्ट ॥ थओ थिथी अति २ प्रीति हेति हेति गति ॥१॥
वाउँ हल मदु सिमा सकल विरोध ॥ लंख मदु पुखुलिस मिखा भाव मदु ॥२॥
सुचन्द्रया दरिद्रया क्षेमा अपराध ॥ छु ख्वालस लुओ २ सिखलन पूजा याय ॥३॥
ल्हाकह्म अमृतया तः बिहुन्ये अमृत ॥ दरिद्रया ओले चोले अनादर सोओ ॥४॥
–भिछे बहालको दाफा अभिलेख, पत्राङ्क ६५

(भावार्थः– हे भगवान, मेरो विन्ती सुन्नु होस् । मसंग घनदौलथ भएमा मेरा इष्ट-मित्र र नाता-कुटुम्ब सबका सब बडा धीर हुन्छन् (अर्थात् देखी नसक्ने र इर्ष्यालि जलिरहेका हुन्छन् !) उनीहरूले प्रेम पूर्वक (लोकाचार दर्शाउन मात्र) मेरो भलो चिताउँछन् । हरिया पात (फूल र फल नलागेको !) रूख-विरुवालाई कसले पो वास्ता गर्छ र ! पानी नभएको पोखरीमा (र नदीमा, धारोमा) कसले पो हेर्छ र ? भक्त सेवक सुचन्द्र ग्रहपति नामक एक जना गरीवले अपराध गरेकोमा माफी पाउँदो रहेछ । उनको देखासिकी गरी म कुन मुखले प्रभुको पूजा सेवा गर्न सक्छु र ? हेर्नुस् न, यस दरिद्रलाई रहँदा बस्दा समाजमा हरवखत अवहेला गरिन्छ । यस निवेदक भक्त अमृत (अमृतानन्द) लाई आफ्नो जीवन उद्धार र अमर कीर्ति राख्न सक्ने अमृतमय सद्बुद्धि दिनुहोस् ।)

उपर्युक्त रचनामा कविले आफू भौतिक धन वैभव नभएर निर्धन भए ताका आफूलाई अवहेला गर्ने तथाकथित इष्ट-मित्र नाता-कुटुम्बहरूको कुव्यवहार कुनीयत उपर घारिलो व्यङ्ग्य प्रहार गरेका छन् । व्याजस्तुति अलङ्कार 'महाधीर' (=अति नै धीर; महा+अधीर अर्थात् देखी नसहने भनौं अथवा उन्नति गरेको सुईको पाउँदा इर्ष्यालि जल्ने भन्ने भाव बोध हुन्छ) प्रयुक्त कविको यो उद्गार कवितात्मक, कलात्मक र शिष्ट देखिन्छ । यसबाट विपत्ति कालमा परेका कविको सहनशीलता पनि देखिन आएको छ । आफ्नो शैक्षिक योग्यता, विद्वत्ता र कृतित्वद्वारा आफ्नो नाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुहाउँदो अमरता प्राप्ति गर्ने कविको आकांक्षा पनि अभिव्यक्तिएको छ । यसरी प्रस्तुत रचनामा आत्मपरक कविताको लक्षण उज्यालिएको छ ।

ललितपुरको रातो मत्स्येन्द्रनाथको जावलाखेलमा सुसम्पन्न हुने भोटोजात्रा सकिएपछि श्रीलाई खतमा राखी बुङ्गमतिमा लगिन्छ । त्यसको लगतैपछि नेपाल उपत्यकामा वर्षा याम शुरु भइसकेको हुन्छ । वर्षा याममा धान रोप्ने बेलामा किसानहरू सिनाज्या अर्थात् रोपाइँ गीत गाउँदै रमिता गर्छन् । तलको गीत रचनामा उपास्य श्रीप्रति भक्तिभाव र कवि अमृतानन्दको रसिक कविव्यक्तित्व झल्किन्छः–

राग सिनाज्या

ब्रह्मा विष्णु रुद्र रुप लोकनाथ ।।
स्वगुलि लोकन वसे पुरजन [न] रथ सासे न्ह्यातकलं ।।
यात घुनकाव खतस थनाव अमरापुरी बिज्यातकलं ।।१।।
जुल बलिखा बेल वा पिये तेल घका नागन जल थल जुयकलं ।।
अपसरापनिसे आकाश मार्गन वा गातकाओ अति रसतालं ।।२।।
मनुष्यजनपनिसेन मनया रसन सिह्नाज्या यात हरषनं ।।
पुरुषपनिसेन जुवतिजन स्वसे लवाल म्हुतु तस्य बोल बिलं ।।३।।
मिखान इसे स्वसे लंषन थिथि होसे कामया बलान मोह जुल ।।
थिथि रस स्वसे नाथया लीला स्वसे अमृतानन्दन थो ष ल्हाल ।।४।।

–बुंगद्यो भजन अभिलेख ग्रन्थ, पत्राङ्क २६५

(भावार्थः– मत्स्येन्द्रनाथ अर्थात् लोकनाथ ब्रह्मा विष्णु रुद्रका रूप हुन् । तीनै शहरका –कान्तिपुर, ललितपुर र भक्ततुर– भक्तजनले श्रीको रथ यात्रा गर । जावलाखेलमा भोटो देखाउने जात्रा सिद्धिएपछि श्रीलाई खतमा राखी अमरापुरी बुङमतिमा लगियो । वर्षायाम पनि शुरु भयो । नागराजाका कृपाले खेतखेत जलपूर्ण भयो । अप्सराहरूले आकाशबाट पानी वर्षाए । युवायुवति परस्पर मिलेर हिलोपानी छ्यापेर, मायापिरतिका गीत गाएर र ख्यालठट्टा रमिता गर्दै रोपाइँ गरे । अमृतानन्दले रोपाइँमा हुने शृंगारिक लीला हेर्दै रमाउँदै यो गीत रचेका हुन् ।)

प्रशस्ति गीत–रचना कृति

उनले रचेका प्रशस्ति गीत रचना उनको अनुवाद ग्रन्थ कृति हनुमान्नाटकमा परेको छ । त्यसबेला नेपाल उपत्यकामा आई बसिरहेका तत्कालीन (ने. सं. ९२० तिर) पाल्पाली राजा पृथ्वीपालसेनको नेपाल भाषा शिक्ने उद्देश्य पूर्तिका निमित्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवाद गरिदिएका हनुमान्नाटक कृतिको समाप्ति अंशमा उनले राजा पृथ्वीपालसैन-लाई माणिक जडिएका मुकुट पहिरेका नारायण जस्तो, कल्पवृक्ष जस्तो दानी, पूर्णचन्द्र झैं कीर्ति-ज्योति भएका, कामदेव समान रुपवान, युधिष्ठिर समान सत्य-वादी, सूर्य समान तेजिला भनी परम्परागत उपमा अलङ्कारले सजाई प्रशस्ति गाइएको छ ।

अनुवाद कृतित्व

उनले चरपति पादका संस्कृत 'स्तुतमपि....' स्तोत्र र हनुमान्नाटक ग्रन्थ नेपाल भाषामा मूलकै छन्द लय ध्वनिसंग मेल खाने गरी सफल अनुवाद गरेका थिए । उनको अनुवाद कृतिमा आफ्नै जातीय सभ्यता संस्कृतिको पुट दिने कुशलताको साथै नेपाल भाषा जान्न इच्छुक सम्बन्धित विदेशी विभाषी विद्वान् पाठकलाई र संस्कृत नजान्ने नेपाली पाठकलाई मूलकै ध्वनि र रसास्वादन गराउने किसीमले बोधगम्य तुल्याउने सीप देखिन्छ । उनले आफ्नो मौलिक रचनाहरूमा र अनुवाद रचनामा धेरै प्रचलित संस्कृत तत्सम शब्दहरू सूर्य, चन्द्र, कामदेव जस्ता विशेष नामका पनि 'निभाः द्यो', 'तोयु मिला', 'काम द्यो' भनी नेपाल भाषामा अनुवाद गरी प्रयोग गरेका छन् । हनुमान्नाटकको एक श्लोकको नेपाल भाषा अनुवाद दृष्टान्त स्वरुप यहाँ प्रस्तुत गरिन्छः—

कार्येषु मन्त्री करणेषु दासी । धर्मेषु पत्नी क्षमया धरित्री ।।
स्नेहेषु माता शयनेषु वेश्या । शय्या सखी लक्ष्मण सा प्रिया मे ।।५५।।

नेपाल भाषामा यसको अनुवाद यसरी गरेका छन्:—

कार्येस काजनी चाकरीस भ्वार्ति धर्मे सती क्षमा क्षमा यायेस पृथ्वी ।।
स्नेहेस माम थ्यें रति भोग वेश्या लासा पासा लक्ष्मण जी कलात थ्व ।।५५।।

'शय्या सखी' लाई नेपाल भाषामा 'लासा पासा' अनुवाद गरेकोमा जातीय रसिकता र सिर्जनामूलक शब्दचयन सीप झल्कन्छन् ।

वस्तुतः प्रकाण्ड विद्वान् पण्डित कवि अमृतानन्दको कृति रचनामा भाव-पक्ष भन्दा उनको पाण्डित्य विद्वता बढी ओजनदार देखिन्छन् । उनमा रसिला गीत रचना गर्ने अभिरुचि भएपनि र अभ्यासरत भएपनि छन्द शास्त्रीय 'मसं मासं कुर्यात् छन्दो भंगम् न कुर्यात्' नियमको कट्टर अनुयायी भएकाले त्यति श्रुति माधुर्य गुण उनका रचनामा छैन । ज्यादै विषयनिष्ठ र वर्णनात्मक भए पनि उनका स्तुति रचनाहरू महायानी बौद्ध समाजमा लोकप्रिय छन्, प्रतिष्ठित छन्, प्रभावशाली छन् ।

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूर्जपत्र (भोजपत्र)

-हरिराम जोशी

लेखन सामग्रीको रुपमा प्राचीनकालदेखिनै विभिन्न पदार्थहरू व्यवहृत थिए । ती सामग्रीहरूमध्ये प्रमुख सामग्रीहरूको रुपमा निम्नलिखित सामग्रीहरूलाई लिन सकिन्छ ।– १. शिला २. इष्टिका ३· भूर्ज ४. ताउ ५. काष्ठ ६· सूती कपडा ७. कागज ८. चर्म ९· धातु । ती सामग्रीहरू देशका सबै भागमा समान रुपले सुलभ नहुने हुँदा ती सामग्रीहरूमध्ये जुन सामग्री जुन क्षेत्रमा सुलभ हुने हुन्छ त्यस सामग्री-को सो क्षेत्रमा बढी मात्रामा प्रयोग हुने हुन्छ । उदाहरणको जागि भूर्जपत्रको उत्पति हिमाली प्रदेशमा भएको हुँदा प्रारम्भमा उत्तर पश्चिमी भारतमा यसको प्रयोग भएको थियो । हिमालयको प्रसार पश्चिममा मध्येशिया अफगानिस्तानदेखि पूर्वमा बर्मा, थाइलैण्डसम्म थियो । फेरि, उत्तर पश्चिम भारत खिष्टाब्द भन्दा हजारौं वर्ष पहिलेदेखि नै शिक्षाको केन्द्र थियो । यहाँको तक्षशिला विश्वविद्यालय खिष्टाब्द प्रारम्भ हुनुभन्दा पहिलेनै विश्वविख्यात थियो, जसको कारण यो थलोमा सर्वप्रथम अत्यधिक मात्रामा प्राप्त हुने भूर्जपत्रको प्रयोग भएको देखिन्छ । भूर्जपत्रमा लेखेका हस्तलिखित ग्रन्थहरूमध्ये सबैभन्दा प्राचीन ग्रन्थ नै खोतानबाट प्राप्त भएको थियो, जसबाट उपर्युक्त कुरोको पुष्टिमा टेवा मिल्छ । पछि नेपाल एवं भारतका अन्य भाग तथा मध्येशियामा यसको प्रसार भयो ।

उपर्युक्त विभिन्न लेखन सामग्रीहरूमध्ये भूर्जपत्र पनि एक भएको कुरा माथि वर्णित भइसकेको छ । यसको लेखन सामग्रीको रुपमा प्रयोग ऐतिहासिक दृष्टिले कमसेकम खिष्टाब्द पूर्व चारौं; पाँचौं शताब्दी ई. देखि नै भएको थियो । चारौं शताब्दी ई. पू· का ग्रीक इतिहासकार कर्टियस यस कुराको साक्ष्य स्वरुप छ । यिनले तत्समय भारतमा रूखका बोक्रामा पत्र लेख्ने चलन चलेको कुराको उल्लेख गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ । कर्टियसका उल्लेखबाट स्पष्ट हुन्छ कि त्यस समय लेखन कार्यमा भूर्जपत्रको प्रयोग समाजमा गरिन्थ्यो । यसरी ग्रीक इतिहासकारको उपर्युक्त उल्लेखले लेखन कार्यमा भूर्जपत्रको प्रयोगको प्राचीनता स्पष्टिन्छ ।

महाकवि कालिदासकृत कुमार सम्भवम् महाकाव्यमा लेखन सामग्रीको रुपमा भूर्जपत्रको उल्लेख पाइन्छ । कालिदासले भूर्जपत्रलाई विद्याधर सुन्दरीहरूद्वारा प्रेम पत्र लेख्ने कार्यमा उपयोग गरिने कुराको वर्णन गरेको छ ।

"न्यस्ताक्षरा धातुरसेन यत्र भूर्जत्वचः कुञ्जरविन्दुशोणाः ।
व्रजन्ति विद्याधरसुन्दरीणामनङ्गलेखक्रियबोपयोगम् ॥"

-कुमार सम्भवम् १.७

अमरकोशमा भूर्जको उल्लेख वनौषधिवर्गमा आएको छ र सो कोशले भूर्जका तीन ओटा नाम भएको कुरालाई दर्शाएको छ । ती तीन नाम हुन्- १. भूर्ज २. चर्मिन् ३. मृदुत्वक् ।

'भूर्जे चर्मि-मृदुत्वचौ ।'

-अमरकोश २.४.४६

उत्तरी बौद्ध औ ब्राह्मण संस्कृत ग्रन्थहरूमा लेखन सामग्रीको रुपमा भूर्जपत्रकै प्रयोग गरिने गरेको कुराको अक्सर वर्णन पाइन्छ । भूर्जलाई लेखन नाम पनि दिइएको थियो जसबाट लेख्य सामग्रीको रुपमा पहिलेदेखिनै यसको खास मान्यता रहेको तिर स्पष्ट रुपले इङ्गित भएको छ ।

भूर्जपत्रमा लेखेका अहिलेसम्मन् प्राप्त सबैभन्दा प्राचीन हस्तलिखित प्रति खोतानबाट प्राप्त भएको कुरा माथि वर्णित भइसकेको छ । ईशाको दोश्रो, तेश्रो शताब्दीताका खरोष्ठी लिपिमा लेखेको उक्त ग्रन्थ बौद्ध धम्मपद रहेको छ । यसपछि चारौं शताब्दी ई. मा लेखिएको संयुक्तागम नामको ग्रन्थलाई लिइन्छ । उपर्युक्त समयतिरकै अफगानिस्तानस्थित एक स्तूपबाट मैसनलाई प्राप्त हुन आएको डोरीले बाँधेको भूर्जपत्रमा लेखेको अभिलेख पनि यहाँ स्मरण योग्य छ । यसपछिका बाबर तथा गाउफे संग्रहका हस्तलेख लगभग छैठौं शताब्दी ई. का हुन् । त्यस हस्तलिखित ग्रन्थका पाना ताडपत्रका आकारका छन् । ताडपत्रकै भाँति ती पानाहरूलाई बाँध्नुको लागि बीचमा प्वाल पारेका छन्, जसमा धागो पठाई पानाहरूलाई बाँध्ने गरेको हुनुमा सम्भावनाकै आधिक्य छ । बख्शाली अंकगणितका हस्तलेख आठौं शताब्दी ई. का हुन् । भूर्जपत्रमा लेखेका यी प्राचीन हस्तलिखित ग्रन्थहरू बालुवा तथा ढुङ्गामुनी गाडिएका थिए, जसको कारण ती हस्त लेखहरू सुरक्षित रहे, जबकि ती ग्रन्थकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समकासीन अन्य हस्तलेखहरू समयको अन्तरालमा विनष्ट भएर गए। भूर्जपत्रमा लेखेका पन्ध्रौं एवं त्यसपछिका शताब्दीका हस्तलिखित प्रतिहरू काश्मीरमा पाइएका छन्। ती ग्रन्थहरू हिजो-आज पुना, लण्डन, अक्सफोर्ड, भियना, बर्लिन आदिका पुस्तकालयहरूमा सुरक्षित छन्। अहिले पनि नेपाल, काश्मीर, उडीसा तथा भारतका अन्य भागहरूमा धूर्जपत्रमा लेखिएका अनेकौं हस्तलिखित प्रतिहरू पाइन्छन्।

भूर्जपत्रको प्रयोगवारे सबैभन्दा विस्तृत वर्णन अल्बेरुनीले आफ्नो 'भारत' नामक ग्रन्थमा गरेको छ। मध्य र उत्तरी भारतमा मानिसहरू 'तुज' रूखका बोक्राको प्रयोग लेखन कार्यमा गर्दछन्, जसलाई भूर्ज भनिन्छ। लेखन कार्यमा प्रयोग गर्नको लागि सो बोक्रालाई मजबूत र चिल्लो बनाउन त्यसमा तेल र पालिश लगाउँछन्। पछि चौधौं, पन्ध्रौं शताब्दी ई. मा लेखन सामग्रीको रुपमा कागजको अत्यधिक मात्रामा प्रचार हुन लागेपछि भूर्जपत्र तयार गर्ने कला लुप्त भएर गयो। तैपनि नेपाल एवं भारतका विभिन्न स्थानहरूमा भूर्जपत्रमा लेखेका पुस्तकहरू अझै पनि प्रशस्त मात्रामा पाइन्छन्। फेरि, भूर्जपत्र पुस्तकहरू लेख्नुको साथै चिट्ठीहरू लेख्ने कार्यमा पनि प्रयोग पहिलेदेखि नै गरिंदै आइरहेको कुरा लौकिक संस्कृत ग्रन्थहरूको अतिरिक्त अल्बेरुनीका कृतिले स्पष्टतः दर्शाईरहेका छन्। महाकवि कालिदासले विद्याधर सुन्दरीहरूद्वारा प्रेमपत्र लेख्ने कार्यमा भूर्जपत्रको उपयोग गरिने गरेको कुरा माथि वर्णित भइसकेको छ, जसबाट उपर्युक्त यथार्थताको स्पष्ट रुपले खुलाशा हुन्छ।

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छिन्नमस्ता भगवतीः एक चर्चा

–विष्णुकान्त शर्मा

हामी हिन्दू धर्मावलम्बी नेपालीहरू पृथ्वीलाई नै आमा मान्दछौं, जन्मभूमीलाई आमा मान्दछौं र सम्पूर्ण जगतमा नै मातृशक्ति विराजमान भएकी छन् भनी पूर्ण विश्वासका साथ दैवी शक्तिको उपासना गर्दछौं। यसरी हाम्रा विश्वासका कारण नै सप्तमातृका, अष्ठमातृका, नवदुर्गा, नवगौरी, नवकौमारी, चौवीसदेवी, दशमहाविद्या आदि अनेकन मातृशक्तिको हामी उपासना गर्दछौं र यिनको चर्चा गरेर कहिल्यै थाक्दैनौं।

माथि उल्लेखित सबै मातृशक्तिको चर्चा यस छोटो लेखमा समावेश गर्न नसकिने भएकाले यहाँ केवल दशमहाविद्याको छोटो चर्चा र त्यसभित्रकी एक विद्या "छिन्नमस्ता" को केही विस्तृत रुपमा चर्चा मात्र गरिएको छ। यस लेखको आसय पनि छिन्नमस्ता भगवती बारे पाटकहरूलाई जानकारी दिनु रहेको छ।

छिन्नमस्ता भगवतीको चर्चा गर्न परेपछि दशमहाविद्याको चर्चा गर्नु अति आवश्यक हुन आउँछ। किनकि, दशमहाविद्याको उत्पत्ति कथा नै छिन्नमस्ता भगवतीको पनि उत्पत्ति–कथा हो र यो कथा यस्तो छ।–

दक्षप्रजापतिले गरेका अश्वमेघ यज्ञमा आफ्ना सम्पूर्ण तेत्तीसकोटि छोरी-ज्वाईं, देवी–देवतागण, ऋषि–मुनिगण, दैत्य, नाग, अप्सरा आदि सम्पूर्ण लोकलाई दक्षप्रजापतिले उक्त यज्ञमा उपस्थित हुन निमन्त्रणा गरे तर जेठी छोरी–ज्वाईं सतीदेवी र श्रीमहादेवलाई डाकेनन्। यस अपमानलाई श्रीमहादेवले भने सहजभावले स्वीकार गरे तर सतीदेवीले भने आफ्नो पिताले गरेको त्यस अपमानलाई ज्यादै ठूलो अपराधको रुपमा लिइन्। साथै श्रीमहादेवको उपस्थित विना उक्त यज्ञ अपवित्र तथा अपूर्ण हुने कुरा समेत गरिन् तर श्रीमहादेवबाट यस कुरामा कुनै प्रतिक्रिया व्यक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नगरी चुपचाप वसेको देखि सतीदेवी ज्यादै नै क्रुद्ध भइन् र यस विषयलाई लिएर श्रीमहादेब र सतीदेवी बीच समेत ठूलो विवाद पैदा भयो। सतीदेवीले धर्म र नीतिमा अडिग भएर ज्यादैनै तिखो र तीतो सत्य-वचन बोलिन् र श्रीमहादेव उक्त वचनको प्रहारले गर्दा आतङ्कित र नाजवाफ हुन पुगे।

तिनै तिखो र तीतो सत्य वचनहरू नै महाबिद्याका रुपमा प्रकट भए। सती-देवीले व्यक्त गरेका थुप्रै-थुप्रै महाविद्याहरू यस ब्रह्माण्डमा छन् तर मुख्य रुपमा दश महाविद्या नै प्रचलनमा छन्। यिनै महाविद्याहरू देवीको रुप धारण गरेर दशै दिशाबाट श्रीमहादेवलाई घेरेर बसेका छन्। ती यस प्रकार छन्:–

पूर्वतर्फ काली, पश्चिमतर्फ बगलामुखी, उत्तरतर्फ भुवनेश्वरी, दक्षिणतर्फ छिन्न-मस्ता, वायण्य कोणतर्फ मातङ्गकन्या, आग्नेय कोणतर्फ धूमावती, नैऋत्य कोणतर्फ त्रिपुरासुन्दरी, इशान कोणतर्फ षोडशी, माथि पट्टि तारा र तलपट्टि भैरवी छन्।

यसरी दश महाविद्याको रुपमा काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला प्रख्यात भइन्। साथै बिभिन्न विद्वानहरूले काली (महाकाली) र तारालाई महाविद्या षोडषी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता र धूमावतीलाई विद्या र मातङ्गी र बगलामुखीलाई सिद्ध विद्या भनि उल्लेख गरेको पनि पाइन्छ।

विभिन्न तन्त्रले दश महाविद्याको नाम यसरी दिएको पाइन्छ।–

क) **चामुण्डा तन्त्र अनुसार**– १) काली २) तारा ३) षोडशी (त्रिपुर सुन्दरी) ४) भुवनेश्वरी (राजराजेश्वरी, श्रीविद्या, ललिता) ५) छिन्न-मस्ता ६) भैरवी (त्रिपुर-भैरवी) ७) धूमावती (अलक्ष्मी) ८) वगला (बगलामुखी) ९) मातङ्गी १०) कमला (लक्ष्मी)।

ख) **बृहद् धर्मपुराण अनुसार**– १) काली २) तारा ३) षोडशी ४) भुवनेश्वरी ५) भैरवी ६) छिन्नमस्ता ७) धूमावती ८) बगलामुखी ९) मातङ्गी १०) सुन्दरी।

ग) **मालिनी विजय अनुसार**– १) काली २) नीला ३) महादुर्गा ४) त्वरिता ५) छिन्नमस्तका ६) वाग्वाहिनी ७) अन्नपूर्णा ८) प्रत्यङ्गिरा ९) कामाख्या वासिनी वाला १०) मातङ्गी शैलवासिनी।

घ) **तन्त्रतिन्त्वामणी अनुसार**– १) श्यामा २) तारा ३) प्रचण्ड चण्डिका(छिन्नमस्ता) ४) श्री ५) भैरवी ६) महालक्ष्मी ७) मातङ्गी ८) भुवनेश्वरी ९) धूमावती १०) बगला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ङ) शक्ति संगमतन्त्र अनुसार– १) काली २) तारा ३) छिन्ना ४) सुन्दरी ५) बगल ६) मातङ्गी ७) लक्ष्मी ८) श्यामला ९) सिद्ध विद्या भैरवी १०) धूमावती।

च) गुह्यातो गुह्यतन्त्र अनुसार– १) कालिका २) तारिणी ३) छिन्नमस्ता ४) भूवनेश्वरी ५) सुन्दरी ६) धूमावती ७) वाला ८) भैरवी ९) महालक्ष्मी १०) दुर्गा।

तोडल तन्त्रको प्रथम पटलमा दश महाविद्यासंग भैरवको सम्बन्ध यसरी राखेको पाईन्छ।– १) काली– महाकाल भैरव २) त्रिपुरासुन्दरी– ललितेश्वर भैरव ३) तारा– अक्षोभ्य भैरव ४) छिन्नमस्ता– विकराल भैरव ५) भूवनेश्वरी– महादेव भैरव ६) धूमावती– काल भैरव ७) महालक्ष्मी– नारायण भैरव ८) भैरवी–वटुक भैरव ९) मातङ्गी– मातङ्ग वा सदाशिव भैरव १०) बगलामुखी– महा मृत्युञ्जय भैरव ।

यसै गरी शिवपुराण र स्कन्द पुराणमा वर्णन गरिए अनुसार भगवान शिवजीका दश अवतारसंग पनि दश महाविद्याको सम्बन्ध गाँसिएको पाईन्छ।– १) महाकाल– महाकाली (काली) २) तार (अक्षोभ्य)– तारा या तारेश्वरी ३) षोडश (पञ्चवक्त्र)– श्री विद्या या विद्येश्वरी ४) वाल भुवनेश (त्र्यम्बक)– भूवनेशी या भूवनेश्वरी ५) भैरव (दक्षिणामूर्ति)– भैरवी या त्रिपुर भैरवी ६) छिन्नमस्तक (कवन्ध)- छिन्नमस्ता या कवन्धिका ७) धूमावान्- धूमावती ८) मातङ्ग- मातङ्गिनी ९) वगलामुख (एकमुख–महारुद्र)– बगलामुखी १०) कमल (सदाशिव श्रीविष्णु,– कमला या महालक्ष्मी ।

कतै-कतै धूमावतीलाई विधवा मानि यी देवीको पुरुष–शिवको उल्लेख गरेको पाईदैन।

माथि वर्णन गरिएका दश महाविद्यालाई १) महाकाली २) महालक्ष्मी ३) महासरस्वती गरी तीन प्रधान महादेवीमा समाहित गरिएको पाईन्छ । तिनीहरूको स्वरुप यस प्रकार रहेको छ :–

१) **महाकाली**– खड्ग, चक्र, गदा, वज्र, धनुष, वाण, त्रिशुल, परिघ, शूल, ढाल– तलवार, भुशुण्डी, कपाल, शङ्ख, घण्टा, आदि अस्त्र-शस्त्र धारण गरेकी, विभिन्न गर-गहनाले सजिएकी नीलमणि जस्तो कान्तियुक्त स्वरुप भएकी, १८ हात भएकी, दशमुख, दश पाउ भएकी, सिंह माथि आरुढ या शिवजी माथि उभिएकी छिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) **महालक्ष्मी–** अक्षमाला, परशु, गदा, वाण-धनुष, वज्र, कमल, कुण्डिका, दण्ड, शक्ति, खड्ग, चर्म (ढाल), शङ्ख, घण्टा, सुधापात्र, शूल, पाश र सुदर्शन-चक्र धारण गरेकी कमलको फूल या हात्तीमा विराजमान छिन् ।

३) **महासरस्वती–** घण्टा, त्रिशूल, हल, शङ्ख, मुसल, चक्र, धनुष–वाण, पुस्तक, आदि धारण गरेकी, गौरी-देहबाट उत्पन्न भएकी, शरद्कालको पूर्ण चन्द्रमाको जस्तो प्रभा-ज्योति भएकी हंस वाहिनी स्वरुपकी छिन् ।

विभिन्न धार्मिक मत एवं विद्वान्हरूले यिनैं दश महाविद्या र ३ प्रधान महा-देवीको विभेदको रुपमा सप्तमातृका, अष्टमातृका, नवदुर्गा, नवकौमारी र चौबीस देवीलाई पनि स्वीकार गरेको पाईन्छ जो यस प्रकार छन् :–

क) **सप्तमातृका–** १) ब्रह्मायणी २) वैष्णवी ३) माहेश्वरी ४) कौमारी ५) ऐन्द्री ६) वाराही ७) चामुण्डा ।

ख) **अष्टमातृका–** १) ब्रह्मायणी २) माहेश्वरी ३) चण्डी या ऐन्द्री ४) वाराही ५) वैष्णवी या महालक्ष्मी ६) कौमारी ७) चामुण्डा ८) नारसिंही ।

ग) **नवदुर्गा–** १) शैलपुत्री २) ब्रह्मचारिणी ३) चन्द्रघण्टा ४) कूष्माण्डा ५) स्कन्दमाता ६) कात्यायनी ७) कालरात्री ८) महागौरी ९) सिद्धिदात्री ।

अथवा

१) ब्रह्मायणी २) माहेश्वरी ३) कौमारी ४) भद्रकाली [वैष्णवी] ५) वाराही ६) इन्द्रायणी ७) महाकाली [चामुण्डा] ८) महालक्ष्मी ९) त्रिपुरासुन्दरी ।

घ) **नवकौमारी–** १) कुमारी २) त्रिमूर्ति ३) कल्याणी ४) रोहिणी ५) कालिका ६) शाम्भवी ७) दुर्गा ८) चण्डिका ९) शुभद्रा ।

ङ) **चौवीसदेवी–** १) विष्णुमाया २) चेतना ३) बुद्धि ४) निद्रा ५) क्षुधा ६) छाया ७) शक्ति ८) तृष्णा ९) क्षान्ति १०) जाति ११) लज्जा १२) शान्ति १३) श्रद्धा १४) कान्ति १५) लक्ष्मी १६) धृति १७) वृत्ति १८) स्मृति १९) दया २०) तुष्टि २१) पुष्टि २२) माता २३) भ्रान्ति २४) चिति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रो देश नेपालमा दश महाविद्या कै रुपमा १० देवीहरूको आराधना गर्ने चलन छैठौं–सातौं शताब्दीबाट नै शुरु भैसकेको थियो तर प्रामाणिक रुपमा भने ने. सं. २२६ (वि. सं. ११६३) को एउटा ताडपत्रमा दुर्गा शप्तसतीको नामले दश महाविद्याको चित्रकारी गरिएको पाइएको छ । यसबाट १२ औं शताब्दीबाट नै नेपालमा दश महाविद्या मान्ने चलन चलिसकेको थियो भन्न सकिन्छ ।

यसैगरी छिन्नमस्ता भगवतीको मात्रै चित्रकारी गरिएको १४ औं शताब्दीको राम्रो चित्रकारीको चर्चा 'नेपाल मण्डला' पुस्तकमा पाईएको छ ।

अब यी देवीलाई बुद्ध धर्मालम्बीहरूले कसरी हेर्दछन् भन्ने बारे चर्चा गरौं ।

बुद्ध धर्मावलम्बीहरूको वज्रयोगिनी देवीलाई हिन्दू धर्मावलम्बीहरूले आफ्नो हिन्दू-देवी समूह दश महाविद्यामा समाहित गरिएकी देवी हुन् छिन्नमस्ता भगवती । बुद्ध धर्म अनुसार यी देवीको ३ वटा स्वरुप छन्– १) शिर विहीन छिन्नमस्ता स्वरुप वज्रयोगिनी २) रातो वर्णकी वज्रयोगिनी र ३) पहेंलो वर्णकी वज्रयोगिनी ।

१) छिन्नमस्ता वज्रयोगिनी– यिनको रङ्ग पहेंलो हुन्छ । २ हातमा कर्ति र आफ्नै काटिएको टाउको लिएकी हुन्छिन् । नग्न स्वरुप भएकी, नरमुण्डमाला भिरेकी, आफ्नै टाउको काटिएको गर्घनबाट बगेको ३ धारा रगत मध्ये २ धारा रगत दायाँ-बायाँ उभिएका डाकिनीहरूलाई र एक धारा आफ्नै टाउकोलाई पियाई रहेकी हुन्छिन् ।

२) रातो वर्णकी वज्रयोगिनी– यिनको रङ्ग रातो हुन्छ । यिनको आसन मुर्दा हो । यिनको हातमा वज्र र कपाली–पात्र हुन्छ । नग्न स्वरुपकी, त्रिनेत्र भएकी, खटवाङ्ग पाखुरामा धारण गरेकी हुन्छिन् र नियी सूर्य-मण्डलामा उभिएकी हुन्छिन् ।

३) पहेंलो वर्णकी वज्रयोगिनी– यिनको रङ्ग पहेंलो हुन्छ । यिनले कर्ति र रगतले भरिएको कपाली–पात्र लिएकी हुन्छिन् । नग्न स्वरुपकी, त्रिनेत्र भएकी, खटवाङ्ग धारण गरेकी हुन्छिन् ।

यी तीनवटै स्वरुपकी देवीको दायाँ-बायाँ बस्ने डाकिनीहरूमा हरियो रङ्गकी वज्रवाणानी जसको देब्रे हातमा कर्ति र दाहिने हातमा रगतले भरिएको कपालीपात्र हुन्छ भने पहेंलो रङ्गकी वज्रवैरोचनी जसको देब्रे हातमा रगतले भरिएको कपाली-पात्र र दाहिने हातमा कर्ति हुन्छ । यिनीहरू पनि नाङ्गै हुन्छन् र नरमुण्डमाला भिरेका, केश फिजारिएका हुन्छन् ।

यी देवीको सम्बन्ध विष्णुका दश अवतार मध्ये नृसिंह अवतार र परशुराम अवतारसंग गासिएको पाइन्छ । यसैले गर्दा चांगु नारायणको शक्तिको रुपमा छिन्न-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मस्ता भगवतीलाई लिइएको छ ।

यी देवीको सम्बन्ध सूर्यसँग पनि गांसिएको पाइन्छ । जसअनुसार सूर्यको शक्ति २ प्रकारको हुन्छ । एउटा सूर्यसंगै रहेको हुन्छ भने अर्को शक्ति किरणको रुपमा पृथ्वीमा निरन्तर रुपमा आइरहेको हुन्छ । सूर्यबाट निरन्तर रुपमा काटिएर पृथ्वीमा आइरहेको शक्ति नै छिन्नमस्ता देवी हुन् भनिन्छ । यसरी काटिएको सूर्यको शक्ति-लाई 'कवन्ध' भनिन्छ र यिनको देवीको रुपमा कवन्धिका या छिन्नमस्तालाई लिइन्छ । यी देवीको उत्पत्ति वैसाख शुदि चतुर्दशीका दिन मध्यरातमा भएको मानिन्छ ।

यी छिन्नमस्त देवीको हिन्दूधर्म अनुसार उत्पत्ति कथा यस्तो छ । –

एकदिन देवी पार्वती आफ्ना २ सगिनी जया र विजयाका साथ मन्दाकिनी नदीमा स्नान गर्न गएकी थिइन् । स्नान पश्चात उनलाई कामवासनाले सतायो । जसलाई नियन्त्रण गर्दा उनको स्वरुप गाढा रातो हुन गएकाले उनको स्वरुप रातो हुन गयो । त्यसपछि उनले आफ्नो शिर आफै काटी काम वासनालाई नियन्त्रण गरिन् । यसै बखत उनका सङ्गिनीहरूले भोकले ब्याकुल भै खानेकुराको माग गर्न थाले । यसपछि देवी पार्वतीले खानेकुरा केही नपाउँदा आफ्नै शिर छेदन गरी निस्किएका रगतको ३ धारा मध्ये २ धारा आफ्ना २ सङ्गिनीहरूलाई र एक धारा आफ्नै काटिएको शिरलाई पियाइ दिईन् । यसरी शिर छेदन हुन गएपछि देवी पार्वती "छिन्नमस्ता" भगवतीका नामले पुजिन थालिन् ।

यी देवीको स्वरुप– दाहिने हातमा खड्ग वा कर्ति, वायाँ हातमा आफ्नै काटि-एको शिर लिई विपरित अवस्थामा (स्त्री माथि पुरुष तल) रतिक्रिडारत एक जोडि माथि उभिएकी, नाङ्गी एवं लाल वर्णकी छिन् । त्रिनेत्र भएकी कमलको मालाले वक्षस्थल शुसोभित भएकी, नरमुण्डमाला भिरेकी, मस्तकमा सर्प बाँधेकी, मणि धारण गरेकी र दायाँ पाउ अगाडि र बायाँ पाउ पछाडि राखेर उभिएकी अवस्थामा छन् । यी देवीको दायाँ–बायाँ काली वर्णकी त्रिमुक केश भएकी कैंचीं र खप्पर ग्रहण गरेकीं देवींहरू अवस्थित छन् ।

आफ्नो काटिएको गर्धनबाट बगिरहेको ३ धारा रगत मध्ये एक धारा आफ्नै शिरलाई पियाई २ धारा दायाँ–बायाँ रहेकीं नरमुण्डमाला भिरेकीं १६ वर्षिया वार्णिनीं र डाकिनीलाई पियाई रहेकीं छिन् ।

यस्ती छिन्नमस्ता भगवतीलाई उपासकहरूले त्रिभिन्न नामहरू प्रचण्ड चण्डिका वज्र बैरोचनी, परा डाकिनी, सुषुम्ना, स्वर भासिनी, कामेश्वरी, जगदग्निस्वरुपा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इङ्गला, पिङ्गला, नाडी, महिषासुरहन्त्री, चामुण्डा, गुह्येश्वरी र वैष्णवी आदि दिएर आराधना गर्दछन् । यस्ती भगवतीको आराधना गर्नाले विद्या, धन, मानप्राप्ति शत्रुनाश, विघ्ननाश र सिद्धिलाभ प्राप्त हुन्छ ।

अब लागौं नेपाल अधिराज्यभित्र पाइएका छिन्नमस्ता भगवतीका मन्दिरहरूको चर्चा तर्फ ।

[क] भक्तपुर जिल्लाः– यस जिल्लाभित्र पर्ने प्रसिद्ध चांगु नारायण मन्दिर परिसरमा गणेश स्थानसंगै येताजुको मन्दिर छ । यस मन्दिरलाई अष्टमातृका मन्दिर वा छिन्नमस्ताको मन्दिर भनिन्छ । यस मन्दिरमा शिव परिवार, सरस्वती, गणेश र कुमार सहित अष्टमातृकाका आठवटा मूर्तिहरू छन् । यिनमा कौमारी, ब्रह्मायणी, माहेश्वरी, वैष्णवी, वाराही, चामुण्डा, महालक्ष्मी र भैरवीका मूर्तिहरू छन् । यी छिन्नमस्ता भगवतीको मन्दिर एक तले छ र यसमा सूवर्णमय ढोका हालिएका छन् । ढोकामाथि काली, भैरव र भगवतीका मूर्तिहरू कुँदिएका छन् । ढोकाको दायाँ-बायाँ २ वटा सिंह पनि छन् । मन्दिरको पछाडिपट्टि पनि सूवर्णमय ढोका ३ वटा हालिएका छन् । यस मन्दिरको छाना सुनमोलम्बायुक्त तामाको हालिएको छ । छत्र सहितका ५ वटा सुवर्ण गजुरहरू समेत यस छानामा हालिएका छन् । यी छिन्नमस्ता देवीलाई चांगु नारायणमा नारायण भगवानको शक्तिको रुप मानि राजकीय पूजा गर्ने प्रचलन छ ।

यहाँ रहेको काठको तोरणको अभिलेखमा "कल्याण होस् । संवत् ७९९ (वि.सं. १७३६) वैसाख कृष्ण द्वादशी आदित्यवारको दिन ।

श्री ३ यिताजु चामुण्डा परमेश्वरी आदि अष्टमातृकालाई प्रशन्न पार्न .... यो तोरण चढाइयो ।

सरकारिया पदस्थ पञ्च अधिकारी ख्यारमान सिंह, सजु भाजु सिंह पति पत्नि मानसिंह भाजु तथा भाइ गिरिधर भाजु पूजारी गंगाराम भारो ।" भनि उल्लेख छ ।

मन्दिरको छानाको दक्षिणतर्फ रहेको अभिलेख अनुसार "ने. सं. ९३५ (वि.सं १८७१) कार्तिक सुदिका दिन बागमती पुल निवासी हनुमंत सिंह, भाजुधन, सदाशिव, लक्ष्मीनर सिंह अमात्य आदिले भगवती मन्दिरको गजुरको दोश्रो भाग 'भगी' र झण्डा चढाएको" भनि उल्लेख छ ।

मन्दिरमा नै रहेको अर्को ढोका माथि टांसेर राखिएको केही ताम्रपत्रहरू मध्ये एउटा ताम्रपत्रमा " · श्री इश्वरी छिन्नमस्तामा सम्बत् १९५० साल कार्तिक सुदि ९ रोज २ का दिन पाटन हमावलं टोलका जगन्नाथ सिं अमात्यका नाति सनमान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिका छोरा कप्तान चतुरमान सिं भुवन सिका भतिजा काठमार्डौ भोसीको टोल बस्ने नायव सुब्बा सनकमान सिं अमात्यले चढायाको सुनको मोलम्वा भयोको ढोका तोरन् ३ शुभं" भनि उल्लेख छ।

छिन्नमस्ता भगवतीलाई अर्पण गरिएको एउटा घण्टाको अभिलेख अनुसार यो घण्टा वि. सं. १९५३ कार्तिक सुदि १५ का दिन पाटन बौवहालका मान कुमारीका पुत्र जित गोविन्द, हरि गोविन्द र यिनका पुत्र कुल गोविन्द अमात्यले चढाएको देखिन्छ।

यिनै भगवती मन्दिरको छानाको उत्तरतर्फ एउटा अभिलेख कुंदिएको छ। यस अभिलेखमा "वि.सं. १९८६ मार्ग कृष्ण द्वितिया सोमवारका दिन बागमती पुल निवासी रामदास अमात्य र पत्नी योगमाया र छोरा कीर्ति बहादुर समेतले उत्तर तर्फको र पश्चिम तर्फको उनका पूर्वजले छाएको तामाको छानालाई सुनको मोलम्वा लगाई देवीलाई अर्पण गरेको" कुरा उल्लेख छ।

२) यसै गरी भक्तपुर नगरपालिका वडा नं. ११ चुपिघाटमा पनि छिन्नमस्ता देवीको पीठ स्थान छ। यो स्थान विस्केट जात्राको प्रसिद्ध लिङ्गो उठाउने ठाउँको केही पर पूर्व पट्टि रहेको प्रसिद्ध भद्रकाली (वैष्णवी) पीठको इशान कोणमा अवस्थित शिवलिङ्गको पूर्व पट्टि पर्दछ। यहाँ बायाँ हात मात्र बाँकी रहेको शिर विहीन देवी मूर्ति छ र यसै मूर्तिलाई देवी छिन्नमस्ता भनि पूजा आजा गरिन्छ। यस देवीस्थान-मा चैत्र मसान्तका रातमा विधिपूर्वक देवीको ठूलो पूजा गरिन्छ।

ख) ललितपुर जिल्ला:- यस जिल्लाको ललितपुर उपमहानगरपालिका मंगल-बजारमा प्रसिद्ध कृष्ण मन्दिर पछाडि मोमदु गल्लीमा छिन्नमस्ता भगवतीको मन्दिर रहेको छ। नेवारीमा 'मो मदु' भन्नाले शिर नभएको भन्ने बुझिन्छ। यस मन्दिरमा मूल रुपमा देवीको प्रतीक शिला मात्र छ र पछि-पछि देवीका भक्तहरूले चढाएका शिर विहीन देवी मूर्तिहरू पनि छन्। मन्दिरमा भक्तजनहरूले आकर्षक मण्डप बनाई घण्टा, सिंह आदि चढाएर सानो आकर्षक मन्दिरको स्वरुप दिएको पाईन्छ। मन्दिरको वरपर इट्टाको गान्हो लगाई टायल छापेको पाईन्छ। भित्तामा पित्तलका नागहरू पनि चढाईएका छन्। देवीको दैनिक पूजा गर्ने कुनै गुठ-व्यवस्था भने छैन तर त्यस क्षेत्रका वासिन्दाहरूले दैनिक पूजा-आजा भने गर्दछन्। देवीको विशेष पूजा गर्नु पर्दा भने ब्राह्मण सहितको पूजा व्यवस्था गर्ने गरेको पाईन्छ। मन्दिरलाई अझ बढी आकर्षक बनाउन विभिन्न चित्रकारीहरू र ढुंगा छाप्ने काम समेत गरेको पाईन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चित्रकारीको कुरा गर्दा यस मन्दिरमा चित्रित बोक्सी चित्रको चर्चा गर्नु पर्ने हुन्छ । त्यस अनौठो चित्रकारीमा तीनबटा बोक्सीहरूले आफ्नो आँलाहरू बालेर आइरहेका र एउटा पुरुषलाई कुचोको पुच्छर हालिदिएर चार हात-खुट्टा टेकाइ बली दिनका लागि लगिरहेको दृष्य देखाइएको छ । यी देवीलाई बोक्सी विद्या जान्नेहरूले इष्टदेवी मानेर पूजा गर्दछन् र मध्यरात्रीमा पूजा गर्न आउँछन् भन्ने जन-विश्वासलाई चित्रकारीले पुष्टि गरेको भान हुन आउँछ ।

ग) सप्तरी जिल्ला:- यस जिल्लाको छिन्नमस्ता गा. वि. स. वडा नं. २ मा प्रसिद्ध छिन्नमस्ता भगवतीको मन्दिर अवस्थित छ । यी देवीको व्यापकता गा.वि.स. को नामबाटै थाहा हुन्छ । यिनलाई सप्तडेश्वरी, सक्रेश्वरी आदि नामले पनि पुकारिन्छ । यी देवीको प्रसिद्धि हुलाक सेवा विभागले प्रकाशित गरी प्रचलनमा ल्याई-सकेको हुलाक टिकटबाट पनि ज्ञात हुन्छ ।

यस मन्दिरमा सिमरौनगढ शैलीमा कुंदिएको १३ औं शताब्दीताकाको कालो प्रस्तरको शिर विहीन महिषासुरमर्दिनी भगवतीको मूर्ति स्थापना गरिएको छ । यस मन्दिरमा नेपाल-भारत दुबै तर्फका लाखौं जनताको आस्था र विश्वास रहेको पाईन्छ ।

यी देवीको मन्दिरको स्वरुप भने नयाँ छ । सिमेण्ट, छड आदि प्रयोग गरि ३ तले बनाइएको छ ।

यी देवीको स्थापना १३ औं शताब्दीताकाका तिरहुत राज्यका राजा (सिमरौनगढ राजधानी) शक्रदेवले सिमरौनगढको राजपाठ आफ्ना छोरा हरिसिंहदेवलाई सुम्पिएर यस स्थानमा आई आफ्नी कुलदेवीलाई स्थापना गरी जीवन विताएका थिए भन्ने भनाई छ । त्यसैले यी देवीलाई उनै राजाको नाममा 'सक्रेश्वरी देवी' भनि पूजा-आजा गरिन्छ भन्ने जन कथन छ ।

घ) काभ्रेपलाञ्चोक जिल्ला:- नासिका स्थान गा. वि. स. वडा नं. २ स्थित यस जिल्लाको प्रसिद्ध विकटेश्वर महादेव मन्दिर नजिकै छिन्नमस्ता नारायण स्थान छ । यस स्थानमा पहिले नौ तले मन्दिर थियो भन्ने बूढापाकाहरूको भनाइ छ । हाल यस खुल्ला स्थानमा शिर विहीन नारायण र शिर विहीन नै देवी मूर्ति पनि राखिएको छ । यसैले यस स्थानलाई छिन्नमस्ता-नारायण स्थान भनिन्छ । प्रसिद्ध चांगु नारायण स्थानमा रहेको छिन्नमस्ता भगवतीलाई नारायणको शक्तिको रुपमा पूजा गरिए जस्तै यी देवीलाई पनि छिन्नमस्ता-नारायण भनिएको हुन सक्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ङ) वैतडी जिल्लाः– वैतडी जिल्लाको त्रिपुरासुन्दरी गा.वि.स. मा अवस्थित प्रसिद्ध त्रिपुरासुन्दरी भगवती या राणा मौनी भगवतीको मन्दिर छ । यस मन्दिर परिसरमा छिन्नमस्ता भगवतीको १४/१५ औं शताब्दीताकाको ढुँगाको मूर्ति स्थापना गरेको देखिन्छ । माथि चर्चा गरे झैं दश महाविद्या भित्र त्रिपुरासुन्दरी र छिन्नमस्ता दुबै देवी पर्ने भएकाले मूल मन्दिर त्रिपुरासुन्दरीको भए पनि त्यस ठाउँमा छिन्नमस्ताको पनि उपस्थिती हुनु कुनै नौलो कुरा भएन । यिनलाई यहाँ चामुण्डा-देवीको रुपमा पूजा आजा गरिन्छ ।

च) सुर्खेत जिल्लाः– लाटीकोइली गा वि.स. वडा नं. २ मा पर्ने प्रसिद्ध मंगलागढी माई मन्दिरमा एउटा पूर्णकदको नारी मूर्ति स्थापना गरिएको छ । ज्यादै नै चित्ताकर्षक उक्त मूर्तिको शिर भने छैन । तसर्थ मङ्गलागढी माई भनि पुजिएकी शिर विहीन यी देवी छिन्नमस्ता भगवती त होइनन् ? तर यस बारे अध्ययन हुनु आवश्यक त छँदैछ ता पनि शिर विहीन पूर्ण मूर्ति सुरक्षित अवस्थामा रहेकोले यसलाई छिन्नमस्तादेवीको रुपमा यहाँ उल्लेख गरिएको छ ।

यी देवीको मन्दिर प्रचलित नेपाली तले शैलीको एक तले छ । यसको छाना काठको फल्याकको छ । यो मन्दिर ४×४ फीट वर्गाकारको छ । मन्दिरको चारैतिर पोखरी छ र पोखरीको माझमा एउटा ढिस्को छ र यसै ढिस्कोलाई गढी भनिन्छ । यसै गढीको माझमा करीब ३ फिट अग्लो देवीको प्रतिमा छ । यो गढी क्षेत्र हाल शाही नेपाली सेनाको व्यारेक इलाका भित्र पर्ने भएकाले यसको रेखदेख एवं पूजा आजा सबै सेनाद्वारा नै संचालन भैरहेको छ ।

छ) बाँके जिल्लाः– यस जिल्लाको नगरपालिका क्षेत्र भित्र पर्ने प्रसिद्ध वागेश्वरी मन्दिरको मूल प्रवेशद्वारको देब्रे तर्फको सत्तलको भित्तामा छिन्नमस्ता भगवतीको पूर्ण कदको रङ्गीन चित्रकारी गरेको देख्न सकिन्छ । यस चित्रकारीमा छिन्नमस्ता देवीको स्वरुप स्पष्ट पारिएको छ । तर यस मन्दिर परिसरमा देवीको कुनै मूर्तिहरू भने पाइएको छैन ।

अन्त्यमा सीमित र छोटो लगनशीलताले गर्दा केही महत्वपूर्ण देवीस्थल छुट्न गएको पनि होला । तसर्थ यसका लागि क्षमा याचना गरिन्छ ।

सन्दर्भ ग्रन्थः–

१) अभिलेख अङ्क १२, १३ – राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) प्राचीन नेपाल अङ्क १३५ - पुरातत्त्व विभाग
३) सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन (भाग १-८)
पुरातत्त्व विभाग
४) रोलम्बा बर्ष ८, अङ्क ४ र वर्ष १०, अङ्क २ - जोशी रिसर्च इन्स्टीच्यूट
५) चांगुनारायणका ऐतिहासिक सामग्री - मोहन प्रसाद खनाल
६) विरिञ्चिनारायण - जीत बहादुर मानन्धर
७) ललितपुरको दशमहाविद्या एक अध्ययन - राज्य श्री श्रेष्ठ (स्नातकोत्तर तहको शोध ग्रन्थ २०४५ त्रि. वि. वि.)
८) Nepal Mandala – Mary Shephered Slusser
९) The Indian Buddhist Iconography– Benoytosh Bhattacharyya

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सजाँय कार्यान्वयन सम्बन्धी दस्तावेज

– श्रीरत्न मानन्धर

नेपालको कानूनी इतिहासमा वि. सं. १९१० मा जारी गरिएको ऐनले महत्वपूर्ण स्थान ओगटेको छ। यो ऐन आउनु भन्दा अगाडि कुनै पनि अपराधीलाई सजाँय तोक्ने काम केन्द्रीय प्रशासनका उच्चत्तम अधिकारी (मुख्तियार वा सो सरह) बाट मात्रै हुन्थ्यो र यसरी सजाँय तोक्दा धर्मशास्त्रका अतिरिक्त अरू कुनै निश्चित आधार थिएन। यसले गर्दा एकातिर एकै प्रकारका अपराधका लागि केन्द्रीय पदाधिकारीका तजविज अनुसार भिन्ना-भिन्नै सजाँय तोकिन्थ्यो भने अर्कोतर्फ एउटा निश्चित ऐनको अभावमा न्याय सम्पादन कार्यमा एकरुपता आउन सकेको थिएन। वि. सं. १९१० को ऐनले स्थितिमा ठूलो परिवर्तन ल्यायो। सबै कर्मचारीहरूले सो ऐन अन्तर्गत रही सजाँय तोक्नुपर्ने र सो ऐन उलंघन गर्ने कर्मचारीलाई पद मुक्त गरी आठ वर्ष कैद गर्ने व्यवस्था गरियो। साथै सजाँय तोक्दा ऐनको नम्बर खुलाउनु पर्ने व्यवस्था पनि गरियो।

केही लेखकहरूले वि. सं. १९१० को ऐनको सम्बन्धमा केही नकारात्मक टिप्पणी गरेका छन् र लेखेका छन् कि ऐनमा जे सुकै लेखिएता पनि व्यवहारमा कुनै परिवर्तन आएन, तथा न्याय सम्पादनका सम्पूर्ण कार्यहरू पहिले जस्तै यथावत रुपमा नै चलिरह्यो। यो भनाइलाई खण्डन गर्ने केही दस्तावेजहरू प्राप्त भएका छन्। ती मध्ये एउटा दस्तावेज यहाँ प्रस्तुत गरिएको छ।

परराष्ट्र मन्त्रालय, काठमाडौंबाट प्राप्त यस दस्तावेजमा वि. सं. १९१८ फाल्गुण वदि ८ मा इटाचपलिद्वारा कार्यान्वयन गरिएका सजाँय सम्बन्धी विवरण परेका छन्। चार वटा मुद्दाका सात जना अपराधीलाई सजाँय गरिएको यस दस्तावेजमा ज्यानमारा, चोरी तथा करणी सम्बन्धी मुद्दाहरू परेका छन्। सजाँय गर्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐनको स्पष्ट रुपमा उल्लेख गरी नम्बर समेत दिइएको छ । यस अनुसार आफूलाई जथाभावी गाली गर्दा सहन नसकि लट्टीले कुट्दा दुई दिनपछि मरेकोमा ज्यानमारा-को १५ नम्बर अनुसार ज्यान सजाँय दिइएको छ भने चोरी गर्न जाँदा घर घनीलाई घाँटी थिची मारेकोमा ज्यानमाराको २र१२ नम्बर अनुसार ज्यान सजाँयनै दिइएको छ। ज्यानमाराका यी नम्बरहरूले निम्नानुसारका व्यवस्था गरेको पाइन्छः–

२ नम्बरः– रजपूत जातले आफ्ना हाडनातामा र आफू भन्दा उपल्ला जातमा करणि र चोरि गैह्र कुरा गऱ्यामा अैन बमोजिम मुडीन्या दामल हुन्या कैद हुन्या दंड हुन्या सर्वस्व हुन्या हुंछ ज्यान जांदैन जारि गऱ्यामा साधुको षुसि जार काटयो भन्या साधुलाई षत लाग्दैन रजपूतले मानिस मार्‌यो भन्या ज्यानको वदला ज्यान काटिछ ।

१२ नम्बरः– कोही लोग्न्या मानिसले वा स्वास्नि मानिसले सुत्याका वेलामा वा विउझामा लोग्न्यालाइ हवस स्वास्निलाइ हवस वालषलाइ हवस मारौं भनि रेटेछ घोचेछ हानेछ पत्थर मूढाले थिचेछ पासो लायेछ मुषमा वुजो लायेछ र ज्यान मरेछ भन्या पनि दैव संयोगले वाचेछ भन्या पनि वाहुन र अैन बमोजिमका भेषधारि लाई उस्को अंस सर्वस्व गरि स्वास्निलाइ सर्वस्व नगरि दामल गर्नु अरू जातलाइ ज्यानको वदला ज्यान मारी दिनु ।

१५ नम्बरः– कसैले लातले षांद्यो लठ्ठि ढुंगाले हान्यो र थला परि हिडन सकेन तेसै पीरले २२ दिन भित्रमा मऱ्यो भन्या तेसैले मार्‌याको ठहर्छ मार्न्याको ज्यानको वदला ज्यान लिनु उठन नसकी तेसै पीरले २२ दिन नाघ्या पछि मऱ्यो भन्या ज्यानको वदला ज्यान हुँदैन थला पर्न्या गरि कुटचा वावत ६० रूपैंया दंड गर्नु रूपैंया नतिऱ्या अैन बमोजिम कैद गर्नु ।

यस्तै गरी विभिन्न देवस्थलका मूर्तिहरू चोरी गरेकोमा चोरीको ५३ नम्बर अनुसार ज्यान सजाँय दिएको तथा आफ्नो नातामा करणी गरी भातमा वोर्नेलाई नमासिन्या मतुवालीको ९ नम्बर बमोजिम अंस सर्वस्व गरी मुडी कुकुरको मासु खुवाई जात पतित गरी धपाएको वेहोरा पनि दस्तावेजमा उल्लेख भएको छ । यी ऐनहरूमा निम्न वेहोरा उल्लेख भएको पाइन्छः–

चोरीको ५३ नम्बरः– सर्कारबाट हवस अरू कसैले हवस स्थापना गऱ्याका देवता भया मालिक मूर्ति भया यस्तो किर्ति भंग गरि मोडि चोर्न्या चोर ब्राह्मण जात र ब्राह्मण रजपुत जोगि भयाको मावलिको पत्ता नलाग्याको जोगी भयाका ब्राह्मणका विघुइ दश नामले ल्याइ जन्म्याका कान चिऱ्याका कान फट्टा गैह्र मुडिन्या जातको अैन बमोजिमको अंस सर्वस्व गरि दामल गर्नु अरू गैह्र काटिन्या जात

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भया ज्यान काटि मारिदिनु भंग मात्र गरेछ चोऱ्याका रहेनछ भन्या २ वर्ष कैद गर्नु म्यादको डवल दिया लि छाडि दिनु ।

नमासिन्या मतुवाली ६ नम्बर:– भांजा भांजी पट्टिका नातामा सधवा भया पनि कंन्या विधवा भया पनि आफ्ना एका बाबुबाट जन्म्याका दिदि बैह्नीका छोरि भांजि र अैनले जार हान्न हुन्या सम्मका जांन्या वुहारिको करणि गर्न्या नमासिन्या मतुवाली जान गैह्न लाइ राजषत लागनाले अैन बमोजिमको अस सर्वस्व गरि मुडि कुकुरको मासु षुवाइ जात पतित गरि सहर गौडा घुमाइ भात वाहेक गरि पुर्वको भया पश्चिम पश्चिमको भया पुर्व तर्फ नदि कटाइ धपाइ दिनु एस्ता मासिन्या भोटया जात ठहर्छन भातको पतिया पाउँदैनन् पानि चल्छ पानिको मात्र पतिया दिनु ।

माथि उल्लिखित उदाहरणबाट वि. सं· १९१० को ऐन जारी भए पछि सजाँय-मा एक रुपता आइ ऐन बमोजिम न्याय सम्पादन हुने गरेको तथ्य स्पष्ट हुन आउँछ । उक्त दस्तावेजको मूल रुप यस प्रकार छ :–

श्रीः

१८ साल फागुन वदि ८ रोज ७ मा अदालत ईटाचपलि बाट सजाय भयाका मानिसको तपसिल– – – – – –

तपसिल

१८ सालका मंसिर मैह्नाका २० दिन जांदा मंगलवारका दिन जफेब्यांसिमा म गोठ् वस्याको थिञां· ब्याहान गाई भैसि फोई गोठ्को घंदा गर्न लाग्याको थिञां गाई भैसिले नैनसि वस्न्यातको षेतको कुन्यू षाई दियेछ र नैनसि बस्न्यात कि भोटिनि स्वास्नी पट्टिको छोरो मेहेर्सि वस्न्यातले कुनिञां बाट गाई भैसि घपाई मलाई गालि गर्दै आउँदा मलाई गालि गर्न्या भनि मैले निज वस्न्यातलाई घुचेटि दिंदा लोटयो र मकैका छोडले २ फेरा मलाई हान्दा मलाई पनि रिस उँठयो र षोलम्या काठका लाठाले निज मेहेर्सि वस्न्यातका कपालमा हान्दा ताहि लोटयो उँठन सकेन. पानि षुवाउँदा पनि निलेन. वोल्दा पनि वोलेन· षुट्टा पनि टेकेन. मंगलवार ब्याहान ३।४। घरि दिन चढदा कुटयाको हो वृहस्पतिवारका रात १०/१२ घरि रात वांकिमा तेहि मैले लाठाले हान्याको चोटले निज मेहेर्सि वस्न्यात मन्याको सांचो हो भनि कायेल भै कायेलनामा लेषि दिन्या लिस्ति कोकर्थलि वस्न्या लछिमन्या जिन्याल ज्यानमारा का १५ लम्बरका अैनले काटि मारियाको– – – – – – १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८ सालका मंसिर मैह्ना देषि श्री लुमडि का थान्मा गै श्री लुमडि को मूर्ति भयाको चदूवा १ श्री सिभुका उंत्तर पट्टिका साना देबलमा सुनको मोलंवा लाग्याकौ छानाको पाता घार्नि २ श्री पसुपति मा श्री माहिला साहेवज्यू ले चन्हायाको १५ घार्निको घंट १ पांट इषा लषुटोलका श्री गणेश का देवल्को गजूर १ श्री सिभु को सुन्को मोलंवा लाग्याको आंषि झ्याल र झ्यालका थाम्· श्री चंडेश्वरि को तोरण मूर्ति स्मेत· हामिहरूले चोरि नासि विगारि बेचि षाई अरू दुनिञांका देउंपाटमा र पाटमा २ घर चोरि गन्या पछि आफु भंदा उंपल्ला जात स्वास्निहरूको करणि गरि. भातमा स्मेत वोरायाको हामिहरूले सांचो हो भनि कायेल भै कायेलनामा लेषि दिन्या तपसिल बमोजिम्का मानिस चोरिका ५३ लम्बरका अैनले काटि मारियाका जना ४- –

काठ्माडौ टेवाहाल वस्न्या जोगचा उदास–	–	–	१
काठ्माडौ ठमेल वस्न्या सुंघर चा च्याह्मांषलक	–	–	१
पाटं वलाबाहाल वस्न्या लक्षिमचा वांडा	–	–	१
नैकापको तिन ठाना वस्न्या हर्कविर अधिकारि क्षत्रि–		–	१

१८ सालका असार मैह्ना देषि आफ्नी त्रिमात्रि आमा पट्टिकी दिदि कि छोरि आफ्नी भान्जी सरा भन्याकि कंन्या मगर्निको करणि गरि सो करणिको कुरा जाहेर नगरि दबाई मेरा हात वाट र निज सरा मगर्निका हातबाट भातमा स्मेत वोन्या वोरायाका मैले सांचो हो भनि कायेल भै कायेलनामा लेषि दिन्या मालटाको कुहिल्या वस्न्या रामचंद्र आले मगर नमासिन्या मतुवालि जातका ९ लम्वरका अैनले अैन बमोजिम्को अंस सवंस्व गरि मुडि कुकुरको मासु षुवाई जात पतित गरि सहर गौडा घुमाई भात वाहेक गरि विस्नुमति पार गरि घपायाको– – – – १

१८ साल माघ सुदि ५ रोज ३ का वेलुका ७।८ घडि रात जांदा फर्पि पाचंडि वस्न्या रघु जैसिकि विघुवा वाहुनि दिपलोचना जैस्यानिका घर गै मेरा हातले ढोकाको आग्लो उंघारि भित्र पसि माथि चोटामा गै निदायाकि निज दिपलोचना वाहुनि का घोक्राका हातले अढयाई छातिमा घुडाले घसि हात गोडा पनि मैले अठयाई रगत छडाई निज दिपलोचना वाहुनिलाई मारि घंमाल स्मेत चोरि लियाको मैले सांचो हो भनि कायेल भै कायेलनामा लेषि दिन्या फर्पिको सोषल वस्न्या गजकेशर ठकुरि ज्यानमाराका २ लम्बरका अैनले र १२ लम्बरका अैनले काटि मारियाको– – १

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयका ताडपत्र ग्रन्थहरूको लिपिका आधारमा वर्गीकरण

– जगन्नाथ उपाध्याय

भाषालाई परम्परित र संगठित गर्ने साधनलाई लिपि भनिन्छ। लिपि भाषालाई अदृश्य अर्थात् श्रव्यबाट दृश्यमा ल्याउने सामर्थ्य राख्दछ। लिपि र भाषा भिन्न भिन्न हुन् तापनि दुवैको अविच्छिन्न सम्बन्ध छ। भाषा मूल रुपमा उच्चार्य श्रव्य हुन्छ भने लेखन वा लिपि दृश्य हुन्छ। यसरी अविछिन्न हुँदाहुँदै पनि भाषा र लिपि एक भने होइनन्। भाषाको अभावमा लिपिका अस्तित्त्वको अर्थ हुँदैन तर लिपि विना भाषा हुन्छ। नेपालका कतिपय भाषाहरू लिपि विनाका छन् भने कतिपयले देवनागरीलाई आत्मसात गरेका छन्। यसबाट लिपि विना पनि भाषाको अस्तित्त्व हुन्छ भन्ने स्पष्ट हुन्छ। लिपि र भाषालाई लाहुरे र भरियाको उपमा दिन सकिन्छ। जसरी लाहुरे नभएसम्म भरियाले भारी पाउँदैन त्यसरी नै भाषा विना लिपिको काम हुँदैन। कुनै एउटा भाषालाई अनेक लिपिमा लेख्न सकिन्छ। एउटा लिपिले अनेकौं भाषालाई वहन गर्न सक्छ यो लिपिको विशेषता र महत्त्व हो। देवनागरी लिपिले संस्कृत, प्राकृत, तिब्बती र आधुनिक आर्य भाषाहरूलाई वहन गरेको छ। ध्वन्यात्मक प्रतिनिधित्वमा केही वाधा देखिए तापनि संसारका अनेकौं भाषालाई पनि देवनागरी लिपिमा लेख्न सकिन्छ। त्यस्तै कुनै भाषा पनि एउटै मात्र लिपिमा सीमित भएर बस्नु पर्दैन। अनिवार्य नभए तापनि लिपि भाषालाई अत्यन्त उपयोगी छ। त्यसैले भाषा र लिपिमा घनिष्ठ सम्बन्ध रहन गएको हो। भाषा परिवर्तनशील हुन्छ भने त्यसलाई स्थायित्त्व दिने काम लिपिले गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिपि भाषाभन्दा कान्छो मानिएको छ । भाषाको उत्पत्ति बारे निश्चित प्रमाण पाइएको छैन तापनि यसलाई लगभग १ लाख वर्ष पुरानो मानिन्छ । तर लिपिको उत्पत्ति र विकासको इतिहास भने १० हजार वर्ष पुरानो भन्ने प्रामाणिक आधार पाइन्छ । हुन त भाषिक लिपिसंग समानता राख्ने चित्र लिपि १५०० वर्ष पुरानो पाइन्छ तर चित्र लिपिलाई लिपिको थालनी कर्ता मानिदैन । केवल लेखन पद्धतिको विकासमा चित्रलिपिको सहयोग प्राप्त भएको मानिन्छ ।

भाषाको उत्पत्तिका सन्दर्भमा विभिन्न मतमतान्तर पाइए जस्तै लिपिको उत्पत्तिका सन्दर्भमा पनि विभिन्न मत मतान्तर पाइन्छ । हुन त दैवी उत्पतिवादको मान्यता आजकल प्रायः अमान्य हुँदै गएको छ तापनि ऐतिहासिक तथ्य प्रमाणका अभावमा यसैको सहारामा चित्त बुझाउनु पर्ने हुन्छ । दैवी उत्पतिवादीका अनुसार आ-आफ्ना देवताले आ-आफ्ना भाषा र लिपिको विकास गरे र त्यो सबैभन्दा प्राचीन हो, भन्ने विभिन्न धर्मावलम्बीको मत पाइन्छ । यहुदी धर्मावलम्बीको मतमा सर्वप्रथम यहुदी भाषाका हिब्रु लिपिको ज्ञान भोजेल सन्तलाई गराएका हुन् र भोजेल मार्फत दुनियाँले हिब्रु लिपिको ज्ञान पाए भन्ने रहेको छ । मिश्रेलीहरूको धारणा अनुसार 'तोत' नामक देवताबाट मिश्रेली लिपिको विकास भएको हो । ग्रीसेलीहरू पनि लिपिको उत्पत्ति दैवी शक्तिबाट भएको हो भन्दै लिपि खोज्ने र व्यवस्था गर्ने श्रेय देवतालाई नै दिन्छन् । चीनियाँहरूका मतमा चार आँखा भएका प्राचीन ऋषि (ताइचेन) ले नै लिपिको उत्पत्ति र व्यवस्था गरेका हुन् । हिन्दूहरूको मतमा देवनागरीको मूल रुप ब्राह्मी हो । यो ब्रह्माबाट आविष्कृत र सिर्जित हो भन्दै दैवी उत्पत्तिवादसंग जोडेका छन् ।

प्राचीन कालमा लिपिको विकास भएको र कागजको विकास नभएको अवस्थामा भाषालाई लिप्यङ्कित गर्नका लागि विभिन्न साधनको प्रयोग गरेको देखिन्छ । यी साधनहरूमा शिलापत्र, ताम्रपत्र, भोजपत्र,काठ,कपडा आदि प्रमुख रुपमा देखिन्छन् । यसै समयमा भारतको दक्षिणी प्रदेश एवं प्रायः समुद्रको किनारमा पाइने ताडपत्रमा पनि ग्रन्थहरू लेख्ने परम्परा विकसित भएको देखिन्छ । प्राचीन कालमा ठूला लामा पात भएका ताडपत्रहरूलाई जोर्नी-जोर्नीमा काटेर १ इञ्चदेखि ४ इञ्चसम्म चौडाई भएको तुल्याइ सुकाउने र ती सुकेका ताडपत्रहरूलाई पानीमा उमाली पुनः सुकाए पछि त्यसलाई शङ्ख अथवा चिप्लो ढुङ्गाले घोटी त्यसमा मसीले पुस्तक लेख्ने चलन रहेको देखिन्छ । लामो खालको ताडपत्रलाई बीचमा प्वाल पारेर त्यस प्वालबाट धागो उनेर फलेकको गातामा राखेर पुस्तक सुरक्षित गरिएको हुन्छ । ताडपत्रलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीलाको टुप्पाले घोचेर खाल्डो पारी त्यसमा गाजल दली दिंदा खाल्डोमा गाजल पुरिने हुनाले अक्षर कालो भयी स्पष्ट देखिन्छ । यस तरिकाबाट बनाइएको अक्षरलाई उत्कीर्णाक्षर भनिन्छ । जुनसुकै लिपिमा पनि यस्ता उत्कीर्णाक्षर भएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा विविध लिपिमा ज्यौतिष विषयका ७, महात्म्य १, काव्य-शास्त्र १ र बौद्ध दर्शन ८ गरी जम्मा १७ वटा उत्कीर्णाक्षर भएका ग्रन्थहरू रहेका छन् । नेपालमा ताडपत्रमा ग्रन्थ लेखाउने र लेख्ने प्रचलन निकै समयदेखि रहँदै आएको देखिन्छ । यसको पुष्टि मल्ल कालमा लेखाइएका राष्ट्रिय अभिलेखालयका पत्र संख्या १ देखि अधिकतम पत्र संख्या ५५७ सम्म रहेका श्री मद्भागवत जस्ता विविध विधा र विषयका १९५० ताडपत्र ग्रन्थहरूले गर्दछन् । ती पुस्तकहरू हाल राष्ट्रिय अभिलेखालयमा विधागत र विषयगत रुपमा धर्मशास्त्र शाखा, ज्यौतिष शाखा, दर्शन शाखा र तन्त्र शाखामा प्रथमदेखि षष्ठ लगतसम्म विभाजन गरी संरक्षण गरिएको छ । ताडपत्रमा लेखिएका विविध विषयका ग्रन्थहरूलाई लिपि र विषयका आधारमा संख्यात्मक वर्गीकरण निम्न अनुसार तालिकामा गरिन्छः–

तालिका नं· १

धर्मशास्त्र शाखा

	लिपि→ विषय ↓	गु.अ	प्रा.दे. अ.	दे.अ.	प्रा.ने. अ.	ने. अ.	भु. अ.	रञ्जना	मै. अ.	बं.अ.	तै.अ.	जम्मा	कैफियत
१.	व्याकरण	३	–	४	२	६६	४	–	३८	१	–	१२१	
२.	वेद	–	–	५	–	२०	२	–	५	–	–	३२	
३.	कर्मकाण्ड	–	५	५	१	७०	३१	–	३०	१	१	१४४	
४.	स्तोत्र	–	४	५	-	६४	१८	४	२१	–	२	१४८	
५	धर्मशास्त्र	१	५	–	१	१५	१७	१	५६	–	२	६८	
	जम्मा	४	१४	१६	४	२६८	७२	५	१५०	२	५	५४३	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तालिका नं· २

तन्त्र शाखा

	लिपि→ विषय ↓	गु.अ	नागर	प्रा.दे. अ.	दे.अ.	प्रा.ने. अ.	ने. अ.	भु. अ.	रञ्जना	मै. अ.	जम्मा	कैफियत
१.	आयुर्वेद	१	१	–	३	६	६४	२	–	१०	८७	
२.	शैवतन्त्र	२	५	६	४	–	१६१	१	२	३०	२११	
३.	बौद्ध र वैष्ठावतन्त्र	–	–	–	–	३६	५५	–	६	–	९७	
४.	तान्त्रिक पूजा पद्धति	–	–	–	–	१	७०	–	–	४	७५	
५.	विविध	–	–	–	१	–	५	–	–	२	८	
	जम्मा	३	६	६	८	४३	३५५	३	८	४६	४७८	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तालिका नं· ३

ज्यौतिष शाखा

	लिपि→ विषय ↓	गु.अ	कु.अ.	प्रा.दे. अ.	दे.अ.	प्रा.ने. अ.	ने.अ.	भु.अ.	मै. अ.	बं· अ.	तै.अ	जम्मा
१.	कामशास्त्र र छन्दशास्त्र	–	–	–	१	६	८	३	७	–	१	२६
२.	संगीत र नीतिशास्त्र	–	–	–	१	–	३०	८	७	–	–	४६
३.	ज्यौतिष	–	–	२	७	७	४७	१३	४	–	–	८०
४.	इतिहास	–	–	२	–	५	९	१	३३	२	–	५२
५.	पुराण	२	२	९	१	४	२२	–	३८	२	–	८०
६.	कोश र कथा	–	–	१	–	१७	५३	४	१८	४	–	९७
७.	महात्म्य र हिन्दी	–	–	१	२	१	३५	३	५	३	–	५०
८.	नाटक र नाट्यशास्त्र	–	–	१	–	५	२०	८	२२	३	–	५९
९.	साहित्य र काव्यशास्त्र	–	–	८	१	८	४२	२	५९	१	२	१२३
	जम्मा	२	२	२४	१३	५३	२६६	४२	१९३	१५	३	६१३

नोटः– रामायणका १८ वटा ग्रन्थलाई पनि काव्यशास्त्र अन्तर्गत समावेश गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तालिका नं· ४

दर्शन शाखा

	लिपि→ विषय ↓	गु.अ	कु.अ.	दे.अ.	ने.अ.	भु. अ.	रञ्जना	मै. अ.	उडिया	जम्मा
१.	वेदान्त दर्शन सांख्य दर्शन न्याय दर्शन	१	–	२	२४	१	–	६६	–	९७
२.	वैशेसीक र मीमांसा	–	–	–	–	–	–	९	–	९
३.	बौद्ध दर्शन	३	–	–	५६	१७	१५	१४	१	१०६
४.	बौद्ध अवदान र जातक	–	–	–	५	५	–	–	–	१०
५.	बौद्ध कर्मकांड स्तोत्र, धारणी र संगीत	२	१	–	२८	२३	४	१०	–	६८
६.	विविध	२	–	–	१५	२	–	७	–	२६
	जम्मा	८	१	२	१२८	४८	१९	१०९	१	३१६

१) **गुप्ताक्षर (पूर्व लिच्छवि)**:– यसलाई संक्षिप्त रुपमा गु. अ· भनिएको छ । यसको समय ई. को ४५९ देखि ५७६ सम्म मानिन्छ । मानदेव प्रथम कालीन लिपि-लाई पूर्व लिच्छबि लिपि भनिएको हो । भारतमा गुप्त वंशका शासकहरूले मौर्य वंशको पतन गराएर गुप्त साम्राज्यको स्थापना गरे पछि उनीहरूको शक्ति निकै बढ्दै गयो । त्यसै अवस्थामा गुप्त शासकहरूले भाषा, साहित्य, कला र संस्कृतिको विकास पनि आफ्नै तरिकाले गरे । तीनै गुप्त वंशी शासकहरूले आफूहरूले प्रयोग गर्दै आएको लिपिलाई गुप्तलिपि नामाकरण गरेका हुन् । भारतका गुप्तहरूले जस्तै नेपालका लिच्छविहरूले पनि किराँत वंशको पतन गराइ आफ्नो स्वतन्त्र राज्य स्थापना गरेर कला, संस्कृतिको विकासमा जोड दिनुको साथै आफूहरूले गरेका प्रमुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काम, राज्य व्यवस्था सम्बन्धी सनद सवाल दूनियाँमा प्रचार गर्नमा लागि त्यही गुप्त लिपिको प्रयोग गरे। यो तथ्य गुप्त कालीन भारतीय अभिलेख र लिच्छबि कालीन नेपालका शिलालेखको तुलनात्मक अध्ययन गर्दा स्पष्ट हुन्छ । 'गुप्तलिपि' नामले भारतीय शासकसंग नाता जनाउने भएकाले २०१७ सालमा श्री ५ को सरकार पुरातत्त्व तथा संस्कृति विभागबाट "अबदेखि गुप्तलिपिलाई पूर्व लिच्छवि र कुटिल लिपिलाई उत्तर लिच्छवि" भन्ने निर्णय गरी नेपालका शासकसंग नै लिपिको नाम जोडिएकोले त्यति वेलादेखि नै नेपालमा पूर्व लिच्छवि नाम प्रचलनमा आएको हो। नेपालमा लिच्छवि लिपिको प्रथम प्राचीन नमूना स्वयंभूका शिलापत्रमा पाइन्छ । यो शिलापत्र लिच्छवि शासक शंकरदेवले निकालेका हुन् । यसका अतिरिक्त चाँगु-नारायणको शिलालेख, लाजिम्पाटका क्षेम सुन्दरीको अभिलेख, लाजिम्पाटकै विष्णु विक्रान्तको पादपीठमा रहेको अभिलेख आदिमा पनि गुप्ताक्षरको प्रयोग भएको कुरा लिपि र इतिहास वेत्ताले उल्लेख गरेका छन् । राष्ट्रिय अभिलेखालयका ताडपत्रमा लेखिएका प्राचीन हस्तलिखित ग्रन्थहरू मध्ये बौद्ध दर्शन, वेदान्त दर्शन, धारणी, विविध व्याकरण, धर्मशास्त्र, आयुर्वेद, शैवतन्त्र र पुराण जस्ता विषयसंग सम्बन्धित १७ वटा ग्रन्थहरू गुप्ताक्षरको प्रयोग गरी लेखिएका छन् । जसमध्ये स्कन्द पुराण (अम्बिका खण्ड) ल. स. द्वि. २२९ विशेष उल्लेखनीय रहेको छ । जसलाई बिषय-गत संख्याका आधारमा तालिका देखाइएको छ।

२) **कुटिल अक्षर:–** (**उत्तर लिच्छवि**) गुप्त अर्थात् पूर्व लिच्छवि लिपिमा समयको अन्तरालसंगै अँशुवर्मा पछि गएर डिकोमा केही कुटिलता आएकोले यसलाई कुटिल लिपि भनिएको हो तापनि फरक परेका यस अवस्थाको लिपिलाई नेपालमा उत्तर लिच्छवि भनिन्छ। यसलाई संक्षिप्त रुपमा कु. अ. भनिएको छ। यसको समय ई. को ५७६ देखि ८७९ सम्म मानिन्छ। यस लिपिको पहिलो नमूना बुंगमतिको र दोस्रो चाहिं पशुपतिको अभिलेख हो। यस बाहेक लिच्छवि शासक ध्रुबदेवको पाटनका छिन्नमस्ताको अभिलेख र मीमनाथको अभिलेखलाई पनि लिपिविद्हरू कुटिल लिपि-को नमूनाका रुपमा स्वीकार गर्दछन् । पशुपतिनाथमा क्रमशः राजा नरेन्द्र देव र लिच्छवी शासक जयदेव द्वितीयका दुईवटा अभिलेखमा कुटिल लिपिको प्रयोग भएको पाइन्छ । राष्ट्रिय अभिलेखालयका ताडपत्र ग्रन्थहरू मध्ये ल. सं. पं. ८९२ को 'शिवधर्मोत्तर शास्त्रम्', ल. सं. द्वि. २२९ को 'स्कन्द पुराण (अम्बिका खण्ड)' एवं ल. सं. तृ. ३५९ को 'उस्णीय विजय धारणी कारण्य ब्यूह महायान सूत्र' जस्ता ग्रन्थहरूमा उत्तर लिच्छवि कालीन कुटिलाक्षरको प्रयोग गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) **नागराक्षरः**– यसलाई संक्षिप्त रुपमा ना. अ. भनिएको छ। यसको समय ई. को ८०० देखि ९०० सम्म मानिन्छ। कतिपय विद्वान्हरू यसलाई प्राचीन देवनागरी कै रुपमा लिन्छन्। यसको विकास कुटिल लिपिबाट भएको हो। अझ भन्ने हो भने यो प्राचीन देवनागरीका रुपमा विकसित हुनुभन्दा पहिलेको रुप हो। भारतको गुजरात प्रदेशका नागर ब्राह्मणहरूले यसको प्रयोग गर्ने हुनाले यसको नाम नागर रहन गएको हो भने दक्षिण भारततिर यसलाई नन्दीनागरी पनि भनिन्छ। यसका प्राचीन नमूना ७ औं ८ औं शताब्दीसम्मका पाइन्छन् भने अवार्चीन रुप चाहिं १६ औं शताब्दी सम्मका पनि पाइन्छन्। यसबाट अनेकौं स्थानीय लिपिको विकास भएको पाइन्छ। देव भाषा संस्कृतसंग सम्बन्धित भएकाले यसलाई देवनागरी नामाकरण गरिएको हो। राष्ट्रिय अभिलेखालयका ताडपत्र ग्रन्थहरू मध्ये ल.सं.प्र.१६४८ 'चरक संहिता' एवं ल. सं. प्र. ८९ को 'कालोत्तर तन्त्र' जस्ता ६ वटा ग्रन्थहरूमा नागराक्षरको प्रयोग गरिएको छ।

४) **प्राचीन देवनागरी अक्षरः**– यस लिपिलाई संक्षिप्त रुपमा प्रा. दे. अ. भनिएको छ। यसको समय ई. को ८०० देखि ११०० सम्म मानिन्छ। नेपालमा यस लिपिको प्राचीन नमूना जुम्ला प्रदेशका पृथ्वी मल्ल, मेदिनी वर्मा, आदिका अभिलेखलाई मानिन्छ। यसको प्राचीन नमूना १० औं शताब्दी सम्मको पाइन्छ भन्ने मत भारतका प्रसिद्ध लिपि विशेषज्ञ गौरी शंकर र हीराचन्द्र ओझाको रहेको छ तापनि यसको निश्चित तथ्य प्रामाणिक रुपमा फेला परेको छैन। अहिलेसम्मको प्राचीन देवनागरीको प्राप्य प्राचीन नमूना वाल्मीकि रामायण १३ औं शताब्दीलाई मानिन्छ। यसलाई राजा गाङ्गेयदेवले आफ्नो समयमा लिपि गराएका हुन् भन्ने मत रहेको छ। राष्ट्रिय अभिलेखालयका ताडपत्रमा प्राचीन देवनागरी अक्षरको प्रयोग गरी लेखिएका जम्मा ४४ वटा ग्रन्थहरू रहेका छन्। जसमध्ये पुराण विषयमा सबैभन्दा धेरै ८ वटा र नाटकमा १ वटा रहेको छ।

५) **देवनागरीः**– यस लिपिलाई सक्षिप्त रुपमा दे. अ. भनिएको छ। ब्राह्मी लिपिले आफ्नो विकासका क्रममा गुप्त, कुटिल लिपि हुँदै प्राचीन देवनागरी र १३ औं १४ औं शताब्दीसम्म आइपुग्दा आधुनिक देबनागरीका रुपमा विकसित भएको हो। १३ औं शताब्दीसम्म संस्कृत भाषामा मात्र सीमित रहेको यो लिपि त्यसपछि क्रमशः आधुनिक आर्य भाषाहरूमा पनि यस लिपिको प्रयोग भएको पाइन्छ। काठमाडौं उपत्यकामा यसको प्रवेश १६ औं शताब्दी पछि मात्र भएको हो। राष्ट्रिय अभिलेखालयका ताडपत्रमा देवनागरी लिपिको प्रयोग गरी लेखिएका दर्शन, व्याकरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मकाण्ड आदि विषयका जम्मा ४४ वटा ग्रन्थहरू रहेका छन् । जसमध्ये ज्यौतिष विषयका ग्रन्थको संख्या ७ रहेको छ ।

६) **प्राचीन नेवारी अक्षरः**– यसलाई संक्षिप्त रुपमा प्रा. ने. अ. भनिएको छ । नेपालमा लिच्छविहरूको अन्त्य भएपछि मल्ल राजाहरूको उदय भएको हो । तिनताक नेपालमा मिथिलाको लिपिसंग मिल्दो–जुल्दो किसिमको लिपि चलेको थियो जुन लिपिलाई प्राचीन नेवारी भनिन्छ । यो लिपि विशेष गरी ताडपत्रमा लेखिएका ग्रन्थमा पाइन्छ । यसको विकास पनि कुटिल लिपिबाट दसौं शताब्दीतिरबाट भएको हो । राष्ट्रिय अभिलेखालयमा ताडपत्रमा प्राचीन नेवारी अक्षरको प्रयोग गरी लेखिएका विविध विषयका जम्मा १०० वटा ग्रन्थहरू रहेका छन् । जसमध्ये सबैभन्दा धेरै ग्रन्थ बौद्ध र वैष्णव तन्त्रका रहेका छन् ।

७) **नेवारी अक्षरः**– यसलाई संक्षिप्त रुपमा ने. अ. भनिएको छ । यसको विकास प्राचीन बङ्गाली लिपिबाट भएको मानिन्छ । यसको थालनी नवौं शताब्दीबाट भएको मानिन्छ । सामान्य व्यवहारमा प्रयोग हुने लेखनलाई प्रचलित नेवारी र यसको पुरानो लेखनलाई प्राचीन नेवारी भनिन्छ । शङ्करमान राजवंशीले यसलाई प्राचीन, मध्यकालीन र परवर्ती गरी तीन कालमा विभाजन गरेका छन् । नेपालमा विभिन्न प्रकारका प्राचीन लिपि मध्ये व्यापक रुपमा चलेको र हालसम्म पनि चली रहेको लिपि हो । राष्ट्रिय अभिलेखालयका ताडपत्रमा लेखिएका ग्रन्थहरू मध्ये सर्वाधिक संख्या यसै लिपिको रहेको छ । यहाँ शैवतन्त्रका १६१ र बौद्ध दर्शन, ज्यौतिष, कर्मकाण्ड आदि विविध विषयका १०१७ ग्रन्थहरू रहेका छन् । जसलाई संख्यात्मक तालिकामा देखाइएको छ ।

८) **भुजिमोल अक्षरः**– यसलाई संक्षिप्त रुपमा भु. अ. भनिएको छ । कुटिल र नेवारी लिपि पछि देखा परेको लिपि हो भुजिमोल । यसको समय ११ औं देखि १७ औं शताब्दीसम्म मानिन्छ । विक्रमको १२ औं शताब्दीसम्म निश्चित स्वरुपमा विकसित भइसकेका दुईवटा अलङ्कृत लेखनहरू मध्ये भुजिमोः बढी प्रचलित शैली हो । विक्रमको ११ औं १२ औं शताब्दीताका लेखकहरूमा कलात्मकता आएकोले तिनताक भुजिमोको विकास भएको हो । राजा जयस्थिति मल्लको मध्यकालीन समयमा लिपिको विकास कलात्मक ढङ्गले भएको पाइन्छ । जसलाई भुजिमो, कुमोल आदि नाम दिइएको पाइन्छ । यस लिपिको नामाकरणका सन्दर्भमा दुई थरी मत पाइन्छन्: शङ्करमान राजवंशीका विचारमा यो नाम भुजंग (सर्प) बाट भएको हो । अर्थात् यसको लेखन शैली सर्प जस्तै लर्किएकाले यसलाई भुजिमो भनिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेमराज शाक्यका अनुसार भुजिमोः दुई नेवारी शब्द (भुजि वा भोजिनी) भिंगा र (मोः) शिर मिलेर बनेको हो र मक्षिमुण्ड अर्थात् भिंगाको टाउको जस्तै डिको दिने चलन भएकाले यसको नाम भुजिमोः रहन गएको हो। यस लिपिमा १३ औं देखि १६ औं शताब्दीसम्म लेखिएका १६ वटा विविध विषयका ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा रहेका छन्। जसमध्ये कर्मकाण्ड विषयका ग्रन्थको संख्या ३१ रहेको छ।

९) **रञ्जनाः**— यसलाई संक्षिप्त रुपमा रं. अ. भनिएको छ। रञ्जना मल्ल कालमा नेवारी लिपिमा देखिएका विभिन्न भेद मध्येको एउटा मानिन्छ। रञ्जना शब्दको शाब्दिक अर्थ हो रंगनु, सुन्दर वा आनन्द दिनु। झट्ट हेर्दा बुट्टा जस्तो लाग्ने यसको मनोहर बनावटले निकै आनन्द दिन्छ। यो निकै अलङ्कृत र सुन्दर लेखन हो। त्यसैले यसको नाम रञ्जना रहन गएको हो। यो लेखन पहेंलो, सेतो, र कालो जस्ता विभिन्न रङ्गका मसी एवं सुन चाँदी जस्ता धातुका मसीले गरेको पाइन्छ। मल्ल कालमा सुन, चाँदीको मसी बनाएर ग्रन्थ लेखाउने चलन भएकोले नै यस कालमा रञ्जनाको विकास भएको हो। नेपालमा यसको प्रयोग १२ औं देखि १८ औं शताब्दी लगभग ६०० वर्षसम्म भएको पाइन्छ। रञ्जना विशेष गरी बौद्ध ग्रन्थ लेखनमा प्रयोग हुन्छ। यसको लेखनमा मिहेनेत गर्नु पर्ने र मसीमा महङ्गा धातुको प्रयोग हुने भएकाले व्यवहारमा त्यति प्रचलनमा आउन सकेको छैन तापनि केही शौखिनहरू अझ पनि रञ्जनामा ग्रन्थलेखाउने गर्छन्। राष्ट्रिय अभिलेखालयमा ताड पत्रमा यस लिपिमा लेखिएका विविध विषयका जम्मा ३२ वटा ग्रन्थहरू रहेका छन्। जसमध्ये सर्वाधिक संख्या रहेको बौद्ध दर्शन विषयका १५ वटा ग्रन्थ रहेका छन्।

१०) **मैथिली अक्षरः**— यसलाई संक्षिप्त रुपमा मै. अ. भनिएको छ। यसको विकास ब्राह्मी लिपिबाट भएको हो। ई. को १००० सम्म यसले आफ्नो रुप ग्रहण गरेको पाइन्छ। यसको प्रयोग क्षेत्र मिथिला हो। यसैका आधारमा यसलाई मैथिली भनिएको हो। यसलाई तिरहुता वा बैदेही लिपि पनि भनिन्छ। यो बंगाली लिपि-संग मिल्दो जुल्दो छ। पहिले मैथिली भाषा लेख्न यस लिपिको प्रयोग भएको पाइन्छ। लिपिका आधारमा राष्ट्रिय अभिलेखालयका ताडपत्रमा लेखिएका ग्रन्थ संख्याका आधारमा हेर्दा यो दोस्रो स्थानमा पर्दछ। यहाँ ताडपत्रमा मैथिली लिपिको प्रयोग गरी लेखिएका विविध विषयका जम्मा ४९८ ग्रन्थहरू रहेका छन्। जसमध्ये सर्वाधिक ६९ संख्या दर्शन विषयका ग्रन्थहरूको रहेको छ।

११) **बंगाली अक्षरः**— संक्षिप्त रुपमा यसलाई बं. अ. भनिएको छ। यसको विकास प्राचीन नागरीको पूर्वीरुपबाट ११ औं शताब्दीमा भएको हो। केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वान्हरू यसको जन्मलाई ७ औं शताब्दीसम्म पुऱ्याउँछन् । यसको मुख्य प्रयोग क्षेत्र बंगाल हो । यसको प्रयोग बंगाली भाषा लेख्नमा गरिन्छ । मुसलमानहरूले भारतमा आक्रमण गर्ने क्रममा विभिन्न प्राचीन शिक्षा केन्द्रहरूमा समेत आक्रमण गरेपछि कतिपय आचार्य भिक्षुहरू निकै प्राकृत, पाली, भागधी आदि भाषाका पुस्तकहरू बोकेर नेपाल प्रवेश गरे । यससंगै बंगाली लिपि नेपालमा भित्रिएको हो । राष्ट्रिय अभिलेखालयमा बंगाली अक्षरमा लेखिएका विविध विषयका जम्मा १६ वटा ग्रन्थहरू रहेका छन् । गौड बंगालको प्राचीन नाम हो । यसरी गौडाक्षर भन्नाले प्राचीन बंगालमा प्रयोग हुने अक्षर भन्ने बुझिन्छ । त्यसैले एउटा गौडाक्षरमा लेखिएको कोश विषयको ग्रन्थलाई समेत बंगाली अक्षरमा मिलाउँदा यसको संख्या १७ पुग्छ ।

१२) तैलिङ्गाक्षर:– यसलाई संक्षिप्त रुपमा तै. अ. भनिएको छ । तैलङ्ग भारतको वर्तमान कर्नाटक प्रदेशको प्राचीन नाम हो । यस लिपिको नाम यसको प्रयोग क्षेत्रका आधारमा तैलिङ्गाक्षर राखिएको हो । यो पनि बंगाली जस्तै विदेशी लिपि हो र यसको प्रयोग नेपालमा भएको पाइँदैन । दक्षिण भारतबाट प्राचीन ताडपत्र एवं ताडपत्र ग्रन्थहरूसंगै यो लिपि नेपालमा भित्रिएको देखिन्छ । ताडपत्रमा यस लिपिमा लेखिएका विविध विषयका ८ वटा ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा रहेका छन् ।

१३) उडिया अक्षर:- भारतको उडीसा प्रदेशमा प्रचलित यो लिपि पनि बंगाली जस्तो पुरानो र नागरीको पूर्वी शैलीबाट विकसित लिपि हो । यसमा दक्षिणको तेलुगु र तमिल लिपिको प्रभाव परेको छ । केही विद्वान्हरू यसलाई पुरानो बंगाली लिपिबाट विकसित भएको मान्छन् । यसका करनी र ब्राह्मणी जस्ता दुई भेद छन् । ब्राह्मणी विशेष गरी ताडपत्रमा लेख्न प्रयोग गरिन्छ भने करनी चाहिं कागजमा । राष्ट्रिय अभिलेखालयमा बौद्ध दर्शन विषयको ल.सं.प्र. ३८३ 'तत्त्वसार' नामक ग्रन्थ ब्राह्मणी उडिया अक्षरमा लेखिएको छ ।

सन्दर्भ ग्रन्थ:–

१. भोलानाथ तिवारी – भाषा विज्ञान
२. राष्ट्रिय अभिलेखालयका मूल र शाखा रजिष्टरहरू
३. शंकरमान राजवंशी – प्राचीन लिपि वर्णमाला
४. " " – प्राचीन लिपि विकास
५. " " – लिच्चवि लिपि संग्रह
६. " " – नेपाली लिपि विकास
७. हेमराज शाक्य – वर्ण परिचय

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टौमढीका भैरव

–तीर्थलाल नःघःभनी राजभण्डारी

भक्तपुर टौमढी टोलमा एउटा ठूलो सुन्दर भव्य मन्दिर अवस्थित छ । सो मन्दिर कलाले परिपूर्ण छ । उक्त मन्दिर चतुस्कोण नभइ लाम्चो खालको भएकोले सत्तल अथवा (द्यःछें) देव घर जस्तो देखिन्छ । परन्तु चारैतिर तीन तले छत्रशैली झिगटी छाना भएकाले मन्दिरकै रुप देखिन्छ । पहिलो तलामा तीनवटा र तीन तला माथि सातवटा सुन मोलम्वित गजुर भएकोले मन्दिरै हो भनी पुष्टि गरेको छ ।

मन्दिरका सबभन्दा तल्लो तला छिडीमा मोहडाको भित्तामा एउटा सानो प्वाल छ । यसैको सन्मुख एउटा सानो मूर्ति प्रतिष्ठापित छ । यसको वरिपरि सुन मोलम्वित पाताहरूले छाएको छ । मूर्ति मुनिका पातामा अभिलेख कुंदिएको छ । जस्मा "आकाश भैरव" भन्ने नाम उत्कीर्ण गरिएको पाइन्छ । यसबाट यो मूर्ति र मन्दिर आकाश भैरवका हुन् भन्ने पुष्टि भएको छ ।

यस मन्दिर माथि आकाश भैरवको मूर्ति के कस्तो स्थापना गरेको छ थाहा हुन सकेको छैन । उक्त मन्दिरमा जान बायाँ पट्टि तीन तले तीन कवले झिगटी छाना भएको मन्दिरै आकारको पाटी छ । तीन खुटकिला चढी बीच कवलको द्वार-बाट प्रवेश गरेपछि चोक आउँछ । चोकको बीचमा एउटा इनार छ । इनारमा पानी लिन एउटा ढुङ्गा तेर्स्याइ राखेको छ । सो ढुङ्गा ने.सं. १२५ को राजा निर्भय देवका पालाको शिलालेख हो । हाल अभिलेख एक अक्षर पनि बाँकी छैन । सबै खिइएर विलाएर गई सकेको छ ।

साथै प्रवेश गरिने द्वारको ठीक बायाँ पट्टि एक गोलाकार शिला घोपटचाइ राखेको छ । त्यसमा पनि अभिलेख कुंदेको छ । उक्त अभिलेख श्रीयोगेश राजले उध्दृत गरी सुथांबाट प्रकाशित 'पासूका' को वर्ष ३ अङ्क ६ पृष्ठ ८ मा छापिएकोछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै अभिलेख निरै मन्दिर भित्र प्रवेश गर्न अर्को एउटा ढोका छ। आफू जाँदा सधैं ताल्चा बन्द रहन्छ। विहान नित्य पूजा र वेलुकी आरतीका समयमा खोलिने रहेछ। त्यसवेला आफू पुग्न समयानुकुल नभएकोले मन्दिर प्रवेश गरी अवलोकन गर्न सकिएन। साथै ईश्वरको दर्शन पनि पाइएन। त्यसले गर्दा यहाँ केही विवेचना गर्न सकिएन।

भाग्यवस गएको चैत्र मसान्तका दिन लाकुला छेँ टोल अवस्थित (द्यःछेँ) देव घरमा छिडीको भन्याङ्ग मुनि विराजमान गराइ राखेका श्री भैरव नाथको दर्शन पाइयो। मसान्तको चार दिन अगाडि अर्थात् चैत्र २७ गते तिर रथारोहण गरी यात्रा गरिन्छ। रथ यात्रा गरी रथ टौमढीका गा:हिटीमा पुऱ्याए पछि त्यो दिनको जात्रा समाप्त हुन्छ। जात्रा सकेपछि रथबाट देवता झिकी ल्याई यस सत्तलमा विराजमान गराउने चलन छ। सोहि अनुरुप विराजमान गराइएका श्रीभैरव नाथको दर्शन पाएको हो।

भैरवनाथको मूर्ति हात पाऊ शरिर सिगै भएका होइनन्। खाली एउटा शिर मात्र छ। त्यो पनि मुखाकृति बेग्लै खालका छन्। कान्तिपुर इन्द्रचौकका आकाश भैरवको मूर्ति पनि खाली शिर मात्र छन्। तीन नेत्र, गाला हुप्प परेको, ब्रह्माको शिर आफ्ना शिरमा धारण गरेको, अग्नि प्रज्वलित आँखि भौं भएका, दुईटा दन्त निकाली डिच्च हाँसेका र कानमा नागका कुण्डली लगाइएका सुन्दर अजङ्ग आकृतिका छन्।

त्यस्तै शिर मात्र भएका हनुमान ढोका देगुतले नजिकका ढलौटका स्वेत भैरव, बुंगमतिका हयग्रीब भैरव, पशुपति भित्रका कीर्तिमुख भैरव र शिवालयपिच्छे दक्षिण ढोकासंगै रहेका भैरवका मुखाकृति उस्तै प्रकारका छन्। साथै ज्ञानेश्वरका आनन्द भैरव, पशुपतिका उन्मत्त भैरव, पाटन कुम्भेश्वरका उन्मत्त भैरवको मुख पनि उही प्रकारका छन्। एकै मिलानका छन्।

यस अतिरिक्त जयवागेश्वरी मन्दिरको भित्तामा लेखेका भैरव, बनेपा चण्डेश्वरी मन्दिरका भित्तामा लेखिएका भैरव, टिकापुर भित्तामा लेखिएका टिका भैरवको मुखाकृति पनि एकै नासका छन्। परन्तु भक्तपुर टौमढी टोलका भैरवको मुखाकृति उस्तै छैन। मानवकारका छन्। यस मुखाकृतिको आधारमा तथा उक्त भैरवहरूको मुख मण्डलको नजीर अनुसार भैरव भन्न सुहाउँदैन। तापनि आकाश भैरव भनी पुकारी मानी आएको छ। श्रद्धा पूर्वक पूजन गरी आएका छन्। तथापि यसरी भैरव को मुखाकृति फरक हुनुको कारण के हो अनुसन्धानको विषय बनेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी भैरव कहिले कसले प्रतिष्ठापित गरेका हुन् थाहा हुन सकेको छैन । मन्दिर पनि कहिले निर्माण गरेका हुन ज्ञात हुन सकेको छैन । यस सम्बन्धी अभिलेख अहिले सम्म पाइएको देखिन्दैन । परन्तु भाषा वंशावली दोस्रो भागको २० पृष्ठमा यसरी लेखेको पाइएको छ ।

"आनन्द मल्ल वर्ष ३५ नेपालका पूर्व भागमा आई····अघि ग्राम मात्र भैरहेको ग्राम बान भक्तपुर नाम गरी भैरबनाथ कन देश मध्यपारी·····शहर·····कलिगत ४१९७ जादा वसाया ।"

यस भनाइबाट "आनन्द मल्लले कलिगत सम्वत् ४१९७ मा भैरवलाई माझमा पारी भक्तपुर सहर बसायो" भनी बुझाइएको छ । तर "भैरव प्रतिष्ठा गरियो" भनी भनेको छैन । यसबाट भक्तपुर शहर बसाउनु भन्दा अगावै भैरव स्थापना भइ-सकेको छ भन्ने बुझिन आएको छ ।

अतएव कलिगत सम्वत् ४१९७ भन्नाले विक्रम सम्वत् ११५३, शक सम्वत् १०१८, नेपाल सम्वत् २१६ हुन आउँछ । यस ताका राजा आनन्द मल्ल भन्ने छैनन् । राजा आनन्द मल्ल ने. सं. ४३०–४३९, श. सं. १२३२-१२४१, वि. सं. १३६७–१३७६, कलिगत ४४११–४४२० ताकाका हुन् । साथै भाषा वंशावली भाग २ को २० पृष्ठमा किरण तन्त्रबाट उध्दृत गरी यसरी लेखेको पाइएको छ ।

सम्वत् ४४ जेष्ट मासे लिखित मिदमिति ।।
शुभ मस्तु श्री भक्तपुराधिवासिनो पण्डिता चार्य
श्री उदयपाल सोमस्य पुस्तक मिदं ।।

यस अभिलेखबाट ने. सं. ४४ ताका राजा शंकर देव (द्वितीय) का पाला भन्दा अघि नै भक्तपुर शहर स्थापना भइसकेको देखिन आएको छ । यस तथ्यबाट माथि-का भनाइ अतिसयोक्ति देखिन आएन । यसपछि भक्तपुर नगरपालिकाबाट प्रकाशित श्रीलीला भक्तमुनंकमिज्यूको "बिस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको २८ पृष्ठमा यसरी लेखिएको छ ।

"भाषा वंशावलीमा आकाश भैरवको मन्दिर निर्माण गरेको उल्लेख छ ।

आनन्द देव भोग वर्ष तेन त्रिपुर सहित
राजधानी प्रतिष्ठिते मध्यभागे देवालय प्रतिष्ठित ।

यो उक्तिबाट आनन्द देवले २० वर्ष राज्य गरे । नीजले त्रिपुर सहित राजधानी बनाए र देशको मध्यभागमा मन्दिर पनि बनाए भनी बताएको छ । यो उक्ति कुन भाषा वंशावलीबाट उध्दृत गरेको हो स्पष्ट छैन । कहाँनिर कुन देवताको मन्दिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाएका हुन् सो पनि प्रष्ट छैन । अहिलेसम्म उपलब्ध भएको भाषा वंशावली संस्कृत भाषामा लेखिएको छैन । अर्को कुरा गोपाल राज वंशावलीको २९ पृष्ठमा यसरी लेखिएको छ ।

२१ ख) राजा नरेन्द्र देव वर्ष ३४ तेन च श्री पशुपति भट्टारिकाय अनेक रत्न विचित्र कोषं कृतम प्रढोकितम् तत्रैव सुवर्ण प्रणालिका त्रिपुर नाम पुर सहितं च कृतम् ।।

यस उक्तिबाट "राजा नरेन्द्र देवले ३४ वर्ष सम्म राज्य गरे । यिनले पशुपतिमा रत्नादि अनेक धन चढाए । साथै सुनको धारा र त्रिपुर नामको पुर (शहर) बनाए" भनी बताएको छ । यी नरेन्द्र देव वि. सं. ६९१-७२८, इ. सं. ६३४-६७१, श. सं. ५५६-५९३ ताकाका हुन् । यिनले त्रिपुर पुर(त्रिपुर) शहर वसाएको देखिएको छ । यस तथ्यबाट माथिका उक्ति संकास्पद देखिन आएको छ । पुनः यसै पुस्तकका यसै पृष्ठमा यसरी लेखेको पनि पाइएको छ ।

त्यस्तै गोपाल राज वंशावलीमा यस प्रकार उल्लेख छ ।

नपाल समस्त मण्डल महिपाल प्रजायां विण्डय शास्वदा सुरक्षित गव्रपुर सहिता राजधानी प्रतिस्थिते गुणे श्री नन्ददेव प्रभू तेन ही भक्त ग्रामे देवालय कृते विदेह प्रतिस्थिता त्रिपुर सहिता राजधानी प्रतिस्थिते ।

यो उक्ति कुन गोपाल राज वंशावलीका कति पृष्ठबाट उध्दृत गरेको हो उल्लेख गरेको छैन । यसबाट हो होइन अन्वेषण गर्न अप्ठ्यारो पर्न गएको छ । अपितु नेपाल रिसर्च सेन्टरबाट प्रकाशित "गोपाल राज वंशावली" को ३२/३३ पृष्ठमा यसरी लेखिएको पाइएको छ ।

२४ ख) माघ कृष्ण सु चन्द्रमा प्रतिपदे सप्ताधिके षष्टिके काले वर्ष सतद्वय (२६७) शुभदिने राज्यम्वर प्रापिते । श्री नेपाला समस्त मण्डल महि त्राता प्रजामासनम् पीर्घशास्त्र तदासु निर्भित गुणे

२५७ क) श्री नन्ददेव प्रभु । राजा आनन्ददेव वर्ष २० तेन भक्तापुरे शिवग्वल स्थाने देवालय देव द्वयञ्च प्रतिष्ठितम्,..... त्रिपुर सहित राज धानी प्रतिष्ठिता ।

यसको अर्थ यसै पुस्तकको ८०/८१ पृष्ठमा यसरी दिइएको छ ।

नेपाल सम्वत् २६७ (वि. सं. १२०३) माघ कृष्ण प्रतिपदा सोमवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनमा राजा श्री आनन्द देवको राज्याभिषेक गरियो । तिनले समस्त नेपाल मण्डलको रक्षा गरे । प्रजालाई नाश नहुनेबाट बचाए । पीडा हरे । शास्त्र अनुसार निर्माण कार्य गर्ने यस्ता गुणी राजा श्री आनन्द देव भए ।

आनन्द वर्ष २० तिनले भक्तपुरमा शिवग्वल स्थानमा देवालयमा दुई वटा देवताको प्रतिष्ठा गरे त्रिपुर सहितको राजधानीको प्रतिष्ठा गरे ।"

यो गोपाल राज वंशावली र "बिस्केट जात्राको संस्कृति भन्ने पुस्तकमा उल्लेख गोपाल राज वंशावलीमा धेरै अन्तर पाइएको छ । निकै पाठान्तर देखिएको छ । रिसर्च सेन्टरबाट प्रकाशित गोपाल राज वंशावलीमा "भक्त ग्रामे देवालयकृते विदेह प्रतिष्ठिते" भन्ने वाक्य उत्कीर्ण गरेको देखिदैन । साथै यसै वंशावलीको २२६ पृष्ठका अर्को वंशावलीमा पनि उक्त वाक्य उल्लेख भएको देखिदैन ।

यस अलावा यो गोपाल राज वंशावली डा. श्री डिल्ली रमण रेग्मीज्यूले "मेडिइभल नेपाल" तेश्रो भागको १२० पृष्ठमा पनि प्रकाशित भर्नु भएको छ । यसमा पनि "देवालय कृते विदेह प्रतिष्ठिता" भन्ने वाक्य उत्कीर्ण गरेको पाइएको छैन । यो कुन वंशावलीबाट उध्दृत गरेका हुन् ? यात अनर्गल फरमाइस गरेका हुन् स्पष्ट छैन । यसकारण यसको आधारमा भैरव स्थापना गरेका हुन् भनी मान्नु युक्ति संगत देखिएन ।

हो उक्त वंशावलीमा "शिवग्वल स्थानमा देवालय बनाइ दुईवटा देवता स्थापना गरे" भनी बताएको छ । यो शिवग्वल स्थान कहाँ छ र कुन देवता स्थापना गरे थाहा हुन सकेको छैन । बिस्केट जात्राको संस्कृति भन्ने पुस्तकको २८ पृष्ठमा राजा निर्भय देवका पालाको अभिलेख यसरी दिएको छ ।

ॐ अद्यस्तु सम्वत १२५ चैत्रशुक्ल त्रियो दश्यां
महाराजा धिराज श्री नीर्भय देव विजय राज्य ।
श्री खपु .....शिवग्लोत्तर धेनक वास्तव्य जय
चतुपालन स्विया धर दवक परक देव स्थानार्थ
द्वादशमानो धानो प्रज्ञात पति तिलक मराण ।

यसको अर्थ यसरी दिएको छ ।

अर्थात् सम्वत् १२५ चैत्रशुक्ल त्रयोदशीको दिनमा श्रीमहाराजाधिराज श्री नीर्भय देवको विजय राज्य कालमा खपु....शिवग्वलको उत्तरमा रहेको धेनको स्थान-मा बस्ने चतुपाकले देव मन्दिरको लागि १२ मानिका (जगा) राखे ।

यसै सन्दर्भका पुरातत्त्व विभागबाट प्रकाशित "प्राचीन नेपाल" संख्या ५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ९ मा सोहि अभिलेख यसरी दिएको छ ।

ॐ श्रयोस्तु ।। सम्वत् १२५ चैत्रशुक्ल त्रियोदश्यां
राजाधिराज श्री नीर्भय देव बिजय राज्ये । श्री
ख्वपु ·· ·····शिवग्वलोत्तर धेनक वास्तव्य जय
चतुपाकन श्रिया थवङवक परक ···· देवस्थानार्थ
द्वादशमानी धानो प्रज्ञा तप तिलक मराण ···· ।"

साथै श्री हरिराम जोशी ज्यूले "नेपाल प्राचीन अभिलेख" भन्ने पुस्तकको ८५ पृष्ठमा यसरी छापिएको छ ।

ॐ श्रयोस्तु ।। सम्वत श्र ष ह(१००–२०–५) १२५
चैत्रशुक्ल त्रियोदश्यां····महाराजधिराज श्री नीर्भय
देव विजय राज्ये । श्रीख्वपु···· शिवग्वलोत्तर धेनक
वास्तव्य जय चतुपाकन श्रिया थवङ वक परक
देवस्थानार्थ द्वादश मानि धानो प्रज्ञा तप तिलक
मराण····· ।"

यो अभिलेखको भाषानुवाद ठीक कसैले गरेको देखिएको छैन । श्री हरिराम जोशीज्यूले "नेवारी भाषाको सवभन्दा पुरानो अभिलेख हुन्" भनी वर्णन गर्नु भएको छ । अभिलेखका भाषाको प्रकृतिबाट "(ने) सम्वत् १२५ चैत्रशुक्ल त्रियोदशिका दिन राजा नीर्भय देवका राज्यकालमा शिवग्वल स्थानदेखि उत्तर धेनक भन्ने स्थानका सबै जनको जय होस् भनी कामना गरी तिलक राम (तिलकमरा)ले आफ्नै तर्फबाट देव स्थानको वरपर चारकुने तेलिया ईंट छापियो, वाइस मुरी धान आउने जग्गा पनि चढाइयो भन्ने अर्थ लागेको देखिन्छ । अतएव यो अभिलेख टौमढीका भैरव संग कुनै सम्बन्ध देखिएन । तापनि "विस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको २८ पृष्ठमा यसरी लेखिएको छ ।

"भक्तपुरका राजा आनन्द देवले लिच्छविको अन्ततिर नेपाल सम्बत् २६७ देखि २८७ सम्म भक्तपुरमा २० वर्ष राज्य चलाएका थिए । उनले श्री भैरव नाथको मूर्तिलाई हाल टौमढी टोलमा सानो मन्दिरमा निर्माण गरी प्रतिष्ठापन गरेका थिए । आर्को २९ पृष्ठमा यसरी लेखेको छ ।

यो शिलापत्र अनुसन्धान गर्दा पहिले नै स्थापना भैसकेको भैरव नाथको मन्दिरलाई·····आनन्द देवले देश निर्माण गरेको वेलामा त्यहि कायम गरिएको देखिन्छ । लिच्छवि कालमा १४२ वर्ष अगाडी नै भैसकेको १४२ वर्ष पछि अन्तिम लिच्छवि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा आनन्द देवले पहिलेदेखि स्थापना भैसकेको र श्री भैरव नाथको मन्दिर पहिले जस्तै सानो मन्दिरको रुपमा नै जिर्णोद्धार गराइ दिएका थिए ।

यी दुईवटा भनाइमा पहिलोबाट "राजा आनन्द देवले ने. सं. २६७–२८७ तिर भैरवनाथ प्रतिष्ठा गरे" भन्ने देखिन्छ । दोश्रोबाट "ने. सं. १२५ मा नै स्थापना भैसकेको र १४२ वर्ष पछि राजा आनन्द देवले जिर्णोद्धार गरेका हुन्" भनी पहिले-कोलाई संशोधन गरी बताइएको छ । अतएव टौमढीका भैरवनाथ ने. सं. १२५ राजा नीर्भय देव कै पालामा प्रतिष्ठापित भैसकेको छ भन्ने इँगित गरेको छ ।

यस सन्दर्भमा अलि मनन गरिन्छ । पहिले आनन्द देव भक्तपुरका राजा भनी लेखिएको युक्तिसंग देखिएन । किन कि त्यसवेला भक्तपुर, कान्तिपुर, ललितपुर छुट्टिइ राज्य विभाजन भएको छैन । साथै भक्तपुर नामबाट शहर प्रख्यात भएको राजा शङ्कर देवका पाला भन्दा अगावै भैसकेको छ भन्ने कुरा माथि गइसकेको छ । भक्तपुर शहर त्रिपुर पुर भन्ने नामबाट शहर प्रतिष्ठापना राजा नरेन्द्र देवले गरेका हुन् भन्ने व्यहोरा माथि परिसकेको छ ।

राजा आनन्द देवले भक्तपुर राजधानि बनाएको अभिलेखमा भैरव प्रतिष्ठा गरेको कुरा उल्लेख छैन । यो कुरो पनि मांथि परिसकेको छ । परन्तु शिवग्वल स्थानमा मन्दिर बनाई दुइवटा देवता स्थापना गरेको उल्लेख छ ।

साथै राजा नीर्भय देवका पालामा राखिएको ने. सं. १२५ का अभिलेखमा शिवग्वल स्थानका देवस्थान वरपर तेलिया इँट छापेको कुरा स्पष्ट छ । अपितु टौमढीं टोलमा भैरव प्रतिष्ठा गरे भन्ने व्यहोरा उल्लेख भएको देखिन्दैन । मन्दिर वरपर इँटा छापेको भरमा भैरव प्रतिष्ठा गरेको भनी मान्न सकिने स्थिति देखिएन ।

तापनि शिवग्वल भन्ने स्थान कहाँ छ भन्ने विषयमा अलिकति अनुशीलन गरिन्छ । भक्तपुर सुथांबाट प्रकाशित "पासूका" भन्ने पत्रिकाको वर्ष ३ संख्या ३ पृष्ठ ७ मा छापिएको राजा भूपतीन्द्र मल्लका पालाको लिखित पत्रमा यसरी लेखि-एको छ ।

स्वस्ति । श्री श्री जय भूपतिन्द्र मल्ल देव.....
श्री खप्व भुम्यां श्रीशिवग्वल स्थाने तुपुलाच्छे टोल
गृहाधिवासिन.....सं. ८२२ कार्तिक सुदि ६ शु"

यस अभिलेखबाट "शिवग्वल स्थान" भन्ने तुपुलाच्छे (तुलाछें) टोल नजिकै पर्छ भन्ने बुझिन आएको छ । यी तुपुलाछें भन्ने टोल कहाँ छ भनी विचार गर्दा अरनिको सभा भवनदेखि दक्षिण पूर्व, विद्यार्थी निकेतनबाट पूर्वतिर आगम घर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अगाडि उत्तर तिर पेटीसंगै उभ्याइएको एउटा सानो शीलास्तम्भमा यसरी लेखेको पाइएको छ ।

"स्वस्ति श्री ३ तुपराछें आगमजु प्रितिन श्री २
भूपतिन्द्र मल्ल देवया सारिक श्री २ रणजीत मल्ल
देवसन .... सम्वत ८६३ फागुण सुदि १२ शुभ्मस्तु
सर्बदा भवन्तु ।"

यस अभिलेखबाट "श्री ३ तुपुलाछेंका आगम प्रति श्री राजा भूपतिन्द्र मल्लको शालिक राजा श्री रणजीत मल्लले....." भनी बताएको छ । साथै त्रिपुरा सुन्दरी देवीको वायाँ पट्टिका ढुंगेधाराका पेटीमा अवस्थित टुटे धाराको शिलामा यसरी लेखेको छ ।

"स्वस्ति श्री सम्वत ९५३ मिति जेष्ट बदी १५ रोज
२ श्व कुन्हुम श्री त्रियुरा सुन्दरी प्रति त बोछें जधु
पो दुन्ता जुल । तुलाछें टोलया लक्ष्मोनारायण...."

यस अभिलेखबाट "तुलाछें टोलका लक्ष्मी नारासण.....ले श्री त्रिपुरा सुन्दरी देबीलाई टूटे धारा चढाऱ्यू" भनी बताएको छ । यस तथ्यहरूबाट "शिवग्वल स्थान" भन्ने त्रिपुरा सुन्दरी तुला छें टोलमा पर्छ भन्ने स्पष्ट देखिन आएको छ । यस अतिरिक्त भूमि सम्वन्धी तमसूक ताडपत्र भन्ने पुस्तकको ६ पृष्ठमा यसरी लेखेकोछ ।

अयोस्तु सम्वत ७२९ जेष्ठशुक्ल चतुर्श्यां तिथौ
श्रीखप्वं भूम्यां श्रीशिवग्वल स्थाने चोछें टोलका...."

यसै पुस्तकको ९ पृष्ठमा यसरी लेखिएको छ ।

अयोस्तु सम्वत ७७४ आश्विन शुक्ल पञ्चम्यां तिथौ
श्रीखप्व भूम्यां श्री शिवग्वल स्थाने येंछें टोल....."

पुनः यही पुस्तकको १६ पृष्ठमा यसरी लेखेको छ ।

ने. सं. .....वैशाख कृष्ण षष्ठम्यां श्री षुम्पोम्भुमा
यां श्री शिवग्वल स्थाने ग्वाटन भुटोल के....."

साथै सुथांबाट प्रकाशित पासूकाको वर्ष ३ संख्या ४ पृष्ठ ६ मा प्रकाशित राजा भूपतिन्द्र मल्लका पालाको लिखित पत्रमा यसरी लेखेको छ ।

स्वस्ति श्री श्री जय भूपतिन्द्र मल्ल देवस.....
खप्व भूम्यां श्री शिवग्वल स्थाने खनिम टोल...."

उपर्युक्त प्रस्तुत गरिएका अभिलेखहरूबाट "शिवग्वल" स्थानमा "तुपुलाच्छें,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोछें, येंच्छें, क्वाटनभु, र खनिय'' टोलहरु पर्छ भन्ने बुझिन आएको छ। यो टोल-हरु त्रिपुरा सुन्दरी मन्दिरका हाराहारीमा अबस्थित छन्। यस तथ्यबाट त्रिपुरा सुन्दरीका भेगलाईनै ''शिवग्वल स्थान'' भन्ने गरेको रहेछ भन्ने बुझिन आएको छ।

हुन पनि त्यस भेगमा जतातसै पुराना लिच्छविकालीन शिवलिङ्ग प्रसस्तै पाइन्छ। ''शिव'' को अर्थ ''महादेव'' र ''ग्वल (गल) को अर्थ स्थान'' हुन। शिव ग्वलको अर्थ ''शिवै शिव'' भएको ''शिव स्थान'' हो। त्यसैले ''शिवग्वल स्थाने'' भनेको हुनु पर्छ। अत यस शिवग्वल स्थान अन्तरगत टौमढी टोल पर्दैन भन्ने स्पष्ट बुझिन आएको छ।

यस तथ्यबाट राजा निर्भयदेवका पालामा तेलिया ईटा छापेको टौमढी टोलमा होइन भन्ने प्रष्ट हुन आएको छ। साथै आनन्ददेवले ''शिवग्वल स्थानमा मन्दिर बनाइ दुईटा देवता स्थापना गरे'' भन्ने टौमढी टोलका भैरव नाथ होइन भन्ने प्रष्ट बुझाएको छ। किन भने भैरव नाथ दुइवटा छैनन्। एउटा मूर्तिमात्र प्रतिस्थापित छ। यसबाट पनि स्पष्ट हुन आउछ।

अपितु शिवग्वल स्थानका श्री त्रिपुरा सुन्दरीका मन्दिर पछाडि अरनिको सभा भवनको दाहिने तर्फका थुम्कोमा एउटा सानो पुरानाखालको मन्दिर अवस्थित छ। सो मन्दिर एक तल्ले मात्र छन्। पुरानो मन्दिर भत्की नष्ट भएपछि यो मन्दिर बना-एका हुन भन्ने त्यसमा जडिएका माताका नागकन्या हरुबाट पुष्टि गरेको छ।

यसै मन्दिरमा दुइवटा देवटा प्रतिष्ठापित छ। यिनलाई रामलक्ष्मण भन्ने गरेको पनि सुनिन्छ। राजा आनन्द देवका अभिलेखमा उत्कीर्ण गरेका ब्यहोरा यस मन्दिर संग मिल्न आएकोले यिनै हुन भनी अठोट गर्न सकिन्छ। परन्तु यसको सहि अभिलेख प्राप्त नभए सम्म यसै हो भनी निक्यौंल गर्नु युक्तिसंगत देखिदैन।

यो भयो ''शिवग्वल स्थान'' सम्बन्धि परिचर्चा। अब टौमढी टोलको सन्दर्भमा केहि बिचार गरिन्छ। पहिले टौमढी टोललाई ''तलमण्डे'' भन्ने गरेको पाइन्छ। भक्तपुर सुथांबाट प्रकाशित ''पासूका'' को वर्ष ३ अंक ९ पृष्ठ ६ मा छापिएको ताडपत्रमा यसरी लेखिएको छ।

जयोस्तु। सम्वत ६४६ आषाढ कृष्ण द्वितीयायां तिथौ
श्रीखप्व क्षमायां श्री चनिगलस्थाने तलमंडे टोलका…''

अर्को वर्ष ३ अंक १० पृष्ठ ६ र ७ मा छापिएको ताडपत्रमा यसरी लेखिएको छ।

स्वस्ति। श्रीश्री जय विश्वमल्ल देवथाकुरस…… श्रीखप्व भूम्यां
श्री चनिगलस्थाने तलमंडे टोल …… संवत ६७१ आषाढ शुष्टि७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति श्री श्री विश्वमल्ल देव ..... श्री (८) वप्वं भूम्यां
श्री (च) निगल स्थाने ... तलमण्डि टोल ..... टोमलच्छें .....
सं ६७१ पौष ..... ।"

स्वस्ति श्री श्री जय जोत मल्ल देव .... श्री विश्वमल्ल देव
..... श्री खप्व भूम्यां श्री चनिगल स्थान तलमण्डे टोल चलंडाछें
सं ६७२ चैत्र शुक्ल ..... । "

श्रयोस्तु। सम्वत ६९६ भाद्रपद शुक्ल दशम्यां तिथौ श्री खप्व
भूम्यां श्री चनिगल स्थाने तलमण्डे टोल चलंडाछेंननी गृह..."

साथै पासूका वर्ष ४ अंक १ पृष्ठ ८ मा प्रकाशित लिखित पत्रमा यसरी लेखेको छ।

श्रयोस्तु सम्वत ७४० आषाढ .... श्री खर्प्व भूम्यां श्री चनिगल
स्थाने तलमण्डे टोल तिप्रकोछें टोल .... ।"

यी प्रस्तुत गरिएका अभिलेखहरूबाट " तलमण्डे टोल" चनिगल स्थानमा पर्छ भन्ने स्पष्ट बताएको छ। साथै चलडाछें, टोमल छें, तिप्रको छें आदि तलमण्डे टोलका हाराहारैमा अवस्थित छ। यस तथ्यबाट शिवग्वल स्थान अन्तरगत तलमण्डे टोल पर्दैन। चनिगल स्थान अन्तर्गत पर्छ भनी स्पष्ट बुझाएको छ। यस अतिरिक्त गोपाल राज वंशावलीको ३७ पृष्टमा यसरी लेखिएको पाइएको छ।

सम्वत ५०३ माघ शुदि १० तलमण्डोस तोरण दुन्ता। मेगराम
मुल्मीस्यं ..... "

यस उक्तिबाट ने. सं. ५०३ माघ शुदि १० का दिन मेघराम मुल्मीले "तलमण्डोमा तोरण चढाए" भनी बताएको छ। यसबाट "तलमण्डो"भन्ने मन्दिरको नाम भनी बुझाएको छ। यसै पुस्तकको ५९ पृष्टमा यसरी लेखिएको छ।

सं. ४६५ बैशाख शुद्धि ३ तलमण्डे येतामण्डो ध्वजाछाया जजमान
यछे भैरवनन्द शाखुभारो टोलमा,"

यस भनाइबाट ने सं ४६५ बैशाख शुक्ल तृतीयाका दिन यजमान भैरवनन्द शख्-भारोले तलमण्डे अगाडि को मण्डप (सतल) मा ध्वजा चढाए भनी बताएको छ। यसबाट पनि "तलमण्डे" भन्ने मन्दिर हो भनी बुझाएको छ। यस अलबा यसै पुस्तक को ५२ पृष्ठमा यसरी पनि लेखिएको पाइएको छ।

सं ४३९ आषाढ शुध्दि १२ शनिश्चवार स्वप्रहर सुयोधन धारप्व
.....सङका खुंलाङ हया श्व ला सबु तमण्डे भारस चलति हाव,
खोवि हाव ..... । "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस भनाइको अर्थ यसै पुस्तकको १०० पृष्ठमा यसरी दिएको छ ।

ने. सं. ४३६ (वि. सं. १३७३) आषाढ शुक्ल द्वादशी शनैश्चरवारको तीन प्रहर जाँदा सुयोधन ··· चोर पक्रि ल्याइयो । यस महिनामा तलमण्डे (टौमढी)का देवताको पसिना आयो, आँसु आयो ·····"

यस भनाईबाट पनि "तलमण्डे" भन्ने मन्दिरकै नाम हो भनी जनाएको छ । प्रस्तुत गरिएका अभिलेखहरूमा उत्कीर्ण "तलमण्डो" तलमण्डे, तमण्डे" भन्ने सबै एउटै नाम हुन् । कान्तिपुर, काष्ठमण्डपलाई "काठमाण्डु" काठमाडौं" भनीन थालियो । साथै थासमण्डपलाई "थासमण्डु" "थासमदु" थायमदु भन्न थाले । यस्तै "तलमण्डे" को टौमढी भन्न थालेको हुन सक्छ ।

तीनै शहरमा अकसर गरी स्थान टोलको नामबाट देवदेवताको नाम र देव-देवताका नामबाट स्थान टोलको नाम राखिने तथा पुकारिने प्रचलन छ । जस्तै वालाखु, त्रिपुरा सुन्दरी, दत्तात्रय, नासमना, बंशगोपाल, इनाचो आदि छन् । त्यस्तै "तलमण्डे" भन्ने मन्दिरको नामबाट टोलको नाम टौमढी (तःमधि) हुन गएको हो भन्नु अत्यूक्ति नहोला ।

साथै ने. सं. ५०३ को अभिलेखमा "तलमण्डेस तोरण दुता" अर्थात् "तल-मण्डेमा तोरण चढाए" भनी स्पष्ट लेखिएवाट "तलमण्डे" भन्ने भैरवका "मन्दिर" भनी स्पष्ट बुझाएको छ । पुनः ने. सं. ४३६ को अभिलेखमा "तमण्डे भारस" चलति हाव, ख्वावि हाव" अर्थात् "तमण्डेका भैरवको पसिना आयो, आँसु आयो" भनी प्रष्ट लेखिएबाट "तलमण्डे भैरव" तथा "तलमण्डे मन्दिरका भैरव" भनी स्पष्ट बताएको छ । यस तथ्यबाट "तलमण्डे" भन्ने मन्दिरका नामबाट टोलका नाम बन्न गएको हो । यही टौमढी टोलमा ने. सं. ४३६ आषाढ भन्दा अगावै आकाश भैरव प्रतिष्ठापित भैसकेको छ भन्ने प्रष्ट देखिन आएको छ ।

अपितु जुनसुकैको ऐतिहासिक तथ्य पत्ता लगाउन अनुसन्धान गर्नु आवश्यक छ । अनुसन्धान तथा अन्वेषण गर्न श्रोतको अति जरुरत छ । श्रोत भन्न नै जनश्रुति, किम-वदन्ति, कथा तथा टिपोटहरू हुन् । यसैको आधारमा इतिहासको खोजि गरिन्छ । यहाँ भैरवनाथसंग काशिका विश्वनाथ समन्वय गरी एउटा कथा जोडिन ल्याइएको छ । कथा यस प्रकार कथिएको छ ।

"भक्तपुरका विश्व जात्रा हेर्न कासिबाट विश्वनाथ मानवतार लिई आए । जात्राको हुल मूलमा उनको टाउको सबै भन्दा अग्लो थियो । यिनलाई एक तान्त्रिकले देखि पछि लागे । विश्वनाथले आफुलाई चिनेको चाल पाई अलप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन लागे । यसैवेला शीर काटी लिए । सो शीर अद्यापि मन्दिरमा छँदैछ । यसैलाई नै भैरव भनी प्रतिष्ठा गरी पूजन गरे ।"

साथै बिस्केट जात्राको संस्कृति भन्ने पुस्तकको २९ पृष्ठमा यसरी लेखेको छ ।

भेलुखेल ल्योसिंख्य भन्ने स्थानमा पहिले देखि सुरु भैराखेको····नाग नागिनी-को जात्रा····अवलोकन गर्न भारतको ···· काशी वनारसमा बिराजमान श्री काशी विश्वनाथ मानिसको रुपमा····आए । ···· मनुष्यरुप काशी विश्वनाथ ····दर्शकहरू भन्दा शीर एउटा अग्लो थिए । ···· भक्तपुर निवासी तन्त्रज्ञले ····पक्रन अगाडि वढेर जादा विश्वनाथ ···· लोप भई ···· फर्कन लागे । ···· शीरमात्र बाँकी भए अवस्थामा···· हँसियाले शीर छेदन गरे ।···· मनुष्य रुप काशी विश्वनाथको शीर भक्तग्राममा र शरीर काशीमा नै विराजमान भए ।

यो कथाहरूमा कतिसम्मको सत्यता लुकेको छ गर्भ भित्रै छ । यसलाई पुष्टि गर्ने अरू कुनै साधन तथा आधारभूत प्रमाण भेटिएको छैन । अपितु भैरवनाथको मूर्ति मनुष्यवतारको मुखाकृति भएकोले यी कथा रचिएको हो वा कथानुसार मानवमूर्ति स्थापित गरेका हुन् विचारणीय छ । यस सम्बन्धी विस्तृत अनुसन्धान गर्न बाँकी नै छ ।

विश्व जात्रा भनेको "लिङ्गो जात्रा" अर्थात् "इन्द्रध्वज जात्रा" हुन् नागनागी-नीका जात्रा होइन" भनी अभिलेख १६ अङ्कमा प्रकाशित 'भक्तपुरको लिङ्गो जात्रा' भन्ने संरचनमा केही चर्चा गरी सकेको छ । यो लिङ्गो जात्रा ने. सं. ४१४ (वि. सं. १३५३) मा राजा अनन्त मल्लका पालामा प्रतिष्ठापित भई जात्रा चलि आएका हुन् । यसै क्रममा उक्त कथा पनि जोडिन ल्याएको देखिन्छ ।

साथै ने. सं. ४३६ (वि.सं. १३७३) आषाढमा भैरव नाथको शिरबाट पसिना आएको र आँखाबाट आँसु आएको घटना लिङ्गो जात्रा थालनीको २२ वर्ष पछि मात्र राजा अनन्त मल्ल कै पालामा घटेको देखिन्छ ।

यो लिङ्गो जात्रा तथा पसिना, आँसु आएको घटना र कथाको आसय र भावनालाई मनन गर्दा टौमढी टोलमा आकाश भैरवको प्रतिष्थापना ने. सं. ३९४–४३० (वि. सं. १३३१–१३६७) वीच राजा अनन्त मल्ल कै पालामा भएको हो भनी निक्यौंल गर्नु युक्तिसंगत नै देखिन आउँछ ।

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाटन खाछेंस्थित नृत्यनाथ मन्दिर

– प्रकाश दर्नाल

हाम्रो संस्कृतिमा प्रचलित नासद्यो, नाट्येश्वर, नृत्यनाथ, नटराज, नटेश्वर, नरपति आदि शब्दले नृत्य, गायन र संगीतको आराध्य नाट्येश्वर भन्ने थाहा हुन्छ। शास्त्रानुसार शिवले सर्वप्रथम नृत्य गरे । उनलाई देवताले पनि यसमा साथ दिए। सरस्वतीले विणा, इन्द्रले बाँसुरी, ब्रह्माले कठताल तथा विष्णुले मृदङ्ग बजाउन थाले भने लक्ष्मीले गाउन लागिन् । महर्षि भरतमुनिले पनि नाट्यशास्त्र रच्दा नाट्येश्वरको स्तुति गरेको पाइन्छ। त्यस्तै नृत्यशास्त्रका ग्रन्थकार शार्ङ्गदेवले पनि श्लोकको शुरुआत शिवको वन्दनाबाटनै गरेको पाइन्छ।

हाम्रो देशमा यसको परम्परा लिच्छवि कालदेखिनै चलेको देखिन्छ। लिच्छवि समयमा अभिलेख सहितका घेरै शिव लिङ्गहरू पाइन्छन् । लेलेको प्रसिद्ध शिवदेव अँशुवर्माको सम्बत् ५२६ को अभिलेखमा सर्वप्रथम पहिलो वादित्र गोष्ठीको विवरण पाइन्छ। त्यसैगरी गोरखा, गोरखनाथ गुफाको शिवदेवको अभिलेखमा वज्रभैरवको कारण पूजा गर्दा बाजा बजाइने चलन भएको उल्लेख भेटिन्छ। हाम्रो आजको गुठी व्यवस्था लिच्छविकालीन गोष्ठीबाट नै विकसित भएको रुप हो।

काठमाडौं उपत्यकाका तथा यसको वरपरका क्षेत्रहरूमा नासद्योका थुप्रै मन्दिर-हरू पाइन्छन् । भक्तपुरमा त नासद्योसंगै हैमाद्योका मन्दिरहरू पनि भेटिन्छन्। यसलाई नासद्योको विघ्नकारी प्रतिरुपको रूपमा मानिन्छ। हैमाद्योलाई संगीतमा हुने गल्तीको लागि जिम्मेवार ठानिन्छ। नासद्योको सबभन्दा ठूलो मन्दिर हनुमान ढोका क्षेत्रमा रहेको काष्ठमण्डपसंगैको कविन्द्रपुरलाई मानिएको छ । यसरी नेपाली संस्कृतिमा नासद्योको परम्परा प्राचीनकालदेखि नै अक्षुण्ण रही आएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा नाट्येश्वर वारे प्रचलित दुई आख्यान यहाँ उल्लेख गर्न समचिन ठानेको छु, भनिन्छ नेपालमा असली नाट्येश्वर नर्जाकविलासका महादेव नै हुन् । उनका विषयमा धेरै किम्वदन्तीहरू छन् । यस अनुसार थानसिङ्घाट उनी भेष बदली राती राती संघै काठमाडौं उपत्यकामा आउँथे । रातभरि घुमी फिरी उनी पहिलोपल्ट गोङ्गबुंमा आई पुगेछन् । त्यहाँबाट गोलपाखाको सल्लाघारीमा पुगेछन् । यसपछि ठहिटी पुगेछन् । अन्तमा बाँगेमुढा आइपुग्दा त्यही कुखुरा बासिदिएकोले उनी त्यही नै शीला भइ बसेछन् । यसै बीच काठमाडौंका एकजना तान्त्रिकले सपनामा नाट्येश्वरको परिचय पाएछन् । सपनामा नाट्येश्वरले दिएका निर्देशन बमोजिम उनले जहाँ जहाँ नाट्येश्वर बसेका थिए, त्यही त्यही उनको प्रतिमा स्थापना गरी पूजा चलाउन लगाएछन् । यसपछि नेपाली संस्कृतिले उपर्युक्त ठाउँहरूमा नाट्येश्वरको पूजा चलाउन थालिएको भनिन्छ ।

अर्को कथा अनुसार भीमसेनले नाट्येश्वरसंग संगीत सिक्दा भीमसेनले स्वराभ्यास गरेको स्वर गधाको स्वरसंग मिल्न गएकोले मलाई गधाको स्वर जस्तो संगीत सिकाउने भनी नाट्येश्वरसंग झोक्किएर उनलाई लखेटेकोले, भीमसेनको डरले गल्ली गल्लीका प्वालभित्र लुक्नु परेकोले, नाट्येश्वरको प्रतिमा अगाडि प्वाल राखिएको भन्ने भनाई छ । यसैले होला नाट्येश्वरको मन्दिरमा पहिले दृष्टिगत हुने तीन वटा प्वाल हुन् । यिनै प्वालभित्र नाट्येश्वर रहेको हुन्छन् । यस सम्बन्धमा अन्य पक्ष थाहा हुन सकेको छैन । यो चलन कहिले र कुन वेलादेखि चल्यो ? यसै हो भनी किटान गर्न सकिएको छैन । अन्वेषण गरिएमा अवश्य नै यसको ऐतिहासिक पृष्ठभूमि र प्रमाणित आधारहरू पत्ता लाग्ने थिए होलान् (दर्नाल रा. श., २०३८, ८२/८३)।

पाटन उप-महानगरपालिका वडा नं. १६ हालको खाछें टोलस्थित चोकको पूर्व–दक्षिणतर्फ दुई घरको कुनामा नृत्यनाथ मन्दिर रहेको छ । पश्चिमतिर फर्केको एकतले यो नृत्यनाथको मन्दिर ज्यादै कलात्मक छ । यसको चारवटा काठका खम्बाहरू पनि कुंदिएका छन् । त्रिकोणात्मक अग्र भागमा चरा र जनावर मिश्रित आकृतिको साथै नृत्यनाथको तिनवटा काठका मूर्तिहरू भएकोमा हाल मूर्तिहरू चोरिएको पाइयो । कार्नेशमा पनि जनावर मुखाकृति पाइन्छ । यसै माथि दुईवटा कुशल, छ वटा टुंडालहरू र तिनवटा साना कलात्मक झ्यालहरू छन् । छ वटा टुँडालहरू मध्ये दुईवटा नर्तकको, दुईवटा मृदङ्ग वादकको, एउटा गणेश र अर्को नृत्यनाथको देखिन्छ । यसको छाना चुना सुर्कीको घण्टाकार छ । गजूरचाहीं सुन मोलम्बा भएको तामाको छ । यो छानामा भएको सम्वत् अनुसार १९९८ सालमा जिर्णोद्धार भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थाहा भयो। छानाको तल धातुको बुट्टा काटेको मुठुल पनि आकर्षक देखिन्छ। मन्दिरमा तीनवटा प्वाल प्रतिक प्रस्तरका नृत्यनाथ छन्। नृत्यनाथको दुबैपट्टि सिंह भएको, माथितिर नृत्यनाथको आकृति कुंदिएको कलात्मक धातुको पाता १९९० सालमा राखिएको पाइयो। नृत्यनाथको अगाडि उत्तरतिर फर्काएर राखिएको प्रस्तरको खम्बामा ढुङ्गाको हनुमान मूर्ति छ। मूर्ति अगाडि ढुङ्गाकै दियो पनि छ। प्रस्तरमा अभिलेख कुंदिएको पाइन्छ। अभिलेख अनुसार ने. सं. ७८७ मा खालचो छेंमा रूद्रसिंह भारोको श्रीमती ललितामयी र छोरा हरि भारो दुलही पदमावतीमयी समेतले नाट्येश्वरलाई ढुङ्गाको दियो चढाएको प्रसङ्ग परेको छ। हालको खोछें टोल खालचो छेंको अपभ्रंस भएर बनेको देखिन्छ। यो अभिलेख राष्ट्रिय अभिलेखालयका श्री हिरारत्न वज्राचार्यले पढी, भावार्थ गरी दिनु भएकोले यो लेखक उहाँप्रति आभारी छ।

नृत्यनाथसंगै ने. सं. ९३९ को शिलालेख पनि छ। नृत्यनाथ नेपाली संस्कृतिको एउटा अभिन्न अंग भएर रहेको छ। हरेक नाच, गान र बाजा सिक्नु परेमा पनि आराध्य नृत्यनाथ। अर्द्धनारीश्वरको आराधना वा स्तुति गरेर शुरू गर्ने प्रथा आदि कालदेखि नै चल्दै आएको पाइन्छ। यस नृत्यनाथमा विशेष गरी वडा नं. १५ र १६ का वासिन्दाहरू पूजाआजा गर्न आउँछन। यहाँ पूजाआजा नित्य गरिन्छ। त्यस्तै बली पनि चढाइन्छ। मन्दिरको चोकमा अवस्थित चैत्यमा मतया पर्वमा बत्ति बाल्ने चलन अद्यापि छँदैछ। यहाँ ने. सं. ८९७ को शिलालेख छ। पूर्वतर्फको अर्को शिलालेख कारणवश हेर्न सकिएन। यो चैत्यको गर्भगृह सहितको छत्रावली हालसालै चोरी भएको पनि थाहा भयो।

सन्दर्भ ग्रन्थहरू:-

१. सम्पा. कोलभर, बर्नहार्ड– १९९०, एस्पेकटस् अफ नेपलिज ट्रेडिशनस्, नेपाल रिसर्च सेन्टर १९, काठमाडौं।

२. दर्नाल, रामशरण, २०३८, संगीत परिक्रमा, साझा प्रकाशन, पुल्चोक।

३. वज्राचार्य, घनवज्र, २०३०– लिच्छवि कालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि.।

४. रेग्मी, जगदीशचन्द्र, २०५१– काठमाडौं शहर भाग १ अफिस अफ नेपाल एण्टीकनेरी, टगाल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाटनको नृत्येनाथ मन्दिर स्थित ने. सं. ७८७ को शिलालेख :–

भाषा:– नेवारी

लिपि:– प्रचलित नेवारी

संवत्:– ने. सं. ७८७

विषय:– ढुङ्गाको दियो चढाएको

मूलपाठः

श्री नृत्येनाथाय नमः ।। भूतेशं भस्म लिप्ताङ्गं भ
वानी पतिमीश्वरं । भजेह नृत्यनाथं तं भव
सौख्य प्रदायकं ।। श्रेयोऽस्तु संवत् ७८७
माघ शुक्ल पचमी. शनैश्चरवार कुन्हु श्री ३
नाटेश्वर स्के, खालचो छे या रुद्रसिंह भारो
भार्या ललितामयि, पुत्र हरि भारो, वधु प
द्मावती मयि थृति समूहन, थ्व माक़ल दिवा
लोहोन ज्याचकं दुन्ता जुरो शुभ ।। ❀ ।।

भावार्थः

श्री नृत्येनाथाय नमः ।। नेपाल संवत् ७८७ माघ शुक्ल पञ्चमी शनिश्चरवारका दिनमा खालचो छे भन्ने स्थानमा वस्ने रुद्रसिंह भारोको श्रीमती ललितामयि र छोरा, दुलही स्मेतले नाटेश्वरलाइ ढुङ्गाको दियो चढाएको कुरा उल्लेख छ ।

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमि सम्बन्धी ताडपत्रहरू

– सिद्धिरत्न शाक्यभिक्षु

पूर्व मध्यकाल र मध्यकालमा प्रयोग भएका भूमि सम्बन्धी तमसूक ताडपत्रहरू नेपालको इतिहासमा धेरै महत्त्वपूर्ण ऐतिहासिक कागज पत्रको रुपमा लिन सकिन्छ । यस्ता भूमि सम्बन्धी ताडपत्रहरूमा साधारण र विशेष प्रकारको माटोको शीलछाप-हरू भेटिन्छन् । तत्कालीन समयमा तमसूकको रुपमा प्रयोग हुने यस्ता ताडपत्रहरूको विशिष्ठ महत्त्व राखिन्थ्यो भन्ने कुरा यस्को अध्ययनबाट थाहा पाइन्छ ।

अन्वेषक महानुभावहरूका सहयोगका लागी यस राष्ट्रिय अभिलेखालयमा संग्रहित भूमि सम्बन्धी तमसूक ताडपत्रहरू क्रमिक रुपमा प्रकाशित गरिंदै आएका छन् । यसबाट लिपिको ज्ञान नहुने अनुसन्धानकर्ताहरूलाई समेत विशेष सहयोग सावित हुन गएको छ । यस अङ्कमा भूजिमोल लिपिवाट लेखिएका ५ थान तमसूक ताडपत्रहरू छन् भने अरू सबै प्रचलित नेपाल लिपिमा लेखिएका तमसूक ताडपत्रहरू प्रस्तुत गरिएका छन् ।

ने. सं. ८७४

बट्टा नं. ३७ पत्र नं. ५४१

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत ८७४ भाद्रबद शुक्ल ।। अष्ठम्यान्तिथौ ।। श्री ललित
न्नुमायां श्री माणिग्लात्नैक्रत्यस्ठ वाहार लुखा कुसिक्वलं यौतागृह ।। चिकिति
भारोस नाम्नाः सकाशात ।। नलिद्व चाकलं यौतागृह ।। प्रधानाङ्ग महापात्र श्री
२) घंजु वर्म्मणस नाम्नः स्वक्रीयं स्वभुज्यमानिकं ।। कुसूमतीर्थ वातिका नाम प्रदेशे ।।
श्री राज्ञो शीमायाः पश्चिमतः ।। मार्गेण उत्तरतः ।। घाणंकस्य फुकिजया
वातिकायाः पूर्व्वतः ।।–दक्षिण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) तः ।। एतेषाम्मध्ये तद्वाटिकायादाधिकमेक कर्षाङ्का कर्बछि १ जवछि १ यथानग्लकल प्रवर्त्त मानस्तथा संचारार्घेण यथोचित मूल्यमादाय क्रयविक्रय स्वाधिनेन तेनानिवृत्तिक न्यायेन क्रयेन विक्रयेत्वम् भवति यदिस्या

४) द्देविक राजिक विना ततक्षत्रङजुया शकत विवादकाले तदाधार्णकेन परिशोधनीयमत्र पत्रार्त्थे साक्षि धार्ग्णकस्य ज्येष्ठ भ्रातृ श्री ध्वकह्म वर्म्मण भ्राता पुत्र कृष्ण वर्म्मण द्वेयोः दृष्टः ।। तद्वाटिकाया सर्व्व शोधानपुरङ्ग पाचु ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८७४ (वि. सं १८१०) भाद्र शुक्लमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाई साइज ३७ से.मी. चौडाईमा ४५ से मी.को छ । यसमा माटोको शीलछाप छ । छापको बीचमा 'श्री' अक्षर अङ्कित छ । 'श्री' को बाहिर घेरा र घेरा बाहिर विन्दु बुट्टाहरू छन् । यसमा ल.पु. बाहार लुखा कुसिक्वलँ यौता गृहका चिकिति भारोले वारी खरिद गरेको कुरा उल्लेख छ ।

ने. सं. ८७६

बट्टा नं· ३७ पत्र नं· ५४२

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत ८७६ मार्गशिर शुक्ल चतुर्दश्यान्तिथौ श्री ललित ब्रुमाया श्री माणीग्लादपश्यमस्ठ ।। हृतका बाहार चाकल यन्तागृह वजाचार्य्य श्री रत्नपाल

२) जु सनाम्नाः सकासात ।। वाहार रूखा लंयेतागृह पात्र वंश रावत्त मेरुवावूस नाम्नः स्वक्रीय खभुज्य मानिकं ।। पलिङको वाटिका नाम प्रदेशे ।। ग्राहक

३) स्यक्षत्रेण पश्चिमोत्तरतः पूर्व्वतः दक्षिणतश्च ।। एतेषान्मध्ये तद्वाटिका मेक क्रषाङ्क कर्ष छि १ यथानगरकार पवत्तमानस्तथा संचालाध्रेन योथोचित्मूल्य

४) मादाय क्रयबिक्रय स्वाधिनावतकं न्यायण क्रीयविक्रीयतं भवति यदिश्यादैविक राजिक विनाया शंकट विवादाकाल्य तदाधार्णकेन परिसोधनीय अत्रप

५) त्रार्त्थे साक्षि धार्णकस्य पुत्र भाजु धनवावु दृष्ट् ।। पुर्व्व तलपत्रने थानया छ पूपति नेचोङस पिमकायाजुरोः ।। एतत बाटिक द्वातिका सर्व्बशोधाण पाचूः शुभः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८७६ (वि.सं. १८११) मंसोर शुक्ल चतुर्थीमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो। यो ताडपत्र लम्बाईमा ३० से.मी. र चौडाईमा ४ से.मी. छन्। यसमा 'श्री' अङ्कित माटोको शीलछाप छ। 'श्री' को वरिपरी बिन्दु बुट्टाहरू छन्। यसमा हतकाबाहारका श्री रत्नपाल वज्राचार्यबाट १ कर्ष वारी खरिद गरेको व्यहोरा उल्लेख छ।

ने. सं. ८४५

बट्टा नं. ३७ पत्र नं. ५४३

मूलपाठ:–

१) श्रेयो····सम्वत् ८४५ फाल्गुण कृष्ण: ।। द्वितियांन्तिथौ ।। श्री ललितब्रुमायां श्री माणीग्लानैक्रत्यस्ठ ।। थंवु ताहवमगुडि लयेतागृह वज्राचार्य्य श्री जय जोतिजु: श्री राजमानजु; भ्रातापुत्र रत्नराजजु: भ्रातृपुत्र श्रीलक्षेश्रिजु यते सहस नाम्न स्वकीयंस्वभुज्यमानिकं ।। त्रटैव गृह

२) वजाचार्य्य श्री चिकुर्तिजुस नाम्ना सकासात ।। म्युंद्वल क्षेत्र नाम प्रदेशे ।। मागेणोतरत: । श्री जय जोतिजुस क्षेत्रा उर्त्तरत: । श्री ३ वुंग देवया क्षेत्र सिमाया पूर्व्वत: । श्री राजमानजुया क्षेत्रा दक्षिणत:श्व ।। एतेखामध्ये तत्क्षेत्र बालह रोपनिकं रोबाङ्ग रोग्रो श्लनसि १२ थ्वतेस षुवोसछिवो जक

३) जुरो ।। सकर्षकंसमपलिभोग्यं तद्यपानग्लेकाल प्रर्व्वतमानेन तथा संचालाधेन यथोचि मूल्यमादाय क्रयविक्रय स्वाधिनानेन तेनानिवृतकं न्यायनक्रयनविक्रयत्त्वं भवति यदि स्यादैविकराजिक विनाताक्षेत्रपाशकङम् विवाद्वाकाले तदाधार्ण केन पलिस्वधनीयं अत्रपत्रार्थे धार्ण्क

४) स्य साक्षि श्री लक्षेमुनिजु दृष्ट ।। तत्क्षेत्रया सर्व्वस्वधानकं पाचु जुरो ।। शुभं।। पछाडि लेखिएको म्यंद्वल क्षेत्रया क्रयपत्र:

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८४५ (वि. सं. १७८०) फाल्गुण कृष्ण द्वितिया तिथिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो। यो ताडपत्र लम्बाईमा ४३ से. मी. र चौडाइमा ३ से. मी. रहेको छ। प्रचलित नेपाल लिपिमा लेखिएको यस पत्र म्यंद्वल क्षेत्र नाम प्रदेशमा रहेको १२ रोपनी खेत मध्येमा ६ भागको एक भाग विक्री गरेको कुरो उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८३६

बट्टा नं. ३७ पत्र नं. ५४४

मूलपाठः–

१) ।। श्रेयोस्तु ।। सम्वत् ८३६ मार्गशुक्र ।। एकादश्यान्तिथौ ।। श्रीभत्कान्तिपुर महानगरे ।। श्री यम्बूब्रुमायां श्री गाङ्गूरके ।। केरतोर जमर्वाहार वन्ताछे वज्राचार्य्य भिक्षु श्री मुनिजुन हेङा ।। सयओतोर र·····कनेष्ठपिता

२) वजाचार्य्य भिक्षु श्री जयसिंजुन काया ।। सयओ गृह नमसज्ञकं ।। धर्म्मदेओया गृहनयौ ।। वाहार भूमेन (थ) ।। जय धनसिया गृहेन यँ ।। मार्ग्गेनको ।। थुतेचतुराद्यात नदुछे च् २ कु १२।। नेटभ्याजा····कू १७ चु. ५ थुते

३) स वछी जुरो ।। थुते त्वाकपतिन शुकृविकृन कायाजूरो ।। प्रति धनिपुरस हेङा ।। दृष्ट साक्षी सोपुत्र भिक्षु श्री वज्रधरजू ।। थाक थापित वादेओ ।। ग्यानजति ।। मुरकटं ३० दुंतासेन पाचु ।। शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ताडपत्र ने. सं. ८३६ (वि. सं. १७७१) मसीर शुक्ल एकादशीको तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो । यस ताडपत्रको लम्बाईमा ३१.५ से.मी. र चौडाईमा २.५ से. मी. छन् । यस ताडपत्रमा माटोको शीलछाप छैन । ताडपत्रको पछिल्लो भाग केही मुसाले काटेर जिर्ण भएको छ । यस पत्रमा भिक्षु वज्रधरजु, थापित वादेओ र ग्यान जाति जम्मा तीन जना बसेका छन् ।

ने. सं. ८८८

बट्टा नं. ३७ पत्र नं. ५४६

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८८८ आषाढ शुक्ल ।। द्वादश्यान्तिथौ श्री ललितब्रुमायां श्री माणिग्लात्पूर्ब्बष्ठ, दत्तलाछे ध्वकवाहा ननि यन्तागृह मनोरथसिंह भारोस नाम्नः स्वकीयंस्वभूज्यमाणिकं ।। द्वाया हतखावाहार वाछेननि वन्तागृह वजाचार्य्य श्री धर्म्मश्वरीजुस नाम्ना सकाशात् ।। जेनावाहार ननि यौतागृ

२) ह जाव पातारनाम प्रदेशे ।। ननिओ कृष्ण भारोस गृहओ द्वयोः शीमायाः पश्छिमतः चैत्रकाल·····गुथियागृह उत्तरतः । मार्ग्गात्पूर्ब्बत दक्षिणतश्च ।। एतेषाम्मध्येतद्गृह जावपातार नखाननि २ जवछि १ तद्गृह स्वशीमा सह यथा नगरकाल प्रवर्त्तमानेन तथा संचालार्षण यथोचित्मूल्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) दाय क्रयविक्रय स्वाधिनेन तेनानिबृत्तकं न्यायेन क्रयणविक्रयत्वम् भवति ।। यदिस्याद्देविकराजिक विना तद्गृहभूयाः शंकटविवादकाले तदा घार्ण्णकेन परिशोधनीय अत्र पत्रर्त्थे साक्षी घार्णकस्य पुत्रभाजु यन भारो दृष्ठः ।। तद्गृह-जावपातारया शर्व्वशोधान पाचकं धुंग्वजुरो ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ताडपत्र ने. सं. ८८८ (वि. सं. १८२४) आषाढ शुक्ल द्वादसिको दिन लेखिएको ललितपुरको तमसूक ताडपत्र हुन् । यसको लम्वाई ४४ से. मी. चौडाई ३ से. मी. छन् । यसमा 'श्री' अक्षर लेखिएको माटोको शीलछाप छ । 'श्री' वाहिर घेरा र घेरा वाहिर बिन्दु बुट्टाहरू छन् । यस ताडपत्रमा गृहसीमा सहित पातार जग्गा नखा २ जवछि १ विक्री गरेको व्यहोरा उल्लेख छ ।

ने. सं. ८३०

बट्टा नं. ३७ पत्र नं. ५४७

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८३० आषाढ कृष्ण ।। अष्टायान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लके पश्चिमत ।। श्री न्हुरबाहादुर खण्ड चुक येकुलिगृह माहाननि लक्ष्मीणमयि भरिस नाम्नासकात् ।। सयवो खण्डचुक येता ओतु गृह पात्रवंश रावत्त तो

२) यु खवार भारोस नाम्नेनशुक्रीयं स्वभुज्यमानिकं ।। सयवो खण्ड चुक येकुलि दुदु पातार नाम प्रदेशे ।। शंक्कर भारोस पातार शिमाया पश्चिमत ।। घार्णकस भूम्यांणोत्तर पूर्व्वत ।। ग्राहाकस भूमेण दक्षिणतश्य ।। एतत्मध्यतत्पार दाङ्गन कुन्ह्यडात सकर्षणस्य

३) षरिभोग्यजथानग्रकार प्रर्व्वत्त मानेस्तथासंचारार्घण यथोचित्मूल्यमादाय क्री-बिक्री स्वाधिनेना निबृत्तकं न्यायणत्रेण बिक्रेत्वं भवति ।। जदिस्याद्दैबीकराजिक विना संकट व्यावाद्वाकरे तदाघार्णकश परिस्वधनियं अत्र पत्रार्थे साक्षि घार्णकस पुत्रभाजुराम भारो दृष्ट ।। ता

पछाडिपट्टि लेखिएको:– पातारया क्रिनद्वाको पुलन पाचकं धुगोजुरो ।। शुभ मस्तु ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांशः–

यस पत्र ने.सं. ८३० आषाढ कृष्ण अष्टमिमा लेखिएको हो । ललितपुर जिल्लाको यस तमसूक ताडपत्रको लम्बाई ४८ से. मी. र चौडाईमा ३ ५ से. मी. छन् । वाहिर बिन्दु बुट्टाहरू भएको घेराको बीचमा 'श्री' अङ्कित भएको माटोको शीलछाप छ । यस ताडपत्रमा बजार भाउ अनुसार पातार जग्गा किनवेच गरेको व्यहोरा उल्लेख छ ।

ने. सं. ८७४

बट्टा नं. ३७ पत्र नं. ५४९

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८७४ बैशाष कृष्ण ।। त्रयोर्द्दश्यान्तिथौ ।। श्री ललितव्रुमायां श्रीमाणिग्लानैक्रत्यष्ठः वाहारल्खा कुसिक्वलं यौतागृह चिकति भारोस नाम्नाः सकासात् ।। वाहार ल्खाल येतागृह पात्रवश रावत भाजु धनवावूस ना

२) म्ने स्वक्रीयं स्वभुज्यमानिकं ।। सिजोल बातिका नाम प्रदेशे ।। मार्गण पश्चिमतः दत्तवाहा वदे ुस शिमाया पूर्व्वतः एतत्मध्य तद्वाटि

३) का तृयकर्वाङ्ग कर्ष स्व ३ एतद्वातिका सकर्ष सम्परिभोग्यतद्यवा नगरकाल प्रर्त्तमानस्टथासंचालाधेण यथोचित्मूल्यमादाय क्रयविक्रय स्वाधिनानृवृत्त न्यायणकीय बिकीयतं भवति ।। यदिस्यादैविक राजिकः

४) विना एतेस्वव्यक वाटिकाया शकट विवादाकाल्य तदाधार्णकेन परिशोधनीयं अत्र पत्रार्थे साक्षी धार्णकस्य ज्येष्ठ भ्राता मुकुण्दसिंह वावु दृष्ट ।। सर्व्वशोधान पाचकं धुंग्व ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८७४ (वि. सं. १८१०) बैशाख कृष्ण त्रियोदशी तिथिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यो ताडपत्र लम्बाईमा ३७ से. मी. र चौडाइमा ४ से. मी. छन् । यसमा विन्दु बुट्टाहरू भएको घेरा वीचमा 'श्री' अङ्कित शीलछाप छ । यस पत्रमा कर्ष ३ वाटिका विक्री गरेको उल्लेख छ ।

ने. सं. ८३४

बट्टा नं. ३७ पत्र नं. ५५२

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८३४ कात्तिक कृष्ण ।। षस्थान्तिथौ ।। श्री ललितव्रुमायां श्री माणिग्लात्स्य·····ताहावमगुडि वन्तागृह वज्राचार्य्य श्रीचिकुटिजुस नाम्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकासात् ।।..... वाह

२) रलं येता श्रीं राजदैवज्ञ महेन्द्रराज भारोस नाम्नेण शुक्रीयस्वभुज्ये मानिक ।। ङखोक्षेत्र नाम प्रदेशे ।। घलशीमायां पश्चिमतः ।। नदीशीमायां उत्तरत ।। श्री ३ बुगदेव याओ, गुथिया

३) ओघयोशिमाया पूर्ब्वत ।। श्री श्री राजयाओ पूलचोया पनि सवो, द्वयो क्षेत्रेण दक्षिणतश्च ।। एतत्मध्ये तत्क्षेत्र षदरोपनिक रोवाङ्ग षू ६ सकर्षकं स्मपरि-

४) भोग्य यथानग्रकार प्रब न्त मानस्तथा सञ्चारार्घेण यथोत्रित्मूल्यमादाय क्रयविक्रय स्वाधिनेनतेनानिवृत्त कंन्यायर्णक्रयण विक्रयत्वं भवति ।। जदिस्याद्देवीक राजिक विनातक्षत्रया संकट व्यावाद्वाकारे तदाधार्ण

५) केण परिस्वधनिये अत्र पत्रार्थे साक्षि धार्णकसपितृ श्री राज दैवज्ञ मोतिराज भारो दृष्ट ।। तत्क्षत्रया क्रिप्न द्वाको पुलन पाचक धुंगो जुरो ।। शुभमस्तु ।।

मूलपत्रको परिचय र सारांशः–

यो पत्र ने. सं. ८३४ (वि. सं. १७६९) कार्तिक कृष्ण षष्ठी तिथिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यस ताडपत्रको लम्बाई २३ से. मी. र चौडाई ५ से. मी. छन् । यस ताडपत्रमा घेरा वाहिर विन्दु बुट्टाहरू भएको 'श्री' अङ्कित अक्षर भएको माटोको शीलछाप छ । यस पत्रमा खेत बिकी गर्नेको पिता राजदैवज्ञ मोति राज भारो स्वयं साक्षि बसेको उल्लेख छ ।

ने. सं. ७४८

बट्टा नं. ३७

पत्र नं. ५५४

मूलपाठः–

शीलछाप रहने ठाउँमा लेखिएको (१) शुभं ।। थंयिताय चाकलं यंता (षौ) लनछे जावछे खा नसि×कु ११ लिविपाता त्या×लनवो वाखा×व्याकु ८× त्यावो परिमान जुरो थ्वतेया की पत्रमिदं ।। सं. ७४८ मार्गशिर शुदि ४

१) श्रेयोस्तु ।। सम्बत ७४८ मार्गशिर शुक्ल ।। तृतीयांतिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लके आग्नेयकोणिके श्री वंक्षवाहार माहावोद्विगृह ।। साक्यवशोद्मव श्री कुसुम राजजुस अभ्यसहस नाम्ना सकासात् ।। थंयिनायं चाकलं यंता झोलन छें गृह ।। विश्वकर्म्मा जिवन भारोस नाम्णेण स्वकीयं स्वभुज्यमानिकं सएव थंयिनाय चाकँ वंता कोडलन (छें) ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) वंक्षवाहार माहावोद्वि गृह ।। साक्यवंश श्री समलजुश गृहशिमायां पश्चिमतः ।। रथचक्रम मार्गेन शिमायां उत्तरतः ।। सएव थंयिनाय भीमासिह भारोस गृह शिमायां पूर्व्वतः ।। श्री श्री राजया गृहशिमायां दक्षिणतः ।। एतेषाम्मध्ये रथ्यामार्गेन पूर्व्व गमन पुन उत्तर प्रवेश, चाकलंगृह मण्डल दक्षिणाभिमुषः ता चाकलं यँता झोलन छें या···· ···· द्वार स्व ३ कु ···· ····

३) लभुं सह ।। एते तत्गृह वस्ठित वाहिरि द्वाराङणस्यँदिनीकायत्क्षणी, स्ठापरवलाल संधान स्वसिमा सकर्षकँस्मपरिभोग्यँ यथानगरकाल प्रवत्तमानेन सम्याराधेन यथोचितमूल्यमादाय क्रिविक्रीस्वाधिनेनते नानिर्व्वत्तकँ न्यायेनकेण विक्रियतम्भवाति यदिस्याद्देविक राजिक विनातागृह शँकट व्यावादकाले तदा धार्णकेन परिसोधनियँ अत्र पत्रार्थे ···· ····

४) धार्णकस्य भ्रात्य विश्वकर्म्मा कृष्ण राज भारोस मेक दुष्ट ।। कीपन सर्व्ब सोधान पुलण धुँग्व जूरो ।। शुभँ ।।

मूलपत्रको परिचय र सारांशः–

यस पत्र ने सँ. ७४८ (वि.सँ. १६८३) मँसीर शुक्ल तृतिया तिथिमा लेखिएको तमसूक ताडपत्र हो । यस ताडपत्रको लम्बाईमा ७३ से. मी. र चौडाईमा ४५ से.मी. छन् । यस पत्रमा शीलछाप झरिसकेको देखिन्छ । दाहिने भाग टुक्रा नभएको यस ताडपत्र घर विकि सम्बन्धीको व्यहोरा देखिन्छ ।

ने. सं. ८४६

बट्टा नं. ३७ पत्र नं. ५५५

मूलपाठः–

१) सम्वत ८४६ भाद्र पद वद्वि ७ श्री खवारविहारि खाशा पुष्दि येतागृह शाक्यवँश श्री परिदेवजुतश्रो स्वगोत्र भ्राता पुत्र श्री घंचाजुस श्रो थेथे मानात्तिन वुनबहेल

२) गाया भापा च्वतँ ।। भाषा पूर्वे स्वल्पमार्ग दक्षिणे राम भारोया कायया पश्चिमे विश्वराम भारो, उत्तरे श्री रत्नपति वदेजु, तवश्थारया भोगथिया द्वयोस थ्व

३) ते चतुराघाटन दुदोलवलवु वाटिका जव नसि २ वाजोश्रो × भूय वषनपे त्वँ वुवा जो × भूय मोहर टँका पि ४ थ्वते वु दाम श्री घँचाजुस्न कार्स्यँ थ्वयापाल

४) दोसिक, चलतिदोलवु चुजुमदु रोव छि १ थ्वते श्री परिदेवजुयात विस्यँ कि बिकिन हेलङ धुंग्वजुरो ।। थ्व वुस विवाद काले थवथव थस यमशुद्धके

५) माल जूरो ।। थ्वतेया साक्षी उभस्वगोत्र श्री सूर्यजु श्री भागीसिंहजु श्री शिल्पति जु मातुरविवश्रीजु सएव सिद्धिसिंह भारो एते दृष्टँ ।। भाषा नेभिर्पु ।। शुभँ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछाडि लेखिएकोः- पुनर्भाषा श्री परिदेवजुया श्री राजबशुन केङाव हेलापंत्र चोया जुरो ।। शुभँ ।।

मूलपत्रको परिचय र सारांशः-

यो ने. सँ. ८४६ (वि.सं. १७८२) भाद्र वदि सप्तमीका दिन लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यस ताडपत्रको लम्बाई २८ से. मी. र चौडाई ४ से.मी. छन् । यसमा माटोको शीलछाप छैन । यस पत्रमा जग्गाबाट जग्गा साटी लिएको व्यहोरा उल्लेख छ ।

ने. सं. ७७६

बट्टा नं. ३८ पत्र नं. ५५६

मूलपाठः-

१) श्रेयोस्तु ।। सम्वत् ७७६ आखाढ शुक्र नवम्यान्तिथौ श्री मध्यपुरि स्थाने थेमि मादुटोल काधिवासिन ग्राहक वज्र्राचार्य्य मुनिवंडे धर्म्मवंडे नेह्मकस्य नाम्ना सकासात स्वननिकं वास्तव्यं धार्ण्यक माघराम कस्त स्व

२) म्हं फुजकस्य नाम्नंश शुक्रिय स्वभुज्येमानिकं स्थानस्य पूर्वादिश प्रवेश गुथिस क्षेत्रेन पश्चिमतः मानकस्य क्षेत्रेन उर्तरतः जिवराजकस्य क्षेत्रेन पूर्व्वतः श्री श्री राजकुल क्षेत्रेनं दक्षिनतश्च एतत्मध्ये वतति जोर क्षेत्र नाम सं

३) ज्ञकं तस्यक्षेत्राङ्क दुय कर्ष नस्य २ ततक्षेत्र यथा देशकार प्रवत्मानस्तथा संचारार्धेण सूवर्णमूल्येमादाय क्रयविक्रय स्वाधिनेन क्रयनंविक्रीयत भवति यद्यस्यादैविकराजिकव्याघातपरन तदाघार्णकेण स्वयं

४) परिस्वघनियं अत्र पत्रार्थे दृष्ट साक्षी खपोय मनाछे टोल, प्रभा, तायदेव भारो, दनभारो, मानसिंह दुवाल, एन्द्रसिंह दुवाल भविदेव वंडे सिरमनि कस्त, लक्षेम सिकस्त, मानकस्त लिखिति कायस्ठ कस्त मणि ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः-

यो ने. सं. ७७६ (वि सं. १७१२) असार शुक्ल नवमिको तिथिमा लेखिएको मध्यपुर ठीमीको तमसूक ताडपत्र हो । यस ताडपत्रको लम्बाईमा ४० से. मी. र चौडाईमा ३.५ से. मी. छन् । यसमा गोलो घेरा र घेरा बाहिर बिन्दु बुट्टाहरू भएको सो घेराभित्र 'श्री' अङ्कित माटोको छाप छ ।

यस ताडपत्रमा खेत खरिद गरेको तमसूक पत्रमा दृष्ट साक्षीहरूमा तायदेव भारो दन भारो, मानसिंह दुवाल, एन्द्रसिंह दुवाल, भविदेव वंडे सिरमनि कस्त लक्षेमनि कस्त बसेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८२७

बट्टा नं. ३८ पत्र नं. ५६४

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८२७ भाद्रपद कृष्ण ।। अष्टम्यान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लक पश्चिमत ।। वंध्वाका महापार चाकल यन्ता गृह अमात्त राजा-
राम भारोस नाम्ना सकासात ।। यितिलङ ननि वन्तागृह नापित····दुती मयि
भरिस नाम्नेण शुक्रीयं स्वभुज्यमानिक ।। प्वंदोल क्षेत्रनाम प्रदेशे ।। श्री ३ व
२) न्तातेर सदक पूजा ग्थिया क्षेत्र शिमाया पश्चिमत ।। मार्ग्गेण उत्तरत ।। घल
शीमाया पूर्व्वत, दक्षिणतश्च ।। एतताध्यता क्षेत्र द्वयो रोपनिकं रोवाङ्क रोवो
नसि २ पूर्वदिश खाक जव नसि २ तेवद्यानं वृर्व्व छदोल क्षेत्र साद्रमेक रोपनिक
रोवछित्या १ × एते स्व०····सकर्ष स्मपरिभोग्य जथानग्रका
३) र प्रवत्तमानस्तथा सन्चाराधेण यथोचित्मूल्यमादाय क्रिबिक्री स्वाधिन तेनानिवृ-
त्तकं न्यायणक्रेण विक्रेत्वँ भवति ।। जदिस्याद्देवीक राजिक विना ताक्षेत्रया संकट
व्यावाद्वाकार तदाधार्णकेण परिस्वधनियं अत्रपत्रार्थ साक्षि धार्णक पुरुष नालिह
क्रमि दृष्ट ।। ताक्षेत्रया सर्व्वस्वधान पाचु जुरो ।। शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो पत्र ने. सं. ८२७ (वि. सं. १७६३) भाद्र कृष्ण अष्टमीका दिन लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाई ५२ से. मी. र चौडाई ३½ से. मी. छन् । यसमा माटाको शीलछाप छ । शीलछापको बीचमा 'श्री' अङ्कित अक्षर र यस अक्षर बाहिर घेरा र घेरा बाहिर बिन्दु बुट्टाहरू देखिन्छन् । यस पत्रमा खेत बिक्री गरेको व्यहोरा उल्लेख छ ।

ने. सं. ८५३

पत्र नं. ५६६

बट्टा नं. ३८

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत ८५३ वैशाख कृष्ण ।। द्वादश्यान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लात्पूर्व्वस्ठ दथलाछलं येता गृह भाजुदेव भारोस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ।। नोग्ल गौरीनिह्म ननि येता गृह अमात्य विष्णुदास भारोस नाम्ना सकासात ।। भुजिद्ववातिका नाम प्रदेशे ।। गुथिया सीमाया ष्पश्चि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) मः श्री राज्ञा सीमायादूत्तरतः भुंजिद्व सीमाया पूर्व्वतः हरिसिंहया सीमाया दक्षिणतः एटत्मध्ये तद्वातिका पंचकर्षाङ्क कर्ष ङा ५ तद्वातिका यथा नगरकाल प्रवर्त्तमानस्तथा संचारार्घेण यथोचितमूल्यमादाय क्रयविक्रय स्वाधिनत्वंकृत्वा दैविकराजिकं विना यदि संकटवाद वि

३) वादिक स्यात्तदाधार्णकेण परिसोधनीयं, अत्र पत्रार्थे साक्षि धार्णकस्य पिता चन्द्र शेषर दास भारो दृष्टः ।। श्रीपन सर्व्व सोधान पाचकं घुंगो जुरो ।। शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८५३ (वि. सं १७८९) बैशाख कृष्ण द्वादसिका दिन लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाईमा ५६ से. मी. र चौडाईमा ३५ से. मी. छन् । यसमा माटोको शीलछाप छ । छापमा 'श्री' अङ्कित अक्षर वाहिर घेरा र घेरा वाहिर बिन्दु बुट्टाहरू छन् । यस पत्रमा वारी खरिद गरेको व्यहोरा उल्लेख छ ।

ने. सं. ८४५

बट्टा नं. ३८ पत्र नं. ५६७

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत ८४५ पौष शुक्ल ।। एकादश्यान्तिथौ ।। श्री ललितब्रह्मायां स श्री माणिग्लके दक्षिणत ।। महापाल चाकल यन्ता गृह अमात्ते महादेव्य भारो भ्रातृ सहस नाम्ना सकासात ।। चाकवाहार नक वाहारल वन्ता गृह अमात्ते लक्ष्मीनारायण भारोस नाम्नेण शुक्ल

२) स्य स्वभुज्येमानिकं तुंथिलङ्ह ननि यौतागृह पातार नाम प्रदेशे ।। गृहाङ्गे-णस्य पश्चिमत ।। सिद्धिराम शुवाल भारोस शिमाया उत्तरत ।। मार्ग्गेण पुर्व्वत भाचा भारो फुकिजया शिमाया दक्षिणतश्च ।। एतत्मध्य ननिमार्ग्गेण पश्चिम पुर्व्वत ।। तागृहद्वयो खाकखा नसि २ दातलखा छि

३) १ सकर्षक स्मपरिभोग्य ।। तथा नग्रकाल प्रवत्तमानस्तथा सञ्चारार्घेण यथो-चितमूल्यमादाय क्रिविक्री स्वाधिने तेनानिवृत्तक न्याणक्रेण विक्रेत्व भवति ।। जदिस्याद्देवीकराछिक विनात्ता गृहया संकट व्याद्वाकाल तदाधार्णकेण परिस्वध-नियं अत्र पत्रार्थ साक्षि धार्णपितृ नर

४) हरिलन दृष्ट । तदभुयाभर्ण पाचु शुभ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८४५ (वि. सं. .....) पौष शुक्ल एकादसिको दिन लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाईमा ४७ से. मी. र चौडाईमा ३.५ से. मी. छन् । यसमा 'श्री' अङ्कित माटोको शीलछाप छ । 'श्री' अक्षर वाहिर घेरा र घेरावाहिर बिन्दु बुट्टाहरू छन् । यस पत्रमा पाताल जग्गा विक्री गरेको उल्लेख छ ।

ने. सं. ६५५

बट्टा नं. ३९ पत्र नं. ५७१

मूलपाठ:–

१) श्रेयोस्तु ।। सम्वत ६५५ चैत्र कृष्ण अमावास्यातिथौ ।। श्री ललितब्रुमायां ।। श्री मानीगलके: पूर्वस्ठ ।। श्री वंथ वाहागल विछें गृहदिवाशिनो जितेजकस्य नाम्ना सकासात ।। तत्रेवस्छ श्री वंविलघु न्होलछें गृह यहीरीया नाम्ने स्वकीय स्वभुज्य मानिकं ।। वाहारयतोख्वात क्षेत्र नाम प्रदेशे: श्री यिति धाछें वाहारन त्रकारङ्गताजया क्षेत्र सिमायां पश्चिमत: मार्गशिमाया उत्तरत, श्री येताया क्षेत्र शिमाया पू

२) ब्वंत: षपिणिछे हृदययां क्षेत्र शिमाय दक्षित: एतेषामद्वे ।। तृय रोपणिकं जत् क्षेत्र रोवाङ्क रोव मोण्डि स्वं ३ थ्वते धार्णस्वादिकारण अर्द्ध भाग जुरो ताक्षेत्र शक्रुषकपरिभोज्ञं ।। जथा नगरकाल प्रवत्तमाणसञ्चारार्घेण जथोश्वितमूल्य-मादायक्विविक्री स्वादिनेन त्वेनानिवृत्तकं न्यायनक्रेणविक्रीयतं भवति ।। जदि संकट देविकराजिक विनासघव्वं व्यावादकाले तदा धार्णकेण परिस्वधनियं

३) अत्र पत्रार्थे दृषकरणाय साक्षि धार्ण स्वभाते मगसिंहया मेक ।। शुभ ।। भाषा ताक्षेत्रया पुव्वंत तलपति मदकालन चोनश्रोन मकाया थ्व तलपति वुछिया श्री श्री राजक्षल श्री पात्रक्षलादि धाम्हु स्वहस्त परहस्तर्ज्ञे लूरसनो अकर्ण जुरो ।। जदिलकाले थ्व वछिया धार्णकसन लिषिद यंव्व माल्व जुरो । क्षपण दकोव् शर्ब्वस्वधाण पोलन घुंगो जुरो; शुभ ।।

मूलपत्रको परिचय र सारांश:–

भूंजिमोलमा लिपिमा लेखिएको यस ताडपत्र ने. सं. ६५५ (वि. सं. १५९०) चैत्र कृष्णमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाईमा ७१ से. मी. र चौडाईमा ४ से. मी. छन् । यस पत्रमा ३ रोपनी खेतको आधा भागमात्र विक्री गरेको कुरा उल्लेख छ । यस ताडपत्रमा 'श्री' अङ्कित शीलछाप पनि छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ६७२

बंट्टा नं. ३९ पत्र नं. ५७२

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्बत ६७२ पौष शुक्ल चतुर्थ्यायांतिथौ । श्री ललितब्रुमायां श्री मानिग्लके उत्रविहारे श्री न्हेलविहार प्रधानाङ पोत्र श्री मेलजु वर्मनस भ्राता पुत्र श्री जिवजु वर्मनस श्री कृष्णमल वर्मनस श्री देवसिंह वर्मनस स्वग्वत्र प्रधानाङ पोत्र श्री हर्षसिंह वर्मनस श्री जयरखसिंह वर्मनस श्री पुलचो विजयसिंह भारोस एते समूहस नाम्नेन पशादार्थेन स्वकियं स्वभुज्य मानिकं श्री व्वहार पंक्षलिवहार गृह ।। शुन भा

२) रोश नाम्ना सकासात तोपो ख्येलं क्षेत्र नाम प्रदेशे: श्री वाहारया क्षेत्र शिमायां पश्चिमत ।। पूर्व्वतश्च ।। मुथिया क्षेत्रन उत्तरत ।। शयव वाहारया क्षेत्रशिमवो घरशिमावो द्वयोन दक्षिनत ।। एतेषां मध्ये ताक्षेत्र त्रयो रोपनिकँ जतक्षेत्र रोवाङ्ग रोवमोण्डि स्व ३ एते ताक्षेत्र सक्कसकँ समपरिभोज्ञ जथानग्रकाल प्रवत्त मान संचारार्घेन जथोचितमूलेमादाय क्रिबिक्री स्वादिनेन तेनानिवृत्तकँ न्यायन क्रिनविक्रेयम्भवति जदि

३) स्यात दैबिकराजिक बिना ताक्षेत्र संकट्व्यावादकाले धार्ण पोत्रसन सोध कंवरेवंजुयमाल्वः अत्र पत्रार्थे साक्षि ।। तत्रे वपुलचो जिवराज भारो श्री दुथोयोतावहार यशुमारो षारचोछे कित्तिसिंह भारो एते त्रय दृष्ट ।। शुभ ।। भाषा साजि जिवराज भारोया वोन.....क्रिन बिस्यं घुं वो क्रिघ्न द्वाकों सर्व्व शोधान घुंग्व जुरो भाषा तलपति मदो घारङान मकाया गेलुलसनों अकर्ण्णलुकाले धार्ण्णसेन लिषिज माल्व जुरो

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ६७२ (वि.सं. १६०७) पौष शुक्ल चतुर्थिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । लम्बाईमा ७४ से. मी. र चौडाईमा ५ से. मी. भएको यस ताडपत्रमा बिन्दु बुट्टाहरू भएको घेरा भित्र 'श्री' अङ्कित अक्षर भएको माटोको शीलछाप छ । भुजिमोल लिपिमा लेखिएको यस ताडपत्र तमसूक खेत बिक्री सम्बन्धीको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ६७१

बट्टा नं· ३९

पत्र नं. ५७३

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ६७१ श्रावण कृष्ण नवंम्यायांतिथौ ।। श्री ललितब्रुमायां श्री मानिग्लके उत्तरतो ।। पश्ल छें गृह ।। जगताज भारो स्वग्वत्र कितराज भारो अमृतराज भारो लषिमराज भारो एते समूहस नाम्नेन स्वकियं स्वभुज्यमानिकं श्री नकविहारि तोलके श्री अतवहारगृह ।। रावत्त रथन सिंह भारोया नाम्ना सकासात भूनाडचोक्षेत्र नामशिः धार्णकसक्षेत्र शिमायां पश्चि

२) मत ।। श्री क्वमति विहारिया क्षेत्र शिमायां उत्तरत ।। शयत्र धार्णकस प्रपाठ सिमायां पुर्व्वत ।। ···· ···· दक्षिणत ।। एतेषां मध्ये ताक्षेत्र द्वादश रोपनिकं जत-क्षेत्र रोवाङ्ग रोवमोण्डि मूल नसि १२ थ्वतेबुस धार्ण स्वादिकार अर्द्ध भाग जुक्वस क्रयकसमपरिभोज्ञ जथानग्रकाल प्रवत्तमानस चोरोर्पेन जथोश्चित मूले-मादाय क्रिबिक्री

३) स्वादिनेनतेना निवृत्तकं न्यायन क्रिनबिक्रीयतम्भवति जदिस्यातदैविक राजिक विनातावछि जुको क्षेत्र संकट्व्यावादकाले तेणधार्णकेन परिशोधनियं अत्र पत्रार्थे साक्षि ।। श्री यितिल्हङे श्री प्याकजुसमेक दृष्ट ।। शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं· ६७१ (वि. सं· १६०७) श्रावण कृष्ण नवमिमा लेखिएको ललित-पुरको तमसूक ताडपत्र हो । ७४ से. मी· लम्बाई र ४ से. मी· चौडाई भएको यस ताडपत्रमा छाप झरिसकेको बुझिन्छ । भुजिमोल लिपिमा लेखिएको यस ताडपत्रमा खेत बिक्री गरेको व्यहोरा उल्लेख छ ।

ने. सं. ७८८

पत्र नं· ५७६

बट्टा नं. ३९

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत ७८८ पौष कृष्ण ।। अष्टम्यान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लके पश्चिमस्छ तुथिलंङ ननि यौतागृह रामकृष्ण भारो भ्रात्ये सहस नाम्नां सकाशात षोषनातव देश नामकष्ठाङ येतागृह वुराज भावोया नाम्ना स्वकीयंस्वभुज्यमानिकं

२) वं विक्षत्र नाम प्रदेशे हाकुदेवया क्षेत्रन पश्चिमत ।। मारसिंहया क्षेत्रन उत्तरत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नकपश्चल अमात्य संजवदेया क्षेत्रन पूर्व्वत ।। ग्वलायचोया क्षेत्रन दक्षिणत ।। एतत्मध्ये ताक्षेत्र सार्द्ध सह मेवो रोपनिक रोवाङ्क रोवछि १ पयि नसि २ एते क्षेत्र शकर्षकं समप

३) रिभोज्ञं यथानगरकार प्रवर्त्तमानस्तथासंचारार्धेन यथोचित्मूल्यंमादाय क्रिविक्री स्वाधिनेनतेना निबर्त्तक न्यायेनक्रेण विक्रीयतम्भवति यदिश्याद्दैविक राजिक विनाताक्षेत्रस संकट्व्यावादकार तदाघाणंकेन परिशोधनियं अत्रपत्रार्थे साक्षी भ्रा

४) ता वेखाभाबो दृष्टः । क्रीपन सर्व्वसोधान पाचकं धुंग्व जुरो ।। भाषा नारपति छे खण्डया छपुन चोङस मकाया मारङा मकेने मार ।। शुभ ।।

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ७८८ (वि.सं. १७२३) पौष कृष्ण अष्टमिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । ४४ से. मी. लम्बाई र ३ से.मी. चौडाइ भएको यस ताडपत्रमा 'श्री' अङ्कित माटोको शीलछाप छ । यो खेत विक्री सम्बन्धीको तमसूक ताडपत्र हो ।

ने. सं. ८२६

बट्टा नं. ३९

पत्र नं. ५७९

मूलपाठः–

१) ? स्वस्ति ।। श्री माणीग्लाधिपति माहाराजाधिराज श्री श्री लोकप्रकाश मल्ल देव प्रभुठाकुरसन, वंध्वाखा माहापात्र नोकलं यतागृह निवासी ग्राहक अमात्य राजाराम भारो नाम्ने प्रसादीकृतं लप्तेपाक्व द्यग्ल खोसि वातिका नाम प्रदेशे श्री श्री राजया वातिका सिमाया पश्चिमतः उत्तरतः पूर्व्वतः द०..... ,

२) एतत्मध्ये तद्वातिका मेकशयक्रर्षाङ्क क्रर्ष श्लछि १०० खोयिताथि तान जुरो, पुनश्चलवो सक्वतेखोसि वातिका पञ्च शक्रर्षाङ्क क्रर्षङय ५० पुन ङखोया पाखं वातिका साद्धाधिक मेक क्रर्षाङ्क क्रर्षछित्या १×पुन स्वंग्ल द्वं वातिका मेक कर्षाङ्क कर्ष छि १ यथा चतुराघेतेने परिवेष्ठित एते वातिक यथानगरका.....

३) मानेन सूवर्ण पुष्प मालार्घ प्रदोकृत मोहर टंका षुश्लचो पीयन्हस मोहर वो ६४७ आदाय स्वाधिनावर्त्तकं न्यायन क्रीविक्रीण प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षि श्री इन्द्रमल्ल ठाकुरजुस सम्वत ८२६ श्रावणशुक्ल त्रयोदश्यान्तिथौ। श्री राजदैवज्ञ कीर्तिराजन लिखितं ।। थ्व नेखण्ड बुया भ ... .

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८२६ (वि.सं. १७६२) श्रावण शुक्ल त्रयोदशीमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाई ६० से. मी. र चौडाई ३.५ छन् । यसमा माटोको छापका सानो टुक्रा मात्र बाँकी देखिन्छ अरू झरिसकेका छन् । यस पत्रमा श्रीमाणिग्लाधिपति माहाराजाधिराज श्री श्री लोकप्रकाश मल्ल देव भन्ने जनाइएको छ । यसमा दृष्ट साक्षी श्री इन्द्रमल्ल ठाकुरजु लेखेको पनि उल्लेखनीय छ ।

ने. सं. ८५१

बट्टा नं. ३९ पत्र नं. ५८०

मूलपाठः–

१) श्रेयोस्तु ।। सम्वत् ८५१ माघ कृष्ण ।। चतुर्दश्यान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणिग्लात्पश्चिमस्ठः ।। माहापार चाकल यन्तागृह अमात्य माहादेव भारो भ्रातृ भ्रातृ पुत्र सहम नाम्ना सकासात् ।। ध्वाचवाहारलं यन्तागृह श्यामभण्डरि भारोस नाम्नः स्वकीय स्व

२) भुज्यमानिकं ।। ल्वहोकोट खान्हसलषू क्षेत्र नाम प्रदेशे ।। धलसीमायां पश्चिमतः । सतुग्ल, ग्वमिसिह भारोस क्षेत्रा दुत्तरतः । ल्वहोकोट खागणपति भारोस क्षेत्रात्पूर्व्वतः । गुथिया क्षेत्राद्दक्षिणतः ।। एतेषाम्मध्ये तत्क्षेत्र सार्द्धाधिक द्वयो रोवो पनी

३) कं रोवाङ्क रोवो नसि २ जवनसि २ थ्वतेस धार्णक स्वाधिकारण अर्द्ध भाग जुक्व जुरो ।। तत्क्षेत्रयथानगरकारप्रवर्त्तमानस्तथा संचारार्घेणयथोचित मूल्य मादायक्रयविक्रय स्वाधिनेनतेनानिवृत्तकन्यायेनक्रयेन विक्रयत्वं भवति

४) यदिस्याद्देविकराजिकविना तद्भाग क्षेत्रया शकटविवादकाले तदाधार्णकेन परिशोधनीयं ।। अत्र पत्रार्थे साक्षी धार्णकस्य स्वगोत्र भ्राता पुत्र लक्ष्मी नारायण भण्डरि भारो दृष्टः ।। तल्..... पाचू ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८५१ (वि.सं. १७८६) माघकृष्ण चतुर्थीमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो । यसको लम्बाईमा ४२ से. मी. र चौडाई ३ से. मी. छन् । यसमा माटोको छापमा 'श्री' अङ्कित अक्षर छन् । जस बाहिर घेरा र घेरा बाहिर बिन्दु बुट्टाहरू देखिन्छन् । खेत खरिद बिक्री गरिएको उल्लेख यस पत्रमा धारणक स्वगोत्र भ्राता पुत्र लक्ष्मी नारायण भण्डरि भारो दृष्ट साक्षी बसेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८४१

बट्टा नं. ३९ पत्र नं. ५८१

मूलपाठ :–

१) श्रेयोस्तु ।। सम्बत् ८४१ वैशाष शुक्ल ।। पूर्णिमास्यान्तिथौ ।। श्री ललितव्रु-मायां श्री मानीग्लात्पश्चिमस्ठ ।। माहापाल वंध्वाखा चाल्ह यन्तागृह अमात्ते राजाराम भारोस नाम्ना सकासात ।। कान्तिपुरी ेश वंतुत्वाल बोहोल सिको लं यौतागृह धर्म्मसिंह भावोस नाम्नेन स्वकीयं स्वभुज्य मानिकं ।। च्याकांल क्षेत्र नाम प्रदेशे ।। श्री श्री राजया क्षेत्र शिमाया पश्चिमतः ।।

२) मार्ग्ग शिमाया उत्तरत, धार्णकस फुकिज पां देव भाबोस क्षेत्रण पुर्ब्वत, श्री २ राजया वो अतकी बाहाल शिवहरि भारो द्वयो शिमाया दक्षिणत ।। एतन्मध्य-तत्क्षेत्र पञ्च रोपनीकं रोव ङा ५ भूयद्वंडोल क्षेत्र मेक रोपनीकं रोवछि १ यथा चतुराघातेन परिवेष्ठितं ।। एतत्क्षेत्र सकर्षम सपरिभोग्यं यथानग्लकाल प्रवर्त्तमानस्तथा सञ्चरार्घेण यथोश्चित्मूल्यमादाय क्रेविक्रेस्वाधिनेन तेना

३) निवर्त्तक न्यायेणक्रिण बिक्रीत्वं भवति यदिस्याद्देविक राजिकं विनाएत्क्षेत्र निखण्डया सङ्कटविवाद काले तदाधार्णकेण परिशोधनीयं अत्र पत्रार्थे साक्षि धार्णकण पितृव्य चिकुति भावो दृष्ट ।। पुनभाखा पुर्व्वतलपत्र ङाखण्डवुया छपु पतिन चोंगोस पिकाया मदु मालनासेन धार्णकस्यँ पिविस्यँ केन्य माल जुरो ।। एतत्क्षेत्रया क्रीप्न पुरण धुंग्व जुरो ।। शुभं ।।

मूलपत्रको परिचय र सारांशः–

